# मलेखु रिचोकटार क्षेत्रका त्रिपाठी समाजको
# यज्ञोपवीत धारण परम्परा

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत**

**शोधपत्र**


**शोधार्थी :**

सुमीत सिल्वाल

त्रि.वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, कीर्तिपुर

रोल नम्बर : ०४/०७५

त्रि.वि.दर्ता नं : ७-१-२२-१००८-२०००



२०७९

## सिफारिस पत्र

शोधार्थी सुमीत सिल्वालद्वारा स्नातकोत्तर तहको उपाधि प्राप्तिका निमित्त **'मलेखु रिचोकटार क्षेत्रका त्रिपाठी समाजको यज्ञोपवीत धारण परम्परा'** शीर्षकमा प्रस्तुत शोधप्रबन्ध मेरो सुपरीवेक्षणमा पूरा गरिएको हो । यस शोधप्रबन्ध सामवेदी गौतमगोत्री त्रिपाठी समुदायको यज्ञोपवीत संस्कार परम्पराको बारेमा सूक्ष्म विश्लेषण गरी सम्पन्न गरिएको छ । शोधकर्ताले गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । स्नातकोत्तरस्तरीय शोधका दृष्टिले यो शोधप्रबन्ध स्वीकार्य देखिएकाले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

........................................

**उपप्रा.डा. निर्मला पोखरेल**

**शोधनिर्देशक**

मिति : २०७९/६/२२

## प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि **'मलेखु रिचोकटार क्षेत्रका त्रिपाठी समाजको यज्ञोपवीत धारण परम्परा'** शीर्षकको शोधप्रबन्ध उपप्रा.डा. निर्मला पोखरेलको शोध निर्देशनमा तयार पारिएको हो। यो शोधप्रबन्ध मेरो मौलिक लेखन भएको र कुनैपनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु।

मिति : २०७९ असोज २२

....................

**सुमीत सिल्वाल**

**शोधार्थी**

## कृतज्ञता ज्ञापन

**'मलेखु रिचोकटार क्षेत्रका त्रिपाठी समाजको यज्ञोपवीत धारण परम्परा'** शीर्षकको यो शोधपत्र त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत स्नातकोत्तर तहमा संस्कृति विषयको उपाधि प्राप्तिका लागि नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत गरिएको हो। यस शोधमा यज्ञोपवीत धारण, यसको महत्व एवं मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण सम्बन्धी विषयको अनुसन्धान प्रस्तुत गरिएको छ।

यस शोधपत्र सम्पन्न गर्ने क्रममा सुरुदेखि नै हौसला र सहयोग गर्नुहुने नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडा लगायत सम्पूर्ण प्राध्यापक, सहप्राध्यापक एवं उपप्राध्यापकहरूमा म विशेष धन्यवाद ज्ञापन गर्दछु। यस शोधपत्र तयारीको क्रममा हरेक बुँदा र अध्यायलाई अनुसन्धान गरी आवश्यक सल्लाह सुझाव दिनुहुने शोध निर्देशक उपप्राध्यापक डा. निर्मला पोखरेलप्रति विशेष आभार व्यक्त गर्दछु। साथै, मेरो यो कार्यक्षेत्रसँग सान्दर्भिक विषयमा सल्लाह, सुझाव र परामर्श दिनुहुने प्रा.डा. मदनकुमार रिमाल र शोधसिद्धान्त लगायत विषयमा परामर्श दिनुहुने सहप्राध्यापक डा. महेशकुमार आचार्यप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु। शोध कार्यको प्रारम्भमा विषय छनोटदेखि शोधको स्वीकृतिसम्म प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा अध्यापनरत रहनुभएकी सहप्रा.डा. सन्ध्या खनाल, सहप्रा.डा. पुनम राज्यलक्ष्मी राणा, उप.प्रा.डा. पशुपति न्यौपाने, उपप्रा.डा. टिना मानन्धर, उपप्रा. अभिजित थापाप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

शोधको क्रममा तथ्यांक संकलनमा सहयोग गर्नुहुने त्रिपाठी राष्ट्रिय प्रतिष्ठान नेपालका पूर्व एवं हालका संरक्षक एवं कार्यसमितिका पदाधिकारीहरू, तथ्यांक संकलन र विश्लेषणमा आवश्यक सुझाव र सल्लाह दिने मेरा सहपाठी साथीहरू आदिलाई पनि एकमुष्ठ धन्यवाद दिन चाहन्छु। साथै, यस शोधपत्रमा देखिएका कमीकमजोरी सुधार्दै शोधपत्रलाई अझ खँदिलो बनाउन विशेष भूमिका निर्वाह गर्ने आन्तरिक मूल्यांकनकर्ता उप प्रा.डा. पशुपति न्यौपाने एवं बाह्यपरीक्षक प्रा.डा. डिल्ली बहादुर ओलीप्रति पनि म विशेष कृतज्ञता व्यक्त

गर्दछु । मेरो शोधमा स्थलगत अनुसन्धानको क्रममा सूचना संकलन, अन्तार्वार्ता, लक्षित समूह छलफल आदि विवरणको लागि प्रत्यक्ष एवं परोक्ष संलग्न हुनुहुने सबैप्रति पनि म कृतज्ञता ज्ञापन गर्दछु । साथै, यस शोधका लागि टाइपिङमा सहयोग गर्ने संस्कृति तथा पुरातत्व अध्ययन केन्द्रका साथीहरू, लेखन कार्यमा सहयोग गर्ने सहपाठी मित्र रामकुमार राई लगायत केन्द्रीय विभागका सबै कर्मचारी र मेरा सहपाठी लगायत यस शोधका लागि सम्बन्धित सबैप्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा, मलाई अनुसन्धान अध्यापनमा सधैंभरि उत्प्रेरणा दिइरहनुहुने पूजनीय पिता बसन्तराज सिलवाल, माता अमृता सिलवालप्रति म अनुगृहित छु । यस शोध कार्यका लागि सधैंभरि सहयोग र उत्प्रेरणा दिने धर्मपत्नी श्रीमती अनुषा अर्याल, छोरी सुप्रिया सिलवाल लगायत प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण र संस्कृति तथा पुरातत्व अनुसन्धान केन्द्रका पदाधिकारीप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

मिति : २०७९ साल असोज २२ गते

शोधार्थी

सुमीत सिल्वाल

# शोधसार

प्रस्तुत शोध धादिङ जिल्लाको मलेखु रिचोकटार क्षेत्रका त्रिपाठी, उक्त समुदायले मान्ने यज्ञोपवीत धारण परम्परासँग सम्बन्धित छ । धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिकाको वडा नं ३ मा पर्ने मलेखु रिचोकटार क्षेत्रमा बसोबास गर्ने त्रिपाठी समुदायको यज्ञोपवीत परम्परा अन्यत्रका हिन्दुहरूले मान्ने यज्ञोपवीत परम्पराभन्दा भिन्न छ। अरु तागाधारी समुदायले यज्ञोपवीत पूर्णिमाको दिन मनाउने यो संस्कार यहाँका त्रिपाठीहरूले भने ऋषि पञ्चमीको दिन मनाउने गर्दछन् । यो आफैंमा विशिष्ट र अनुसन्धान गर्न लायक विषय रहेकोले यसलाई शोधको विषय बनाइएको छ ।

विषयवस्तुका दृष्टिले यस शोधपत्र मलेखु रिचोकटार क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्पराको खोजी र परिवर्तित रूपमा केन्द्रित छ । यस अनुसन्धानका लागि प्राथमिक र द्वितीयक दुवै किसिमका तथ्यांकहरू संकलन गरिएको छ। जसमा प्राथमिक तथ्यांक अन्तर्गत अवलोकन, सामूहिक छलफल, अन्तर्वार्ता र फोटोग्राफीको विधि प्रयोग गरिएको छ । द्वितीयक तथ्यांक संकलनका लागि पूर्वकार्य समीक्षाबाट संकलन गरिएको छ । प्रस्तुत शोध तयार पार्ने क्रममा आधुनिक अनुसन्धान विधिको पूर्णतः पालना गरिएको छ । यो शोध गुणात्मक प्रकृतिको छ भने यसको शैली विश्लेषणात्मक, वर्णात्मक र अन्वेषणात्मक खालको छ ।

उद्देश्यमूलक नमुना छनौट विधिमार्फत् तथ्यांक संकलन गरिएको यो शोधमा वर्णनात्मक पद्धतिबाट तथ्यको व्याख्या विश्लेषण गर्नुका साथै स्वानुभाविक विधिको समेत प्रयोग गरिएको छ। शोधको मूल ढाँचा गुणात्मक भएकाले यसको प्रकृति विश्लेषणात्मक छ। शोधको विषयलाई दार्शनिक चिन्तन, सैद्धान्तिक मान्यता, सामाजिक परिवेश आदिले प्रभाव पारेको छ। स्वरुपगत हिसाबमा यो शोधलाई पाँचवटा अध्यायमा विभाजन गरिएको छ। पहिलो अध्यायमा शोध परिचय समेटिएको छ भने दोस्रो अध्यायमा रिचोकटार क्षेत्रका त्रिपाठी समुदायको बारेमा चर्चा गरिएको छ। तेस्रो अध्यायमा उनीहरुको यज्ञोपवीत धारण परम्पराको बारेमा उल्लेख गरिएको छ भने चौथो अध्यायमा उक्त परम्पराको परिवर्तित स्वरुपको बारेमा चर्चा गरिएको छ। अन्तिम अध्यायमा भने शोधको प्राप्ति र निष्कर्ष समेटिएको छ ।

यस शोधमा उक्त क्षेत्रका त्रिपाठी समाजको ऐतिहासिक पक्ष, उनीहरुको संस्कृति, परम्परा र रीतिरिवाजका साथै यज्ञोपवीत परम्परासँग सम्बन्धित जानकारी समेटिएको छ । यो शोधमा चार वेदहरू तथा त्यसपछि विभिन्न कालखण्डमा रचना गरिएका उपवेद, आरण्यक, ब्राह्मण ग्रन्थ, उपनिषद्, स्मृति, पुराण आदि ग्रन्थहरूको आधारमा सामाजिक, धार्मिक तथा सांस्कृतिक कृयाकलापहरूको वर्णन गर्दै ती परम्पराहरुमध्ये यज्ञोपवीत परम्पराको बारेमा चर्चा गरिएको छ । सत्य युगका कल्पजीवी गौतम ऋषिलाई आफ्ना प्रवर्द्धक मान्ने वाग्मती प्रदेश, धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं ३ का त्रिपाठीहरू सामवेदी गौतमगोत्रीय रहेको, सामवेदी गौतम गोत्री त्रिपाठीहरुले भाद्र महिनामा हस्ता नक्षत्रले युक्त भएको दिन ऋषि तर्पणी वा वेदाध्यायन सुरु गर्ने गरेको, गृह्यसूत्रको आधारमा गौतम गोत्री त्रिपाठीहरुको सुबोधिनी पद्धति अन्तर्गत उपाकर्म प्रयोगको सुरुमा तन्त्रभाद्रपद मासिक हस्त नक्षत्र भनेर सामवेदीहरूको उपाकर्म वा वेदाध्यायन तथा ऋषि तर्पणीको समय आधिकारिक रूपले निर्धारण गरिएको जस्ता विषयहरु यो शाधेमा समेटिएको छ ।

# विषय सूची


| | | |
|---|---|---|
| **क.** | **सिफारिस पत्र** | **ख** |
| **ख.** | **शोधप्रवन्धको स्वीकृति** | **ग** |
| **ग.** | **प्रतिबद्धतापत्र** | **घ** |
| **घ.** | **कृतज्ञता** | **ङ** |
| **ङ .** | **शोधसार** | **छ** |
| **च.** | **विषय सूची** | **झ** |


## अध्याय एक

## शोध परिचय (१-१५)


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | शोध परिचय | २ |
| १.३ | समस्याको कथन | ४ |
| १.४ | शोधको उद्देश्य | ५ |
| १.५ | अनुसन्धानको महत्व तथा औचित्य | ५ |
| १.६. | पूर्वकार्य समीक्षा | ६ |
| १.७ | अनुसन्धान विधि | १० |
| | १.७.१. अनुसन्धानको क्षेत्र छनोट | १० |
| | १.७.२. अनुसन्धानको चरण एवं प्रकृया | १० |
| | १.७.३. अनुसन्धानको ढाँचा | ११ |
| | १.७.४. अनुसन्धानको प्रकृति | ११ |
| | १.७.५. अनुसन्धानको दृष्टिकोण | ११ |
| | १.७.६. तथ्यांक सूचनाका प्रकृति र स्रोत | ११ |
| | १.७.६.१. पूर्वकार्य समीक्षा | १२ |
| | १.७.६.२. स्थलगत सर्वेक्षण/अवलोकन | १२ |
| | १.७.६.३. औजार तथा उपकरण | १२ |
| | १.७.६.४. तथ्यांक विश्लेषण र प्रस्तुतीकरण | १२ |
| | १.७.७. अनुसन्धानको सीमा | १३ |
| | १.७.७.१. भौगोलिक सीमा | १३ |
| | १.७.७.२. विषयवस्तुगत सीमा | १३ |

१.८. तथ्यांक संकलन विधि १३

१.८.१. प्राथमिक तथ्यांकको स्रोत १४

१.८.१.१. अवलोकन १४

१.८.१.२. सामूहिक छलफल १४

१.८.१.३. अन्तर्वार्ता १४

१.८.१.४. फोटोग्राफी १५

१.८.२. द्वितीय स्रोत १५

१.९. शोधपत्रको रूपरेखा १५

**अध्याय दुई**

**त्रिपाठी समुदाय (१६-३३)**

२.१. विषय परिचय १६

२.२. मलेखु रिचोकटार क्षेत्रको चिनारी १६

२.३. भारतवर्षमा त्रिपाठी समुदाय १७

२.४. त्रिपाठी समुदायको चिनारी र यसका गोत्र १८

२.५ नेपालका त्रिपाठी समुदाय १९

२.६ मलेखु रिचोकटार क्षेत्रका त्रिपाठी समुदाय २१

२.७ सामवेदी त्रिपाठी समुदाय २२

२.८ सामवेदको बारेमा संक्षिप्त जानकारी २३

२.८.१ सामवेद संहिता २४

२.८.२. सामवेद ब्राह्मण २४

२.८.३. सामवेद आरण्यक २५

२.८.४. सामवेद उपनिषद् २५

२.९. संस्कारको अर्थ र परिचय २५

२.१०. संस्कारको इतिहास २६

२.११. संस्कारको उद्देश्य २७

२.१२. वैदिक साहित्यमा संस्कारको संख्या २७

२.१३ सोह्र संस्कारको संक्षिप्त परिचय २८
२.१३.१ विद्यारम्भ संस्कार २८
२.१३.२. उपनयन संस्कार २९
२.१३.३ वेदारम्भ ३३

## अध्याय तीन

## त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्परा (३४-४८)

३.१. विषय परिचय ३४
३.२ यज्ञोपवीतको अर्थ र परिभाषा, महत्व ३४
३.२.१. धार्मिक महत्व ३७
३.२.२. वैज्ञानिक महत्व ३८
३.३. हिन्दु धर्ममा यज्ञोपवीत धारण परम्परा ३९
३.४. यज्ञोपवीत धारण विधि ४०
३.५. गायत्री मन्त्रको परिचय र अर्थ ४२
३.६. मलेखु रिचोकटार क्षेत्रका त्रिपाठीको यज्ञोपवीत धारण परम्परा ४४
३.६.१. मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण गर्ने परम्परा ४५
३.६.२. मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण विधि ४५
३.६.३. मलेखु क्षेत्रका त्रिपाठी समुदायको संस्कार व्यवस्था ४६
३.६.४. मलेखु क्षेत्रका त्रिपाठी बन्धुवान्धवको कुलदेवता पूजाविधि ४६
३.७. यज्ञोपवीत नवीकरण ४७
३.८. अन्य समुदायमा यज्ञोपवीत धारण परम्परा ४८

## अध्याय चार

## मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्पराको परिवर्तित स्वरूप (४९-५४)

४.१. विषय परिचय ४९
४.२ त्रिपाठी समुदायमा यज्ञोपवीत धारणमा आएको परिवर्तन ४९
४.२.१. शरीरशुद्धी र जनै मन्तर्ने परम्परा ४९
४.२.२. यज्ञोपवीत धारण गरेका त्रिपाठीहरूको खानपान परम्परा ५०

४.३. यज्ञोपवीत सूत्र ५०

४.४. यज्ञोववित धारणको स्थान ५१

४.५. वस्त्र एवं कार्यहरू ५१

४.६. श्रावणी उपकर्म ५२

४.७. अन्य परम्परा ५३

## अध्याय पाँच

**शोध सारांश, प्राप्ति र निष्कर्ष (५५-५८)**

५.१. शोधको सारांश ५५

५.१.१. धादिङ मलेखुका त्रिपाठी समुदाय ५६

५.१.२. ऋषिपञ्चमीमा यज्ञोपवीत धारण ५७

५.१.३. यज्ञोपवीत धारण परम्परामा परिवर्तन ५७

५.२. शोधको प्राप्ति तथा निष्कर्ष ५८

## अनुसूचीहरू

परिशिष्ट एक : स्नातकोत्तर तह उपाधि प्राप्तिका लागि अन्तर्वार्तामा सोधिएका प्रश्नहरुको नमुना ५९

परिशिष्ट दुई : स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि अन्तर्वार्ता लिइएका व्यक्तिहरुको विवरण ६०

परिशिष्ट तीन : चित्र सूची ६१

सन्दर्भ ग्रन्थसूची ६४

# अध्याय एक
# शोध परिचय

## १.१ पृष्ठभूमि

मानवले यस जगतको बारेमा धेरै तथ्यहरू पत्ता लगाइसकेको मान्नेहरूको कमी छैन । यद्यपि यस धर्तीमा मान्छेले खोज गर्ने विषयको कमी छैन । हरेक कार्य गर्नको लागि अनुसन्धानले मार्ग पत्ता लगाउन सहज तुल्याउँछ। अनुसन्धानद्वारा हामीले विगतका जानकारी पत्ता लगाउने मात्र नभई भविष्यमा के कस्ता समस्या आउँदछ ? र त्यस्ता समस्या न्यूनीकरण गर्नका लागि के कस्ता सावधानी अपनाउनुपर्ने हुन्छ भन्नेसम्मको जानकारी अनुसन्धान पश्चात् पत्ता लगाउन सक्दछौं । मानवजातिको विकाससँग मान्छेले आफ्नो आस्था, विश्वास, जाति, वर्ग, भूगोल आदि अनुरूप विभिन्न व्यवस्थाहरूको समेत विकास गर्दै लगेको पाइन्छ । धर्म, देवदेवी, दर्शन, संस्कृति, आदि उनीहरूको विकासक्रमसँगै जीवनयापनका अभिन्न अंग रहँदै आएको छ । भारतीय उपमहाद्वीपमा आदिम कालदेखि बसोबास गर्दै आएका मानव जातिहरूले पनि आफ्नो विश्वास, आस्थासँगै विभिन्न व्यवस्था, संस्कारहरूको समेत विकास गर्दै त्यस्ता संस्कृति एवं पद्धतिहरूलाई अनुशरण गर्दै ल्याएको पाइन्छ । यिनै धर्म एवं संस्कृति, दर्शनहरूमध्ये समग्र विश्वमानचित्रमै सवैभन्दा पुरानो दर्शन एवं धर्म भारतवर्षमा विकास भएको हिन्दु धर्म एवं दर्शन एक हो भन्न सकिन्छ । जुन आजसम्म पनि यस दर्शनबाट प्रभावित जमात करोडौंमा पाइन्छ । यस दर्शन वैज्ञानिक रूपमा सिन्धु सभ्यताभन्दा पछिको मानिएको छ । यसका दर्शनार्थी एवं धर्मावलम्बीहरू भने लाखौं वर्षदेखि यस धर्मको निरन्तरता रहिआएको मान्दछन् ।

हिन्दु धर्म एवं दर्शन वेदमा आधारित दर्शन हो । यसको आधारमा विभिन्न धार्मिक ग्रन्थहरू समेत प्रकाशित छन् । यस्ता ग्रन्थहरूमा मानवले जन्मनुपूर्वदेखि मृत्युपर्यन्तका कृत्यहरूको व्यवस्था गरेको पाइन्छ । जसलाई हामी हिन्दु संस्कारको नामले चिन्दछौं । हिन्दु धर्म एवं दर्शन अनुसार विभिन्न परम्पराहरू, भिन्नभिन्न संस्कृतिको विकास भइआएको छ । जुन भौगोलिक अवस्था, जाति, भाषा, वातावरणीय एवं पर्यावरणीय प्रभाव आदिले मानवको दैनिकी, उनीहरूको परम्परा एवं संस्कृतिलाई प्रभाव पारेको छ । यिनै भिन्न परम्पराहरूमा हिन्दु सनातन धर्मावलम्बीहरूमध्ये द्विज जातिहरूद्वारा, बनाउने यज्ञोपवीत धारण परम्परामा

समान एवं एकरूपता नपाइएकोले साथै, एकै स्थान, एउटै वर्ण अन्तर्गत नेपालका त्रिपाठी समुदायहरूमध्ये धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं ३ स्थित मलेखु क्षेत्रमा बसोबास गर्दै आएका आम तागाधारी समुदाय जस्तै त्रिपाठी समुदायको यज्ञोपवीत धारण विषयलाई समस्याको कथनको रूपमा प्रस्तुत गर्दै यस शोधपत्र तयार पारिएको छ। आम तागाधारी समुदायभन्दा भिन्न रूपमा मलेखु क्षेत्रका त्रिपाठी समुदायद्वारा मनाइँदै आएको यज्ञोपवीत धारण परम्परा, त्यसको महत्व, उद्देश्य, उनीहरूको संस्कार आदि जानकारी यस शोधपत्रमा समेटिएको छ।

## १.२. शोध परिचय

मानव जाति एवं सभ्यताको विकासक्रमसँगै उसले विकास गरेका भौतिक तथा अभौतिक वा मूर्त तथा अमूर्त जतिपनि सिर्जना छ, त्यो नै संस्कृति हो। जुन जात, विशेष ठाउँ, भौगोलिक अवस्था एवं समाज अनुसार फरक फरक हुन सक्छ। संस्कृति हरेक समुदाय, समाज तथा देशको गहना एवं पहिचान हो। यो भाषा, समाज, भूगोलअनुसार विविध हुन सक्छ। तसर्थ हरेक कुराको प्रभावद्वारा गरिने व्यवहार, त्यससँग अपनाइने चाडवार्ड, रीतिरिवाज, विश्वास, आभूषण, वस्त्र इत्यादि संस्कृति हुन्। जुन पुस्तेनि हस्तान्तरण हुँदै जान्छ। यो जीवन्त रहन्छ र यसले मानव सभ्यतालाई पनि जीवन्त बनाउँछ। जसले गर्दा संस्कृति मानवीय जीवनको पाटो एवं जीवनको मार्गदर्शक हो। यस्ता अनगिन्ती हाम्रा परम्पराहरूमा श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने यज्ञोपवीत धारण हिन्दु समुदायमा वैदिककालदेखिको प्राचीन र महत्वपूर्ण एक परम्परा हो। सोही परम्पराका भेदहरू हिन्दु सनातन धर्मावलम्बीहरूले मनाउँदै आएको यस परम्परामा आम तागाधारीहरूभन्दा फरक मितिमा यज्ञोपवीत धारण गर्ने समुदायको बारेमा हालसम्म अनुसन्धान अनुसन्धान नगरिएको हुनाले यस विषयको अनुसन्धान गर्नु यस शोधको उद्देश्य रहेको छ। जुन हिन्दु सनातन धर्मावलम्बीहरूमध्ये त्रिपाठी समुदायले आम तागाधारी समुदायहरूभन्दा भिन्न समय एवं तिथिमा यज्ञोपवीत धारण परम्परा मनाउने गरेका छन्। यस विषय पूर्ण जानकारीमा नरहेको कारण यस शोधमा उनीहरूद्वारा फरक समयमा मनाइने यज्ञोपवीत धारण परम्पराको अनुसन्धान यस शोधको विषय रहेको छ।

भारतवर्षमा त्रिपाठी समुदायहरू हिन्दु वर्ण अनुसार ब्राह्मण वर्णमा पर्दछन्। हाल भारत तथा नेपालमा उल्लेख्य मात्रामा यी समुदायहरूको बसोबास रहिआएको छ। यिनै

समुदायहरूद्वारा विभिन्न परम्पराहरू, संस्कार आदि व्यवस्था, हिन्दु सनातन धर्म तथा दर्शनमा आधारित छ। यद्यपि यिनीहरूका विभिन्न संस्कृतिहरूमध्ये यज्ञोपवीत धारण परम्परा आम तागाधारी समुदायको भन्दा पृथक रहेको छ। यस पृथक परम्परा रहँदा पनि हालसम्म यस विषयसँग सम्बन्धित शोध, आलेख, किताब आदि नपाइएको र यी समुदायहरूद्वारा किन अन्य हिन्दु सनातन धर्मावलम्बी वा आम तागाधारीभन्दा भिन्न तिथिमा उनीहरूको यज्ञोपवीत धारण परम्परा मनाउने चलन छ भन्ने विषयको आधारमा यस शोध तयार पारिएको छ। यसै विषयलाई समस्याको कथनको रूपमा प्रस्तुत गरी यस शोधलाई तयार पार्दा यसको भौगोलिक सीमा धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं ३ मा अवस्थित मलेखु क्षेत्रमा उल्लेख्य मात्रामा बसोबास गर्दै आइरहेका त्रिपाठी समुदायमा केन्द्रित रहेर यो शोध तयार पारिएको छ। यसकारण मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्परामा फरकपना रहेनरहेको भन्दा बाहेक अरु अनुसन्धान यस शोधमा गरिएको छैन ।

मानव एवं जीवको विकाससँगै उसको आधारभूत आवश्यकताको हिसाबमा पानी एक अभिन्न तत्वको रूपमा पर्छ। जसले गर्दा मानवको विकासक्रमसँगै पानी एवं पानीका स्रोतहरू खोला, नदी आदिसँग उसको अन्योन्याश्रित सम्बन्ध मात्र नभएर हरेक उत्सव, जात्रा, पर्व, धार्मिक आस्था आदिका साथै सांस्कृतिक केन्द्रको रूपमा यस्ता नदीहरू पर्छन् । जुन मानवले देवदेवीहरूको रूपमा पुज्ने यस्ता क्षेत्रहरू पवित्र क्षेत्र देवदेवीको बासस्थान, शरीर शुद्धिगर्ने स्थान, पवित्र स्थल जस्ता क्षेत्रको रूपमा आस्था राख्ने गरेको पाइन्छ। जसले गर्दा यस्ता पवित्र स्थानहरू (नदी एवं नदी किनारहरू) जन्मनुपूर्वदेखि मृत्योपरान्त कालसम्मका लागि पवित्र स्थान एवं शरीर शुद्धी गर्ने क्षेत्रको रूपमा परिचित छ।

भारत वर्षमा विशेष रूपमा हिन्दु ग्रन्थहरूमा यस्ता नदीहरूको महिमा देवदेवीको रूपमा परिचय गरेको यिनीहरूको स्तुति आराधना पूजा एवं त्यस्ता क्षेत्रमा स्नान गरेर मोक्ष प्राप्त हुन्छ भनी वर्णन गरेको पाइन्छ। त्यसैमध्ये हिमालयदेखि हाल भारतको गंगा नदीमा समाहित भएको नेपालका मुख्य नदीहरूमध्ये त्रिशुली नदी पनि एक हो। जुन धार्मिक सामाजिक, ऐतिहासिक, आदि कुरामा नेपालको महत्वपूर्ण नदीहरूमध्येमा पर्छ। जसलाई प्राचीन कालमा 'धर्मावती महेश्वरी' भनिन्थ्यो। यस नदीको उद्‌गम स्थल तिब्बती क्षेत्रमा पर्छ। यद्यपि, हिन्दु ग्रन्थहरूमा समुद्र मन्थनको कथन अनुसार महादेवले विषपान गरेको

कारण उनलाई पीडा भई आफ्नो आयुध (त्रिशुल)द्वारा पानी निकाली शरीर शान्त एवं शुद्ध बनाएको कारण यो त्रिशुली नदीको रूपमा चर्चित छ ।

त्रिशुली नदीको लम्बाइ - ३६२ किलोमिटर

मुहान - तिब्बत

क्षेत्र - ३७०० वर्गकिलोमिटर (पाण्डे, वि.सं.२०४३, पृ.८५)

मलेखु क्षेत्रमा रहेका त्रिपाठी समुदायहरू पनि अन्य हिन्दुधर्मावलम्बीहरू जस्तै नदी तथा नदी किनार पानीका स्रोतहरू, मौक्ष प्राप्तिका लागि एवं शरीर शुद्धीका लागि एक अभिन्न तथा महत्वपूर्ण स्थान मान्दछन् । मलेखु क्षेत्र आफैंमा त्रिशुली नदी टेरेस/बेसिनमा अवस्थित छ । यसकारण पनि यस क्षेत्रका अन्य हिन्दुधर्मावलम्बीहरूरु जस्तै त्यहाँका त्रिपाठी समुदायहरू पनि दैनिकी कृत्य, धार्मिक कृत्य गर्नुपूर्व उक्त त्रिशुली नदी किनारामा गई शरीर शुद्धी पश्चात् त्यस्ता कर्म गर्दछन् । यसै मान्यताका साथ उनीहरूको विशेष पर्व, कुल पूजा, संस्कार, परम्परा आदिमा यस नदीको महिमा रहिआएको छ । अन्य तागाधारीभन्दा यो समुदायको यज्ञोपवीत धारण परम्परा भिन्न तिथिमा रही आएपनि उनीहरूको यस परम्परा भने सदियौंदेखि नै यसै त्रिशुली नदी किनारामा गई शरीर शुद्धी पश्चात् यज्ञोपवीत धारण परम्परालाई सम्पन्न गर्दछन् ।

## १.३ समस्याको कथन

मानव चेतनशील प्राणी हो, जो जिज्ञासु स्वभावका हुन्छन् । यस धर्तीमा जेजति खोज अनुसन्धान भएको छ, त्यो केवल नगन्य मात्रामा भएको छ । अतः मानवद्वारा सिर्जना एवं विकास गरिएका जतिपनि भौतिक अभौतिक सिर्जना छन्, तिनको समेत खोजी गर्नु आवश्यक छ । हरेक समुदाय, जातजाति, समाज, देश, भूगोल अनुसार उनीहरूको रहनसहन परम्परा, संस्कृति, भेषभुषा आदि फरकफरक हुन सक्दछन् । कतिपय यस्ता परम्पराहरू यस्ता परम्पराहरू लोप भइसकेका र कतिपय लोपोन्मुख अवस्थामा समेत रहेको देख्न सकिन्छ । यस्ता संस्कृति एवं परम्पराहरूको खोज एवं अनुसन्धान गरेको खण्डमा हामीले आफ्ना मौलिक संस्कृतिलाई जगर्ना गर्न मद्धत पुग्ने देखिन्छ । यस शोधपत्रमा सोही कुरालाई मध्यनजर गरी हिन्दु सनातन धर्म अन्तर्गतका तागाधारी समुदायमध्येको त्रिपाठी समुदायको यज्ञोपपित धारण परम्परामा आम तागाधारी समुदायको परम्पराभन्दा भिन्न परम्परा रहेकोले यस शोधपत्रमा मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण

परम्पराको खोजी नहुनुलाई यस शोधमा मुख्य समस्याको रूपमा औंल्याइएको छ। यस शोधको समस्या निम्नानुसार छ ।

क. त्रिपाठी समुदायको इतिहासबारे पर्याप्त जानकारी नहुनु ।

ख. त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्पराको बारेमा पर्याप्त खोजी नहुनु ।

ग. त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्परामा आएका परिवर्तित स्वरूपबारे स्पष्ट नहुनु ।

## १.४ शोधको उद्देश्य

यस शोधपत्रको मुख्य उद्देश्य अन्तर्गत यस शोधपत्रमा प्रकाश पारिएको समस्यामा केन्द्रित रहेर ती विषयको खोजी गर्नु रहने छ । आम तागाधारी समुदायहरूमध्ये पनि त्रिपाठी थर हुने बन्धुबान्धवहरूले अन्य तागाधारी समुदायभन्दा फरक तिथि एवं समयमा अपनाउने यज्ञोपवीत धारण परम्पराको विस्तृत खोज गर्नुका साथै उक्त समुदायहरूको यज्ञोपवीत धारण परम्परामा पाइएका परिवर्तित रूपलाई प्रकाशमा ल्याउनु जस्ता विषय यस शोधपत्रको उद्देश्य रहेको छ । यसलाई बुँदागत रूपमा यसरी उल्लेख गरिएको छ ।

क. त्रिपाठी समुदायको इतिहासबारे खोजी गर्नु ।

ख. त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्पराको खोजी गर्नु ।

ग. त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्परामा आएका परिवर्तित स्वरूपलाई स्पष्ट पार्नु ।

## १.५. अनुसन्धानको महत्व तथा औचित्य

त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्परा विषयको अनुसन्धान तथा खोजको निष्कर्षले निम्नानुसारका विषय तथा क्षेत्र समुदायलाई लाभ पुग्नेछ। पूर्वीय दर्शनको मान्यता अन्तर्गत मुक्ति मार्गमा अग्रसर हुनका लागि आम मानवको साथै जीवित प्राणीहरू समेतले मुक्ति एवं मोक्ष प्राप्त गर्नु नै मुख्य उद्देश्य हुने अन्यथा पुनर्जन्म एवं भवचक्रमा पर्ने मान्यता छ । जसमा विशेष रूपमा ज्ञानले त्यस्तो मार्गचित्र तयार पार्ने भनी व्याख्या गरेको पाइन्छ। जसले गर्दा अनुसन्धान विना ज्ञान सम्भव देखिँदैन। यसर्थ हरेक खोज अनुसन्धानले दिने जानकारीहरूको आआफ्नै विशेष महत्व हुन्छ। हरेक विषयवस्तुको

अनुसन्धान, खोजले उक्त विषयवस्तुको महत्व दर्शाउँछ। किनकि उक्त विषयले पार्ने प्रभावको बारेमा सो विषयले मानव समाज एवं सभ्यता लगायत वातावरणीय पर्यावरणीय प्रभावको जानकारी र भावी कार्ययोजनाकालागि मार्गदर्शन गर्दछ। त्यस्तै, उक्त विषयवस्तुको खोज, अनुसन्धानको निष्कर्षको आधारमा हामीले कतिपय लोपोन्मुख विषयलाई जगर्ना गर्नका लागि, नयाँ पुस्ता एवं अनभिज्ञ मानिसका लागि जानकारी प्रदान गर्नका लागि समेत मद्धत गर्दछ। यस शोधपत्रको विषयवस्तु हाम्रा परम्परा, जातीय मूल्यमान्यता एवं संस्कृतिसँग प्रत्यक्ष सम्बन्ध राख्ने शीर्षक भएकोले यस विषयको अनुसन्धानको धार्मिक, ऐतिहासिक, सामाजिक रूपमा मात्र नभई हाम्रो मूल्य मान्यता एवं परम्परालाई निरन्तरता प्रदान गर्न, यस्ता मौलिक परम्परालाई संरक्षण एवं परम्परा सम्बन्धी जिज्ञासु, शोधार्थी, विद्यार्थी, सामाजिक विज्ञान सम्बन्धी शिक्षक शिक्षिकाहरूलाई समेत यस्ता अनुसन्धान एवं खोज सहयोगी स्रोत सामग्री बन्ने छ।

हिन्दु सनातन धर्म, यसका मूल्यमान्यतामा आधारित परम्परा तथा संस्कृतिका बारेमा आम जिज्ञासु, प्राध्यापक, शोधार्थी, विद्यार्थी, शिक्षक, अध्येता लगायत विज्ञहरू आदिका लागि यस अनुसन्धान जानकारीमूलक हुनेछ। हिन्दु धर्मावलम्बीहहरूका विभिन्न संस्कारहरूमध्ये उपनयन संस्कारको बारेमा जानकारी यस संस्कार सम्बन्धी धार्मिक, आध्यात्मिक, सामाजिक महत्व, विभिन्न जाति वर्णहरूमध्ये तागाधारी समूहमा पनि त्रिपाठी थरका बन्धुबान्धवहरूले उक्त परम्परालाई फरक एवं मौलिक रूपमा मनाउनुका धार्मिक मूल्य मान्यता, उक्त फरक परम्पराद्वारा त्रिपाठी समूदायमा परेको सामाजिक प्रभावकोबारेमा यस अनुसन्धानले प्रकाश पार्ने हुनाले यस शीर्षकको अनुसन्धानको महत्व हाम्रो समाजका भिन्न परम्पराको समेत जानकारी प्रदान गर्दछ।

## १.६. पूर्वकार्य समीक्षा

पूर्वसाहित्य समीक्षाको क्रममा शोधार्थीले गरेको अनुसन्धानलाई विभिन्न शीर्षकमा विभाजन गरेर यहाँ उल्लेख गरिएको छ। यस अनुसन्धानको क्रममा वैदिक साहित्य, आधुनिक साहित्य, विभिन्न अनुसन्धान प्रतिवेदन आदिको अनुसन्धान गरिएको छ। वैदिक साहित्यहरूलाई आधारमान्दा परम्परागत गुरुकुलको सञ्चालनको लागि ऋषिहरूको इच्छा भएपछि कुनै पनि शर्त तथा बन्देजको पालना गर्नुपर्ने थिएन। विषयगत समीक्षामा यस विषयमा प्रकाशित पुस्तक, शोधपत्र, अनुसन्धान प्रतिवेदन आदिको अनुसन्धान गरिएको छ।

विषयगत अनुसन्धानको रूपमा अनेक पुस्तक अनुसन्धान गरिएको भएपनि त्यसमध्ये सीमित पुस्तक यहाँ उल्लेख गरिएको छ। बाँकी पुस्तकको विवरण सन्दर्भ ग्रन्थसूचीमा उल्लेख गरिएको छ।

बज्राचार्य, मनबज्र (वि.सं.२०२५) द्वारा लिखित *नेपाली चाडपर्वहरूको विवेचना* नामक पुस्तकमा विभिन्न संस्कार र परम्पराको बारेमा उल्लेख गरिएको छ। यीमध्ये उपनयन संस्कार अन्तर्गत यज्ञोपवीत धारण गर्ने परम्पराको बारेमा चर्चा गरिएको छ। विशेषतः तागाधारी समूहले श्रावण पूर्णिमाका दिन वैदिक विधिअनुसार यज्ञोपवीत फेर्ने वा नवीकरण गर्ने परम्परा वैदिककालदेखि रही आएको कुरा यस पुस्तकमा उल्लेख पाइन्छ। यही (श्रावण पूर्णिमाको) दिन विभिन्न समुदायले रक्षाबन्धन, ऋषि तर्पणी, गाईजात्रा, क्वाँटी खाने, गोसाइँकुण्ड तीर्थ मेला आदि पर्व मनाउने गर्छन्। रक्षाबन्धन बलिराजासँग सम्बन्धित पौराणिक कथामा आधारित परम्परा हो। बौद्ध परम्परामा सोही दिन बुद्धले मारविजय प्राप्त गरेको विश्वास पाइन्छ।

श्रीकृष्ण त्रिपाठी वंशज सेवा समाज नेपाल(वि.सं.२०६१) द्वारा प्रकाशित *श्रीकृष्ण त्रिपाठी वंशावली (गौतम गोत्रीय)* नामक पुस्तकमा न्याय दर्शनका प्रवर्तक न्यायसूत्र गौतम स्मृति, गौतम धर्मसूत्र आदि ग्रन्थहरूको लेखक गौतम ऋषिका गोत्रीय त्रिपाठी वा तिवारी जातिको सामवेदीय गोत्रीय त्रिपाठीका काभ्रेपलाञ्चोकका आद्यपुर्खा श्रीकृष्ण त्रिपाठीलाई आधार मानेर श्रीकृष्ण त्रिपाठीको दश पुर्खासम्मको वंशज विस्थारका सम्बन्ध देखाएर तयार पारिएको यस वंशावली पुस्तकको सामवेदीय ऋषितर्पणीबारे पृष्ठमा सामवेदी दात्यायण खादिर गृह्यसूत्रमा भाद्र महिनामा हस्ता नक्षत्रले युक्त ऋषितर्पणी वा वेदाध्यायन गौतम गोत्रीय त्रिपाठी तिवारी जाति वा समुदायले भाद्र महिनाको हस्ता नक्षत्रमा ऋषितर्पणी यज्ञोपवीत धारण वेदाध्यायन आरम्भ गर्ने शास्त्रीय परम्परा भएको संक्षिप्त चर्चा गरिएको छ।

शर्मा, जनार्दन शरण (वि.सं. २०७३) द्वारा लिखित *ब्रह्मर्षि गौतम र त्रयंवकेश्वरको महिमा* नामक आलेखमा सप्तऋषिहरूमध्येका प्रथम ब्रह्मर्षि गौतमका आचरण अनुशरण गर्नेहरूमध्ये हाल नेपालका गौतम गोत्रीय त्रिपाठी/तिवारी समुदाय भएको उल्लेख गरिएको छ। ब्रह्मर्षि गौतमले बरुण देवसँग वर्षाको वर माग राख्दा द्यौताहरूको सहमतिविना आफूले यस्तो वर दिन असमर्थता जनाएको र ब्रह्मर्षिले तत्काल बर दिन आग्रह गर्दा लोक

कल्याणका लागि उक्त आग्रह स्वीकार गरी गहिरो खाल्डो खन्न लगाएको हाल त्यस ठाउँ वा पानी ब्रह्मर्षि गौतम तीर्थको रूपमा रहेको छ। ब्रह्मर्षि गौतमले दक्षिण भारतमा भगवान शिवकै कृपााबाट बहायकी नदी गौतमीका महिमा स्थापित गराएको अर्कोतिर उनको तपस्याबाट गोमुख आकारमा पुण्यतम त्रयंवकेश्वर, मन्दिर स्थल भएकोले गौतमीको सम्पूर्ण किनार तीर्थको रूपमा रहेको छ। यस्तो अत्यन्तै पवित्र नदी किनारमा प्रत्येक १२ वर्षमा कुम्भमेला लाग्दछ भनी यस पुस्तकमा चर्चा गरिएको छ। गौतम गोत्री त्रिपाठीहरू यस महान ब्रह्मर्षिका अनुयायी वा आचरण पालक रहेको भनी चर्चा गरिएको छ।

त्रिपाठी, लवप्रसाद (वि.सं. २०७३) द्वारा लिखित *गौतम गोत्र, शाखा सूत्र र प्रवर* नामक आलेखमा विष्णुपुराण अन्तर्गत सप्तर्षिमध्येका ब्रह्मर्षि गौतम मिथिला निवासी र अठ्ठाइसौं व्यास गौतम कृपाचार्य भएको भनी उल्लेख गरिएको छ। हिन्दु परम्परामा गोत्र शब्दले कुनै पुरुषको उत्पत्तिदेखि अविरल रूपमा फैलिएको सन्तती वा वंश परम्परालाई जनाउँदछ। आफ्नो परिचय दिँदा गोत्रले मात्र परिचय खुल्दैन। गोत्रसँगै शाखा, सूत्र र प्रवरको पनि ज्ञान हुनु आवश्यक छ। विभिन्न ऋृषिहरूले धर्म संस्कारका विभिन्न उपशाखा वा सूत्रहरू विकास गरेका छन्। यिनै सूत्रको आधारमा सामाजिक, धार्मिक तथा सांस्कृतिक रीतिरिवाज चलाउने चलन छ। विना सूत्र हिन्दु थरमा बेदमा आधारित ब्रतबन्ध वा यज्ञोपवीत धारण, विवाह, मृत्युसंस्कार र पूजा वा स्तुति गरिँदैन। सूत्रहरू गोत्र अनुसार फरकफरक छन्। हिन्दु परम्परामा थरहरू पनि आफ्नो मूल ऋृषिले विकास गरेको कर्मसूत्र अन्तर्गत विभक्त गरेका छन्। हिन्दुहरूमा गोत्र भएजस्तै युरोपेली अमेरिकी, अरबी, अफ्रिकन जातिहरूमा गोत्र प्रणालीसँग मेल खाने क्लान प्रणाली (Clan System) रहेको पाइन्छ। अमेरिकी टेलिभिजनले प्रसारण गरे अनुसार अमेरिकी र युरोपेली निवासीहरूको पुर्खा कहाँबाट कता गएको भन्ने पत्ता लगाउन उक्त जातको पूर्खा गएका देशमा बसाइँसराई भएको अभिलेखबाट पत्ता लगाउने गरेको भनी यस आलेखमा जानकारी पाइन्छ।

पन्थी डा. लक्ष्मीकान्त (वि.सं. २०७४) द्वारा लिखित *हिन्दु संस्कारः परिचय र विमर्श* नामक पुस्तकमा हिन्दु वा वैदिक सनातन धर्म र यस धर्मसम्बद्ध विभिन्न संस्कारहरूको विस्तारलाई चर्चा गरिएको यस पुस्तकमा उपनयन संस्कारलाई अत्यन्तै महत्वका साथ विवेचना गरिएको छ। ब्रतवन्ध मानिने यस संस्कारमा त्रिवर्ण अर्थात् ब्राह्मण क्षेत्री र वैश्य वर्णले द्विजत्व प्राप्त गर्नु अनिवार्य हुने भएकोले यस संस्कारको महत्व ज्यादै रहेको छ।

मानव जीवनमा मातृगर्भमा पहिलो जन्म र गुरुको गर्भमा दोस्रो जन्म वा द्विजन्म हुने मान्यता अनुसार सामाजिक तथा धार्मिक जीवनका लागि ब्रतबन्ध हिन्दु धर्मावलम्बीको लागि अन्य संस्कारहरूभन्दा बढी महत्व बोकेको व्याख्या गरिएको छ। यस संस्कारभित्र सामाजिक प्रतिष्ठा प्राप्त गर्न, द्विजत्व सिद्ध हुन, परमपुरुषार्थ प्राप्त गर्न, विभिन्न दोषहरूबाट मुक्त हुन, जीवतत्वबाट शिवतत्वतिर पुऱ्याउन, तीन ऋणबाट अऋणी हुन आदिका लागि आवश्यक संसार भएको चर्चा गरिएको छ। उपनयन संस्कारमा यज्ञोपवीत धारणा गर्ने, शिखा धारण गर्ने, वेदारम्भ गर्ने, ब्रह्मचार्य पालन गर्ने, तथा यस संस्कार सम्पन्न गर्ने विधिको अर्थ स्वरूप उपयोगिता, महत्व, प्राप्त हुने र आवश्यक सरसामग्रीहरू उपासना र त्यसले प्राप्त गर्ने अधिकार र कर्तव्यहरूको विस्तृत रूपमा उल्लेख छ।

त्रिपाठी, चन्द्रप्रसाद. (विसं. २०७५).द्वारा लिखित सामवेदी गौतमगोत्री त्रिपाठी/ तिवारी, तिवारीको इतिहास वैदिक ग्रन्थ शतपथ ब्राह्मणमा गौतम ऋषि सम्बन्धी विस्तृत विवरण दिइएको छ। जसमा महर्षि गौतम अंगीराजाका वंश भएको, कुरु पाञ्चालका राजकुमार विदेह माधव आफ्ना गोतम रघुगणसहित सदानीरा(गण्डकी नदी) पार गरी पर्वततर्फ लागेको र विदेह राज्य स्थापना गरेको कुरा उल्लेख छ। त्रेता युगमा राजा जनकद्वारा आयोजित यज्ञमा भगवान् श्रीराम सहभागी हुन आउँदा गौतम ऋषिका सन्तति सतानन्द त्यहाँका राजगुरु थिए।

बज्राचार्य, मुनिन्द्ररत्न (वि.सं.२०७६) द्वारा प्रकाशित *नेपाली चाडपर्वहरूको सँगालो* नामक यस पुस्तकमा यज्ञोपवीतमा समेटिने तीनवटा धागोलाई प्रतिकात्मक रूपमा क्रमशः ब्रह्मा, विष्णु र महेश्वरको रूप हुन् भनी चर्चा गरिएको छ। त्यसैगरी ती तीनवटा धागोलाई ज्ञान, उपासना र कर्मका रूपमा पनि लिने कुरा उल्लेख गरिएको छ।

Dahal, K. (2021) द्वारा प्रकाशित  River Culture in Nepal. Nepalese Culture नामक आलेखमा नदी सभ्यता संस्कृतिको बारेमा चर्चा गरिएको छ। जसमा आदिम कालदेखि नदी तथा नदी किनारहरू पवित्र स्थलको रूपमा विकास भएको साथै मानव समुदायको जन्मदेखि मृत्युपर्यन्तका विभिन्न संस्कारहरू यही नदी किनारामा सम्पन्न हुने गरेको उल्लेख छ। मोक्ष प्राप्तिका लागि शरीरको शुद्धीकरण आवश्यक छ र शरीर शुद्ध गराउनको लागि पवित्र नदीहरूको आवश्यकता छ भन्ने कुरा सो आलेखमा महत्वका साथ व्याख्या गरिएको छ।

## १.७. अनुसन्धान विधि

अनुसन्धान विधि भन्नाले कुनै पनि अनुसन्धानलाई वैज्ञानिक ढंगले तार्किक निष्कर्षमा पुऱ्याउने पद्धति हो । वैज्ञानिक सिद्धान्तमा आधारित अनुसन्धान पद्धतिबाट खोज एवं अनुसन्धानको विषय छनोट वा समस्या पहिचान, उद्देश्य निर्धारण, अनुसन्धानको ढाँचा निर्माण, अनुसन्धानको क्षेत्र छनोट, तथ्यांक संकलन, वर्गीकरण र विश्लेषण गरी समयसीमाभित्र प्रतिवेदन उत्पादन र त्यसलाई मद्धत गर्दछ । विभिन्न परम्परा, संस्कृति, धार्मिक, सामाजिक शास्त्रीय, मानवशास्त्रीय आदि विषयको अनुसन्धान अनुसन्धानको मेरुदण्डको रूपमा अनुसन्धान पद्धति रहिआएको छ । यस मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्पराको अनुसन्धान पत्र तयार पार्नको लागि प्राथमिक र द्वितीयक स्रोतहरू प्रयोगमा ल्याइएको छ । तथ्यांक संकलन कार्य गर्दा निम्नविधि अपनाइएको छ ।

### १.७.१ अनुसन्धानको क्षेत्र छनोट

विषयवस्तुका दृष्टिले यस अनुसन्धानको मुख्य क्षेत्र यज्ञोपवीत धारण परम्परा अन्तर्गत वाग्मती प्रदेश धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं ३ मा अवस्थित त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्पराबारे खोजी, प्रकाश पार्नुका साथै हालसम्मका मुख्य परिवर्तित स्वरूपलाई विश्लेषण गर्नु हो । भूगोलका आधारमा भने यो अनुसन्धान सोही क्षेत्रमा केन्द्रित हुने छ ।

### १.७.२ अनुसन्धानको चरण/प्रक्रिया

यस शोध त्रिपाठी थर, त्रिपाठी समुदायको परिचय, यज्ञोपवीत धारणको महत्व, यज्ञोपवीत धारण परम्परामा आएको परिवर्तित स्वरूपमा विश्लेषण गरिएको छ। यस अनुसन्धानको विषयगत समस्या सम्बोधन गर्ने उद्देश्यको दायराभित्र रहेर यो शोध कार्य पूरा गरिएको छ। अनुसन्धानका लागि विषय छनोटदेखि प्रतिवेदन तयारसम्मका विभिन्न चरणहरू प्रयोग गरिएका छन् । जुन यसप्रकार छ ।

### १.७.३ अनुसन्धान ढाँचा

यस शोधमा प्राथमिक तथा द्वितीयक दुवै किसिमका तथ्यांक, डाटा, सूचनाहरू संकलन गरिएका छन् । दुवै स्रोत र सामग्रीहरूको तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । साथै, यस शोधको अनुसन्धान संरचना व्याख्यात्मक तरिकाको छ । गुणात्मक तथ्यहरूको मात्रै विश्लेषण गरी यस शोधपत्र अनुबन्धित गरिएको छ ।

### १.७.४ अनुसन्धानको प्रकृति

यस शोध धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं ३ स्थित मलेखुका त्रिपाठी समुदायले मनाउने विभिन्न परम्पराहरूमध्ये यज्ञोपवीत परम्परामा केन्द्रित रही अनुसन्धान गरिएको छ । उक्त पक्ष हिन्दु सनातन धर्मावलम्बीहरूको प्रमुख परम्पराहरूमा पर्दछ । तसर्थ, प्रस्तुत अनुसन्धानमा संख्यात्मकभन्दा गुणात्मक सूचना एवं तथ्यांक प्रयोग गरिएको छ । अतः यो अनुसन्धान गुणात्मक प्रकृतिको छ ।

### १.७.५ अनुसन्धानको दृष्टिकोण

यो शोधमा त्रिपाठी समुदायको परम्परा अन्तर्गत विषयसँग सम्बन्धित विभिन्न पक्षको विश्लेषण गरिएको छ । त्यसैले यो अनुसन्धान परम्परागत, सांस्कृतिक दृष्टिकोणमा आधारित अनुसन्धान हो ।

### १.७.६ तथ्यांक, सूचनाका प्रकृति तथा स्रोत

अनुसन्धान अनुसन्धानका लागि सम्बन्धित सूचनाहरूका साथै तथ्यांकहरू महत्वपूर्ण मानिन्छ । यस्ता तथ्यहरूको आभावमा अनुसन्धान अनुसन्धान पूर्ण हुन सक्दैन । यस शोधपत्र मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्परालाई विस्तृत अनुसन्धान गर्ने उद्देश्यका साथ सम्पन्न भएको छ । यस अनुसन्धानको लागि निम्न स्रोतहरूको प्रयोग गरिएको छ ।

### १.७.६.१ पूर्वकार्य समीक्षा

यस शोधका लागि आवश्यक पर्ने द्वितीयक स्रोत तथा सामग्रीहरूको संकलन पूर्वकार्य समीक्षाबाट गरिएको छ। विशेषतः हिन्दु सनातन धर्मावलम्बीहरूको संस्कारसम्बन्धी स्रोत, त्रिपाठी राष्ट्रिय प्रतिष्ठनद्वारा प्रकाशित तथा अप्रकाशित स्रोत आदि सामग्रीहरूको विश्लेषण पूर्वकार्य समीक्षामा भएको छ।

### १.७.६.२ स्थलगत सर्वेक्षण/अवलोकन

यस अनुसन्धानका लागि विगतमा मलेखु क्षेत्रका त्रिपाठीहरूले गरेको यज्ञोपवीत धारण परम्परा उनीहरूद्वारा गरिने यज्ञोपवीत नवीकरण स्थल तथा त्यस क्षेत्रहरूको स्थलगत सर्वेक्षणलाई विशेष प्राथमिक तथ्यांक एवं सूचना संकलन गरिएको छ। साथै, यस अनुसन्धानमा प्राथमिकत तथ्यांक, सूचना संकलन गर्ने उद्देश्यले अवलोकन विधि प्रयोग गरिएको छ।

### १.७.६.३ औजार तथा उपकरण

स्थलगत अनुसन्धानको क्रममा कलम, कपी, क्यामेरा, रेकर्डर जस्ता स्रोत साधनको प्रयोग गरिएको छ। शोधको तयारी गर्ने क्रममा, कम्प्युटर, ल्यापटप, फोटोकपी, स्क्यानर लगायत स्टेसनरी एवं मसलन्द सामग्रीको आवश्यक औजार तथा उपकरण समेत प्रयोग भएको छ।

### १.७.६.४. तथ्यांक विश्लेषण र प्रस्तुतीकरण

यस अनुसन्धानमा संकलन गरिएका तथ्यहरू विभिन्न किसिमका विधिहरू प्रयोग गरी प्रशोधन गरिएका छन्। संकलित सूचना एवं तथ्यांकलाई प्रशोधन पश्चात् गुण र विशेषताको आधारमा आवश्यकता अनुसार वर्गीकरण गरिएको छ। वर्गीकरणपछि अनुक्रमानुसार विभिन्न अध्याय, शीर्षक एवं उपशीर्षकमा विभाजन गरी शोधपत्र तयार पारिएको छ। गुणात्मक तथ्यांक एवं सूचनालाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ।

## १.७.७ अनुसन्धानको सीमा

कुनैपनि विषयवस्तुले पार्ने प्रभाव एवं त्यसको अनुसन्धान अनुसन्धानको दायरा व्यापक रहन्छ । तसर्थ हरेक अनुसन्धानमा त्यसको विषयगत तथा भौगोलिक सीमा रहेमा उक्त खोजको अनुसन्धान एवं अनुसन्धान पश्चात आउने निष्कर्षमा समयको बचत एवं आर्थिक पक्षलाई न्यूनीकरण गर्न सकिन्छ । त्रिपाठी समुदायको यज्ञोपवीत धारण सम्बन्धी अनुसन्धान आफैंमा गहिरो र व्यापक अनुसन्धान हो । नेपालमा रहेका अनेक तागाधारी समुदायको संस्कृतिमध्ये विशिष्ट संस्कृतिको रूपमा रहेको त्रिपाठी समुदायको यज्ञोपवीत धारण संस्कारलाई मात्रै यो शोधमा समेटिएको छ । त्यसैले यो शोधको क्रममा शोधार्थीले विषयगत सीमा, यसको उद्देश्यगत सीमा आदिको रूपमा शोधको सीमा तयार पारिएको छ । जसलाई तल चर्चा गरिएको छ ।

### १.७.७.१. भौगोलिक सीमा

यस शोधपत्रको भौगोलिक सीमा धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं ३ को मलेखु क्षेत्रमा बसोबास गर्ने त्रिपाठी समुदायमा केन्द्रित रहेको छ ।

### १.७.७.२. विषयवस्तुगत सीमा

यस अनुसन्धानको विषयगत सीमा अन्तर्गत त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्पराको खोजी गर्नु र उक्त परम्परामा आएको परिवर्तित स्वरूपलाई प्रकाश पार्नुमा मात्र केन्द्रित रहेको छ। यस शोधपत्रको अनुसन्धानले अन्य तागाधारी समुदायले धारण गर्ने यज्ञोपवीतसम्बन्धी विषयलाई समेटेको छैन ।

## १.८. तथ्यांक संकलन विधि

यस अनुसन्धानका लागि प्राथमिक तथा द्वितीय स्रोतको विधि अपनाएको छ । यसको अनुसन्धान संरचना व्याख्यात्मक तरिकाको छ । गुणात्मक तथ्यहरूको मात्रै विश्लेषण गरी यस शोधपत्रको प्रतिवेदन लेखिएको छ ।

### १.८.१. प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत स्थानीयबाट प्राप्त प्रतिक्रिया संकलन गरी यो शोध तयार पारिएको छ । जसमा निम्न विधिहरू अपनाइएको छ ।

#### १.८.१.१. अवलोकन

सूचना संकलनको क्रममा उल्लेखित संस्कारमा सहभागी नभई उक्त परम्परामा अपनाइने विधि, स्थान लगायत त्रिपाठी समाजमा त्यसको आस्था, महत्वका साथै उक्त समयमा बन्धुवान्धवको काम कर्तव्य जस्ता विषयहरु समेतको अवलोकन कार्य यस शोधको शोधार्थीद्वारा सम्पन्न गरिएको छ ।

#### १.८.१.२. सामूहिक छलफल

यस शोध सम्पन्न गर्नका लागि स्रोत एवं सूचना संकलनका लागि विभिन्न विधिहरु अपनाउने क्रममा विषयगत सूचना संकलनका लागि अन्तर्वार्ताबाट अपुग सूचनाहरु संकलनका लागि सामूहिक छलफल गरी विषयसम्बद्ध सूचनाहरु संकलन गरिएको छ । सामूहिक छलफलमा यस शोध विषयसँग जानकार व्यक्तिहरुको समूह बनाई अन्तर्वार्तामा सोधिएका प्रश्नावली, मलेखु रिचोकटार क्षेत्रका त्रिपाठी समुदायका बन्धुवान्धव लगायत उनीहरुको यजमान समेतको उपस्थिति थियो ।

#### १.८.१.३ अन्तर्वार्ता

प्रस्तुत शोध सम्पन्न गर्नको लागि निम्न आधारमा अन्तर्वार्ता गरिएको छ ।

- औपचारिकताको आधारमा : औपचारिक अन्तर्वार्ता
- संख्याको आधारमा : व्यक्तिगत अन्तर्वार्ता
- उद्देश्यको आधारमा : अनुसन्धानमूलक अन्तर्वार्ता
- सम्पर्क समयको आधारमा : छोटो सम्पर्क
- प्रश्नको आधारमा : संरचनागत अन्तर्वार्ता
- माध्यमको आधारमा : प्रत्यक्ष अन्तर्वार्ता

### १.८.१.४. फोटोग्राफी

यस शोधको तथ्यांक संकलन गर्ने क्रममा अवलोकनका साथ उक्त स्थान तथा समयको फोटोग्राफी, समावेश गरी अवलोकनबाट प्राप्त तथ्यांक र उक्त समयको फोटोबाट प्राप्त सूचनाहरुलाई समेत विश्लेषण गरी प्राथमिक स्रोतहरुको वर्गीकरण गरी तथ्य सूचनाहरुलाई यस शोधको कार्यसम्पादनमा समावेश गरिएको छ ।

### १.८.२ द्वितीय स्रोत

यो शोधपत्रको लागि प्रकाशित किताबहरू, विभिन्न पत्रपत्रिका, जर्नल, विद्युतीय पत्रिका, खोजमूलक आलेख, (अ)प्रकाशित शोधग्रन्थलाई द्वितीय स्रोतको रूपमा प्रयोग गरिएको छ । ती स्रोतबाट प्राप्त तथ्यलाई विश्लेषणात्मक ढंगले अनुसन्धान गरी शोधपत्रमा समेटिएको छ ।

- अप्रकाशित व्यक्तिगत विवरण : डायरी
- अप्रकाशित सार्वजनिक क्षेत्रका विवरणहरू : त्रिपाठी समुदायको संघसंस्थामा रहेको विवरण लगायत उनीहरूको पुस्तकालयबाट प्राप्त स्रोत एवं सूचनाहरू ।

## १.९. शोधपत्रको रूपरेखा

यस शोधपत्रको प्रतिवेदन अनुसन्धानको परिचय परिच्छेददेखि निष्कर्ष परिच्छेदसम्म क्रमशः विषयवस्तुको आधारमा पाँच अध्यायको हुनेछ । ती अध्यायहरू निम्नानुसार हुनेछ ।

अध्याय एक - शोधको परिचय

अध्याय दुई - त्रिपाठी समुदाय

अध्याय तीन - त्रिपाठी समुदायको यज्ञोपवीतधारण परम्परा

अध्याय चार - मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीतधारण परम्पराको परिवर्तित स्वरूप

अध्याय पाँच - शोध सारांश, प्राप्ति तथा निष्कर्ष

# अध्याय दुई
# त्रिपाठी समुदाय

## २.१ विषय परिचय

यस अध्यायमा त्रिपाठी जाति, भारतवर्षमा रहेका त्रिपाठीहरूको इतिहास, मलेखु रिचोकटार क्षेत्रको चिनारी, हिन्दु संस्कारको परिचय, विभिन्न ऋषिहरूले उल्लेख गरेको संस्कारको संख्या, त्यसका उद्देश्य, उपनयन संस्कार, त्यसको प्रक्रिया लगायतको विषयलाई यसमा उल्लेख गरिएको छ ।

## २.२ मलेखु रिचोकटार क्षेत्रको चिनारी

मलेखु रिचोकटार क्षेत्र वाग्मती प्रदेशको धादिङ जिल्ला बेनीघाट रोराङ गाउँपालिका वडा नं ३ मा पर्दछ । जहाँ विगतमा विभिन्न क्षेत्रबाट आई बसोबास गर्ने समुदायहरू समेत पाइन्छ। यस वडामा विभिन्न जातजाती भाषा धर्म अपनाउने विभिन्न समुदायहरूको बसोबास छ। भौगोलिक आधारमा मलेखु रिचोकटार क्षेत्रको उचाई समुद्री सतहदेखि ४५० मिटरमा रहेको छ। उत्तरमा त्रिशुली नदी पूर्वमा मलेखु खोला, दक्षिणमा महाभारत पर्वत शृंखला र पश्चिममा करम खोला पर्दछ। यहाँ समशीतोष्ण मौसमी हावापानी पाईन्छ। २७'४०' उत्तर देखि २८'१४' उत्तरी अक्षांश र ८४'३५' पूर्वदेखि ८०'१७' पूर्व देशान्तरसम्म फैलिएको छ भने धरातलीय उचाई समुद्री सतहबाट ४५० मिटरमा रहेको छ। यस क्षेत्रको मुख्य पेशा कृषि हो भने ७० प्रतिशतभन्दा बढी स्थानीयवासीहरु हालसम्म पनि कृषि पेशामा आवद्ध रहेका छन्। पशुपंक्षीको बिक्री, बैदेशिक रोजागर, बालुवा उत्पादन एवं प्रशोधन र विभिन्न श्रममूलक प्रविधिमा आधारित व्यवसाय नै यहाँका अधिकांश परिवारको आम्दानीको स्रोत हो। काठमाडौबाट नजिक रहेको हुनाले यस क्षेत्रमा व्यावसायिक तरकारी खेतीलाई पनि जीविकोपार्जनको प्रमुख आधार बनाएको पाइन्छ। मलेखु क्षेत्रमा सालाखाला १००० घरधुरी रहेको छ। जसमा ब्राह्मण क्षेत्री लगायत विभिन्न जनजातिहरू जस्तै तामाङ चेपाङ दमाई कामी सार्की, नेवार लगायत आदि जनजातिहरूको समेत बसोबास रहँदै खाएको छ। उक्त क्षेत्रमा त्रिपाठी समुदायका लगभग १०० घरधुरी र जनसंख्या भने सालाखाला ४५० जति रहेको छ ।

## २.३. भारतवर्षमा त्रिपाठी समुदाय

त्रिपाठी थर हुनुको पछि यिनीहरू सन्ध्याकालमा हरेक दिन तीन पठक वेदपाठ गर्ने भनी परिचित छ । यद्यपि यस कुराको पुष्टि हुन बाँकी छ । त्रिपाठीहरूले भूगोलको आधारमा तेवारी, त्यारी, तिवाडी, त्रिवाड, त्रिवारी आदि थर प्रयोग गरेको पाइन्छ । जुन खस मल्ल क्षेत्र (कुमाउ, गढवाल र सिन्जा) आदिमा पाइएको अभिलेखहरूले समेत प्रमाणित गर्दछ । दिनको ३ पटक वेद पाठ गर्ने समुदायको रूपमा त्रिपाठीबाट अपभ्रंश भई त्रिवारी, त्याडी, तिवारी आदि हुन पुगेको भन्ने आम त्रिपाठी समुदायमा विश्वास छ ।

गौतमगोत्री त्रिपाठीहरूमध्ये पनि गौतम गोत्री सामवेदी ऋषिहरू उद्गतका रूपमा सामवेदमा दक्षता प्राप्त गरेर आफ्ना पुर्खा एवं पुर्वजको समेत महत्वपूर्ण योगदान रहेको ऋग्वेद, यजुवर्नेद र अथर्वदेवका पाठ र अनुष्ठानमा पनि उत्तिकै सहभागी भएका गौतमगोत्री सामवेदी त्रिपाठीहरू पाइन्छ। नेपालमा त्रिपाठी थर हुनेहरूमध्ये धेरैजसो सामवेदी त्रिपाठीहरू पाइन्छन् । त्यस्तै, शुक्ल यजुर्वेदी त्रिपाठीहरू समेत केही मात्रामा पाइन्छन् । गौतम गोत्रीय सामवेदी त्रिपाठीहरूका गोत्र प्रवर्तक ऋषि गौतम मानिन्छन् । पुराणहरूमा गौतम ऋषिलाई सत्य युगमा जन्मिएका कल्पजीवी ऋषि हुन् भनिएको छ । यिनको आश्रम पुराण एवं हिन्दु धार्मिक ग्रन्थ अनुसार उत्तर र दक्षिण भारत छुट्याउने पर्वतमा थियो भनिएको छ । जुन दक्षिण भारतमा बग्ने नर्मदा नदीको उद्गम स्थल मानिन्छ । गौतम ऋषि शिवका भक्त थिए । त्यसैले उनले आफ्नो आश्रममा अवस्थित पर्वतमा नर्मदेश्वर शिवको स्थापना गरेका थिए । विष्णु भगवानको अवतारी स्वरूपका पर्शरामले गरेको महायज्ञमा पर्शुरामले गौतमम ऋषिलाई उद्गाताका पदमा वरण गरेका थिए । जसमा उद्गाताका पदमा सामवेदी ऋषिहरूमध्येका कोहीलाई वरण गरिन्थ्यो । त्यस्तै, सूक्त पाठमा भने ऋग्वेदीहरू छानिन्थे । यज्ञ यज्ञादि कार्य सम्पादन गर्ने, यज्ञादि मन्त्रोच्चारण गर्ने कार्यमा यजुर्वेदीहरू वरण गरिन्थे । अथर्ववेदी साधुसन्त, ब्राह्मण, नियुक्ति यज्ञलाई मनोरञ्जनका साथै आकर्षक बनाउनको लागि, भौतिक प्रयोगका लागि गरिन्थ्यो । यसरी गौतम उक्त यज्ञमा उद्गाता बन्नुले उनी सामवेदी हुनुको प्रमाणको रूपमा लिन सकिन्छ ।

विष्णुपुराण अन्तर्गत सप्तऋषिमध्येका एक महर्षि गौतम मिथिला निवासी र २८ औं व्यास गौतम कृपाचार्य हुनुहुनेछ भन्ने उल्लेखले त्रेता युगमा नै नेपालमा त्रिपाठीहरू, ब्राह्मण, साधुसन्तको रूपमा परिचित भई बसोबास गर्ने गरेको प्रमाण दिन्छ । त्रेता युग र

द्वापर युगमा गौतम गोत्री त्रिपाठीहरू, मुख्यतया सामवेदीको रूपमा परिचित थिए। जो सामवेदमा पूर्ण पारंगत, ज्ञाता भई पण्डित एवं उद्‌गाता उपाधिबाट विभूषित भई सम्मान पाउँथे। यज्ञहरूमा सामगायनका उद्‌गाताका रूपमा वरण गर्ने गरिन्थ्यो। त्रिपाठी थर भएका विभिन्न गोत्रहरूका समुदाय पाइन्छन्। गोत वांसिक मात्र नभई गुरुहरूबाट आाफ्नो दीक्षित शिष्यलाई आफ्नै गोत्र प्रदान गर्नेगरी गुरुको गोत्रको बनाइन्छ। त्यस्तै, आफ्ना गोत्र कुन हो भन्ने जानकारी नभएकालाई पनि पण्डित, गुरुबाट काश्यप गोत्र प्रदान गर्ने परम्परा छ। यसर्थ, गौतम गोत्रमा पनि वांशिक र गौतक गोत्रीय गुरुबाट आफ्ना दीक्षित शिष्यलाई आफ्नो गोत्र प्रदान गरिएपश्चात गौतम गोत्र, अंगीकृत भएका समेत गरी दुई प्रकारका गौतम गोत्री छन् (त्रिपाठी, वि.सं.२०७६, पृ.१८)।

हालसम्म गोत्रहरूमध्ये गौतम गोत्रीयका थरहरूको संख्या धेरै भए तापनि त्रिपाठी थर एक प्रमुख गौतम गोत्रीय अन्तर्गतको समुदाय पर्दछ। नेपालमा अन्य खस आर्यहरूजस्तै त्रिपाठीहरू पनि पश्चिम क्षेत्रबाट पूर्वतर्फ बिस्तार एवं बसोबास गर्दै आएको पाइन्छ। जो गंगा सभ्यतापछि दक्षिण भारत एवं नेपालतर्फ विस्तार भएका हुन्। पाल्पाका सेनवंशी कालमा दस्तावेजहरूमा त्रिपाठी पण्डित ज्योतिषको रूपमा समेत उपस्थिति थियो भन्ने प्रमाण छ।

## २.४. त्रिपाठी समुदायको चिनारी र यसको गोत्र

हिन्दु सनातन धर्मावलम्बीहरूमा त्रिपाठी थर वा समुदायहरू भारतीय उपमहाद्विपमा हालसम्म ३ प्रकारको पाइएको छ। जसमा गोत्रको आधारमा उनीहरूलाई ३ प्रकारले विभाजन गर्न सकिन्छ। जुन गौतम गोत्री, शाण्डिल्य गोत्री र काश्यप गोत्री त्रिपाठी रहेका छन्। यस समुदाय अन्तर्गत त्रिपाठीहरूलाई भूगोलको आधारमा नेपालका भिन्नभिन्न स्थानमा फरकफरक थरले चिनिएको छ। जसमा त्रिपाठी, तियारी, त्यारी, तेवाडी आदि थर प्रयोग गरेको पाइन्छ। जुन नेपालमा पाइएका अभिलेखीय प्रमाणले समेत पुष्टि गर्दछ ( त्रिपाठीः वि.सं.२०७१)।

त्रिपाठी भन्नाले उनीहरूको दैनिकीकर्म वा अनुष्ठानको आधारमा दैनिक ३ पटक सन्धया कालमा वेद पाठ गर्ने, तागाधारी ब्राह्मण समुदाय हुन् भन्ने मान्यता छ। मुख्यतया गौतमगोत्री थरहरूमध्ये त्याडी तेवाडी, त्यारी, तिवारी आदि थरहरूमध्ये त्रिपाठीहरू पनि

प्रमुख मानिन्छन्। जो प्राचीनकालदेखि नै नेपालका विभिन्न जिल्लाहरूमा बसोबास गर्दै आइरहेका छन्। यसरी नेपालमा विभिन्न स्थानमा बसोबास गर्दै आइरहेका त्रिपाठीहरू धादिङ बेनीघाट रोराङ गाउँपालिका वडा नं ३ अन्तर्गत मलेखु क्षेत्रमा समेत पुस्तौंदेखि बसोबास गर्दै आइरहेका छन्।

भारतीय उपमहाद्वीपमा त्रिपाठी थर हुनेहरू मुख्यतया ३ प्रकारका देखिन्छन् जुन एक गौतम गोत्री, दुई शाण्डिल्य गोत्री र तेस्रोमा काश्यप गोत्री छन्। यी तीन थरिका त्रिपाठीहरूमध्ये गौतमगोत्री त्रिपाठीहरू नेपाल र भारतको उत्तराखण्ड प्रदेशको कुमाउ गढवाल क्षेत्र, त्यस्तै हिमाञ्जल प्रदेश लगायत क्षेत्रहरूमा बसोबास गर्दछन्। भारत पाकिस्तान, काश्मिर अफगानिस्तानका विभिन्न क्षेत्रहरूमा मुख्यतया कृषक एवं घुमन्ते एक जातीय समुदायहरूको बसोबास उल्लेख्य रूपमा पाइन्छ। जसलाई गुर्जर भनिन्छ। यिनीहरू आन्तरिक रूपमा विभिन्न कुल एवं समूहहरूमा विभाजित छन्। यिनीहरू परम्परागत रूपमा कृषि तथा पशुपालन गर्ने घुमन्ते गतिविधिमा समेत संलग्न छन्। यिनै गुर्जरहरूमा समेत गौतम गोत्री, त्रिपाठीहरू उल्लेख्यमात्रामा पाइन्छन्। शाण्डिल्यगोत्री त्रिपाठीहरू खासगरी हाल नेपाल भारत सीमा प्राचीन कपिलवस्तु क्षेत्रमाप्राचीनकालदेखि नै बसोबास गर्दथे। काश्यप गोत्री त्रिपाठीले त्रिपाठी थर प्रयोग गरेको पाइँदैन (तिवारी, वि.सं.२०७१, पृ.३७)।

## २.५. नेपालका त्रिपाठी समुदाय

वैदिककालदेखि नै निश्चित वर्णका निश्चित समुदायहरू, ब्राह्मणहरू, ऋषि, साधुसन्त आदिद्वारा वेदाध्यायन गर्ने, वेदका स्तुतिहरूद्वारा देवदेवीलाई आह्वान गर्ने आदि कार्यहरूको निरन्तरता रहेको पाइन्छ। यस अन्तर्गत सनातन हिन्दु परम्परा अनुसार द्विज वर्णहरूले मात्रै यस्तो कार्य गर्ने गर्दथे। उनै द्विज वर्णहरूमध्ये हिन्दु संस्कार, परम्परा, मान्यता एवं हिन्दु दर्शनका विभिन्न व्यवस्थालाई मान्ने ब्राह्मण वर्णका त्रिपाठी समुदायहरू समेत उपनयन संस्कार पश्चात् वेदारम्भ गर्ने गर्दछन्। यी समुदायको इतिहास हेर्दा प्राप्त दस्तावेज एवं पुरातात्विक स्रोत अनुसार हाल भारत हुँदै पश्चिम नेपाल तर्फबाट कुमाउ गढवालदेखि कर्णाली क्षेत्र तत्पश्चात् गण्डकी क्षेत्र हुँदै काठमाडौं क्षेत्रमा विस्तार भएको देखिन्छ। जुन वैदिक वाङ्मयको महत्वपूर्ण ग्रन्थमध्येको एक ग्रन्थ सतपथ ब्राह्मणमा कुरु पाञ्चालका राजकुमार आफ्ना गुरु ऋषि गौतमका साथ सदानिरा नदी (गण्डकी) पार गरी

विदेह राज्य स्थापना गरेको विवरण उल्लेख छ (खनाल, २०५६, पृ.३४)। पुरातात्विक स्रोत अनुसार पण्डित जयदेव त्रिपाठी वि.सं. ७५७ मा राजकुमार सोम चन्दसँगै कुमाउमा आइपुगेको र उनकै सेवामा संलग्न पण्डित जयदेव त्रिपाठी र सोम चन्द कुमाउमा पुग्दा त्यहाँका ससाना राज्य रजौटा एवं माण्डलिकहरूमध्ये केही डोटी राज्य मातहतमा रहेको विवरण पाइन्छ (पाण्डे, १९९७, पृ.२३०)। इतिहासकार एट्किन्सन यी घटनाहरूको समयलाई वि.सं. ९५३ ताकाको भन्नुहुन्छ (एट्किन्सन, १९७४, पृ ५१०)। अर्का अध्येता पण्डित रुद्रनाथले यस विषयलाई विस्तृत अध्ययन गरी शकसंवत ६२२ एवं वि.सं. ७५७ मा सोम चन्दले कुमाउमा राज्यारोहण गरेको भन्नुहुन्छ। अर्का इतिहासकार बद्रीदत्त पाण्डेले पनि यसमा सहमति जनाउनु भएको छ (पाण्डे, १९९७, पृ.२३०)। यसरी उक्त समयमा त्रिपाठी समुदायहरू कुमाउ गढवाल क्षेत्रबाट विस्तार भई कर्णाली एवं खस क्षेत्रमा विस्तार भएको देखिन्छ। उक्त समयमा पण्डितहरूमध्ये पाण्डे, त्रिपाठी, आदिका सन्तानहरूद्वारा कुमाउ र खस कर्णाली क्षेत्रमा हिन्दु सनातन धर्म एवं संस्कृतिलाई थप संगठित पारेको पाइन्छ। कर्णाली क्षेत्रबाट विस्तारित त्रिपाठीहरू गण्डकी क्षेत्र हुँदै हाल नेपालका विभिन्न जिल्लाहरूमा बसोबास गर्दै आइरहेको पाइन्छ। गोरखा राज्यका राजा डम्बर साहका पण्डित काशीनाथले आफू सामवेदी सुपाठिना भनेर उल्लेख गरेका छन्।

त्यस्तै, नरभूपाल शाहको राज्य सञ्चालन समयको आम्दानी खर्च अन्तर्गत दस्तावेजमा ईश्वर त्रिपाठी नाम उल्लेख छ। वि.सं. १८७१ मा श्री ५ गीर्वाणविक्रम शाहले विश्वनिधि त्रिपाठीलाई लेखेको पत्रको विवरण पाइन्छ (पन्त, २०४३, पृ.८४३)। पाइएका सूचना एवं द्वितीय स्रोत सामग्रीहरूलाई विश्लेषण गर्दा हाल त्रिपाठी समुदायहरू नेपालको पूर्वी क्षेत्रमा धेरै विस्तार नभएको र वाग्मती प्रदेश अन्तर्गत काठमाडौं उपत्यका लगायत आसपास जिल्लाहरूमा, गण्डकी प्रदेश, लुम्बिनी प्रदेशका जिल्लाहरूमा त्रिपाठी समुदायको उल्लेख्य बसोबास पाइन्छ। यी समुदायहरू हिन्दु सनातन धर्मावलम्बीहरू हुन्। जो सन्ध्याकालमा तीन पटक वेद पाठ गर्दथे भनी परिचित छन्। राजा पृथ्वीनारायण शाहको समयकालभन्दा पूर्व नै त्रिपाठीहरूले सामवेदी पण्डितको पदमा सेवा गर्दै आएको पाइन्छ।

मलेखु क्षेत्रका त्रिपाठी समुदाय प्राचीन कालदेखि यस क्षेत्रमा बसोबास गर्दै आएको मान्यता रहे तापनि यसको प्रामाणिक इतिहास खोज्दा यो समुदाय कुमाउ गढवालबाट कर्णाली हुँदै यो क्षेत्रमा करिब १९ शताब्दीमा मात्रै मलेखु क्षेत्रमा आइपुगेको भेटिएको छ।

आठौं शताब्दीमा कुमाउबाट नेपाल प्रवेश गरेको मान्यता रहेका गौतम गोत्रीय त्रिपाठीहरू वि.सं. ७५७ मा राजकुमार सोम चन्दसँगै पण्डित जयदेव त्रिपाठी दक्षिण भारतबाट कुमाउमा आइपुगेको र उनकै सेवामा संलग्न पण्डित जयदेव त्रिपाठी र सोम चन्द कुमाउमा पुग्दा त्यहाँका स-साना राज्य रजौटा एवं माण्डलिकहरूमध्ये केही डोटी राज्य मातहतमा रहेको विवरण पाइएको छ (पाण्डे, १९९७, पृ.२३०)। यसरी उक्त समयमा त्रिपाठी समुदायहरू कुमाउ गढवाल क्षेत्रबाट विस्तार भई कर्णाली एवं खस क्षेत्रमा विस्तार भएको देखिन्छ। यो तथ्यमा इतिहासकार बद्रीदत्त पाण्डेले पनि सहमति जनाउनु भएको छ (पाण्डे, १९९७, पृ.२३०)। कर्णाली क्षेत्रबाट विस्तारित त्रिपाठीहरू गण्डकी क्षेत्र हुँदै नेपालभर विस्तार भएको ऐतिहासिक दस्तावेजहरूमा उल्लेख छ। बाइसी चौबिसी राज्यको समयमा गोरखा राज्यका राजा डम्बर साहका पण्डित काशीनाथले आफू सामवेदी सुपाठिना भनेर उल्लेख गरेका छन्। गोरखाका राजा नरभूपाल शाहको राजनीतिक दस्तावेजमा समेत त्रिपाठी थरको उल्लेख पाइन्छ। तत्कालीन राजा गीर्वाणविक्रम शाहले विश्वनिधि त्रिपाठीलाई लेखेको पत्रको विवरण पनि ऐतिहासिक पत्र संग्रहहरूमा पाइन्छ (पन्त, २०४३, पृ.८४३)। कर्णालीबाट गण्डकीमा आएका त्रिपाठीहरू बिस्तारै गण्डकी प्रदेशबाट काठमाडौं र आसपासका क्षेत्रमा पनि विस्तार हुँदै गए। अहिले त्रिपाठीहरू वाग्मती प्रदेशका विभिन्न जिल्लाहरूमा, गण्डकी प्रदेश, लुम्बिनी प्रदेशका समेत विभिन्न जिल्लाहरूमा समेत बसोबास गर्दै आएका छन्। विभिन्न ऐतिहासिक दस्तावेजमा राजा पृथ्वीनारायण शाहको समयकालभन्दा पूर्व नै त्रिपाठीहरूले सामवेदी पण्डितको पदमा सेवा गर्दै आएको उल्लेख छन्।

## २.६. मलेखु रिचोकटार क्षेत्रका त्रिपाठी समुदाय

धादिङको मलेखु क्षेत्रमा चौथोदेखि सातौं पुस्तासम्मका त्रिपाठीहरूको बसोबास रहेको कुरा स्थानीयसँगको अन्तर्वार्ताबाट जानकारी हुन आएको छ। सातपुस्ताभन्दा अघि उनीहरू हाल गोरखाको बुढीगण्डकी किनारमा पर्ने दर्बुङ फाँट आसपास लगायत ज्यादुल भन्ने ठाउँबाट बेनिघाट आएको अन्तर्वार्ताको क्रममा स्थानीयले बताएका छन्। बेनिघाटमा एक पुस्ता बसेपछि उनीहरू मलेखु क्षेत्रमा आएको स्थानीय लीलानाथ त्रिपाठी (९२ वर्ष)ले बताउनुभयो। यसरी मलेखु क्षेत्रका त्रिपाठीहरू सामवेदी गौतमगोत्री त्रिपाठी भएको प्रमाणित हुन्छ।

मलेखु रिचोकटारका त्रिपाठीहरु परापूर्वकालदेखि मलेखु क्षेत्रमा बसोबास गरेको पाइँदैन । उनीहरु हाल भारतको कुमाउ गढवाल हुँदै गण्डकी क्षेत्रबाट केही पुस्ता गोरखामा आएर बसेको र गोरखाबाट बेनीघाटमा बसेको उल्लेख पाइन्छ । बेनीघाटबाट ब्रह्मदेव र उनका सन्तानहरु मलेखुको रिचोक क्षेत्रमा बसोबास गर्न थाले । उनीहरुको मुख्य थातथलो हाल भारतको गुजरात रहेको र उनीहरुको मुख्य पेशा गाईपालन रहेको हुँदा उनीहरुले नेपाल आउँदा गुजराती गाई नै साथमा ल्याई बसाइँसराई गरेको प्रमाण पाइन्छ । जसमा वातावरणवरले पनि उनीहरुलाई अनुकुलता प्रदान गरेको थियो ।

## २.७ सामवेदी त्रिपाठी समुदाय

पूर्ववैदिक समाजमा विभिन्न कुलगत गणहरू हुन्थे । कुलगत गणमा अनेकौं परिवार भए पनि सबै परिवारका गोपाल (गाईहरू) एउटै गोष्ठमा राखिन्थे । त्यस्ता गोष्ठहरूलाई तत्काल कुलका मूली वा प्रतिष्ठित व्यक्तिहरूको नामबाट सम्बोधन गर्ने गरिन्थ्यो । यस्तो अमूक कुल वा गोष्ठलाई जनाउन प्रयोग गरिएको कुल मुली व्यक्तिको नामले कालान्तरमा गोत्रको रूप धारण गऱ्यो । गोत्र शब्द गोष्ठ शब्दबाट आएको मान्यता विदितै छ । यस सन्दर्भमा गोत्र शब्दले अमूक कुल, गण, वंशगत गण र तिनका पूर्वपुरुष एवं पूर्खाको उद्घोष गर्दछ (पाण्डे, १९८८, पृ.२४१) । गोत्र प्रथा वैदिक पद्धति हो । वैदिक मान्यता अनुसार सृष्टिकर्ता ब्रह्माका १४ मानसपुत्रहरूलाई मनु भनिन्छ । जो वंशविस्तार गरी यो जगत संसारको भोग गर्दछन् । प्रत्येक मनुको भोग एक मन्वन्तर भनिन्छ । प्रत्येक मन्वन्तरका मनुलाई वंशविस्तार गर्ने र समाजलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्ने कार्यमा सहयोग गर्न विभिन्न ऋृषिहरूलाई उत्पन्न गरियो । त्यस्ता अनेकौं ऋृषिहरूमध्ये सात जना प्रमुख ऋृषिहरूलाई सप्तर्षि भनिन्छ । प्रत्येक मन्वन्तरका अलगअलग सप्तर्षिहरू हुन्छन् । अहिले वैवश्वतर मन्वन्तर चलिरहेको छ । यस मन्वन्तरका सप्तर्षिहरूमा जमदग्नि, भारद्वाज, विश्वामित्र, अत्रि, गौतम, वशिष्ठ र कश्यम छन् । यी सात ऋृषिहरू समेत अर्को एक अगत्स्य ऋृषिसहित आठ ऋृषिहरूले आआफ्नै गोत्र तथा कुलपरम्परा चलाए । यिनीहरू नै मूल गोत्राकार मानिन्छन् (पाण्डे, १९८८, पृ.२४१) ।

गौतम गोत्री भन्नेवित्तिकै सबै ऋृषिका वंशज मात्र होइन, गौतम ऋृषि र उनका कुलका प्राचीन ऋृषि, ब्राह्मणहरूका यजमानहरू, शिक्षादीक्षा र मन्त्र प्रदान गरेका चेलाहरू, अभिभावकत्व ग्रहण गरिएका व्यक्तिहरू लगायत समयसमयमा गोत्र परिवर्तन गरी आएका

व्यक्ति र तिनका वंशजहरू समेतको समूहलाई बुझ्नु आवश्यक छ। जसमध्ये त्रिपाठीहरू पनि पर्दछन्। साथै, नेपालका सबै त्रिपाठीहरू एउटै वेद, गोत्र र गोत्र प्रवर भएकामात्रै छैनन्। यजुर्वेदी र साण्डिल्य एवं काश्यपगोत्री त्रिपाठीहरू नेपालमा बसोबास गर्दछन्।

वेदलाई सबैभन्दा प्राचीन ग्रन्थ मानिन्छ। वेद भन्नाले ज्ञान हो। सुरुमा ऋग्वेदमात्रै थियो। पछि कृष्णदौपायन व्यास ऋषिले ज्ञान काण्ड, कर्मकाण्ड, गायन एवं उपासना र भौतिक ज्ञान गरी कमशः ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदमा विभाजन गरेको पाइन्छ। ऋग्पाठ र गानको संयुक्त सुरु नै सामवेद हो। त्यस्तै, महर्षि जैमिनीले गीतात्मक स्वरूप नै सामवेद हो भनेका छन्। ऋगक्षरमा आधारित भएर गरिएको गानलाई सामवेद भनी व्याख्या गरिएको छ। सात स्वर, तीन ग्राम, पाँच श्रुति जातिहरू, २१ मुर्छना, ४९ तानहरूका साथै विविध सहायक स्वरहरूको समन्वयबाट सामगानहरू बनेको छ। छान्दोग्योपनिषद् अनुसार सामवेदको अर्को नाम स्वरवेद हो। सामवेदी भए कौथुम शाखा, कृष्ण यजुर्वेदी भए तैत्तेरीय शाखा र यजुर्वेदी भए मध्यन्दिनी शाखा अध्ययन गर्नेहरू हुन्। जसमा उनीहरूको गृहसूत्र ग्रन्थ पनि वेदानुसार गोभिल गृहसूत्र, अश्वलायन गृहसूत्र र पारस्कर गृहसूत्र अपनाउँदै आएको देखिन्छ। गौतमगोत्री त्रिपाठी भन्नाले त्यस समुदायलाई जनाउँदछ। जो महिर्ष गौतमका आचरण अनुशरण गर्ने, उनी महर्षिका वंशज हुन्। जसले गौतम गोत्र र प्रवरको अस्नाम एवं आचरण, जप, तर्पण गर्नुका साथै संस्कार गर्दा ग्रहशान्ति, दैनिक कृत्य आदिमा समेत गौतम गोत्र प्रवर कौथुम शाखाध्यायी अंगरसाउतिथ्य, त्रिवर उच्चाहरण गर्ने समुदाय हो। कैथुम शाखा गोभिलगृह्यसूत्र अपनाउने महर्षि गौतमका वंशपरम्परा एवं उनका अनुशरण गर्ने गराउने सन्ध्याकालीन दैनिक ३ पटक वेदपाठ गर्ने समुदायहरू सामवेदी गौतमगोत्री त्रिपाठीहरू हुन्।

## २.८. सामवेदको बारेमा संक्षिप्त जानकारी

खासगरी ईश्वर उपासनाको लागि सामवेद रचिएको हो। साम शब्द सा र अम शब्द मिलेर बनेको छ। सा भनेको ऋचा, अम भनेको स्वर वा लय वा तन अर्थात् जुन ऋचा स्वरमा गायन गरिन्छ, त्यसलाई साम भनिन्छ। चारवेदमध्ये सामवेद तेस्रो वेद हो। सतपथ ब्राह्मण नामक ग्रन्थमा उल्लेख भए अनुसार ऋग्वेद अग्निबाट, यजुर्वेद वायुबाट र सामवेद सूर्यबाट प्राप्त भएको थियो (पाण्डेय, १९६६, पृ.५९८)। 'स्याति पापं नाम' अर्थात् पापलाई छिन्नभिन्न र नष्ट पारिरहने भएकोले यसको नाम साम रहन गएको भनेर भरतले

उल्लेख गरेको पाइन्छ। जैमिनीले सामवेदको लक्षण बताउँदै लेखेका छन् 'गितिषु सामाख्य इति'। सामवेदलाई तिथ्यादितत्व नामक ग्रन्थमा 'गियमानेषु मन्त्रेषु साम संज्ञत्यर्थ' भनिएको छ। साथै, सामवेदका गायकलाई 'सामग' भनिन्छ पाण्डे, १९८८, पृ. ६६९-६७०)। सामवेदलाई पूर्व संहिता र उत्तर संहिता गरी दुई भागमा विभाजन गरिएको छ। पूर्व संहितालाई छन्द आर्चिक तथा 'सम्तमास' भनिन्छ भने उत्तर संहितालाई 'उत्तरार्चिक' तथा 'अख्यगान' भनिन्छ पाण्डे, १९८८, पृ.६००)। भगवान श्रीकृष्णले पनि आफूलाई वेदानां सामवेदोऽस्म (वेदहरूमा म सामवेद हुँ) भनेर बताउनुभएको कुरा श्रीमद्भागवत गीतामा उल्लेख पाइन्छ (त्रिपाठी, २०७१ पृ.१०)। वेदहरूबाट विकसित वाङ्मय, संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् गरी चार वर्गमा विभक्त गरिएको छ। जसलाई सामूहिक रूपमा वेदका अंगहरू एवं वेदांग भनिन्छ। चारैवेदका छुट्टाछुट्टै वेदांगहरू छन् भने सामवेदका वेदांगहरूको चर्चा यस शोधमा गरिएको छ।

## २.८.१ सामवेद संहिता

संहिता भन्नाले वेदका मन्त्र एवं स्तुतिहरूको संकलन भन्ने बुझिन्छ। सामवेदका मन्त्रहरू संकलन गरिएको ग्रन्थलाई सामवेद संहिता भनिन्छ। यसमा मन्त्रद्रष्टा एवं स्रष्टा ऋषि महर्षिहरूले प्राप्त गरेका मन्त्रहरूलाई यथास्वरूपमा संकलन गरिएको छ (पाण्डे, १९८८,पृ. ५९७)।

## २.८.२ सामवेद ब्राह्मण

वैदिक वाङ्मयमा पाइने ब्राह्मण शब्दले प्रसंग अनुरूप दुई किसिमका अर्थ जनाउँछ। पहिलो अर्थ अन्तर्गत ब्रह्म वा वेदका ज्ञाता, पाठ गर्नु, परमात्माको ज्ञाता एवं पुरोहित तथा मानिसका चार वर्णहरूमध्ये क्षेत्री वर्णभन्दा उच्च वर्णलाई जनाउँछ। दोस्रो अर्थ अन्तर्गत वेदका मन्त्र तथा संहिताहरूको प्रवचनात्मक व्याख्या गरिएको ग्रन्थलाई जनाउँदछ। सामवेदका उपलब्ध तीन शाखाहरूमध्ये राणायनी शाखाको ब्राह्मण ग्रन्थ उपलब्ध छैन भने कौथुमी शाखाको चारवटा ब्राह्मण ग्रन्थ उपलब्ध छन्। पहिलोमा 'पञ्चविंसब्राह्मण' जसलाई ताण्ड्यब्राह्मण पनि भनिन्छ। दोस्रोमा षड्विंसब्राह्मण, तेस्रोमा अद्भूत ब्राह्मण र चौथोमा मन्त्र ब्राह्मण ग्रन्थहरू छन्। जैमिनी शाखाका दुई ब्राह्मणहरूमध्ये पहिलोमा जैमिनीय ब्राह्मण जसलाई आर्षेयब्राह्मण पनि भनिन्छ र दोस्रोमा

जैमिनीय उपनिषद् ब्राह्मण जसलाई छान्दोग्य उपनिषद् ब्राह्मण पनि भनिन्छ (पाण्डे, १९८८, पृ.५९७) ।

### २.८.३ सामवेद आरण्यक

वेदका अंगहरूमध्ये तेस्रो अंगहरूलाई आरण्यक ग्रन्थ भनिन्छ। यसमा वानप्रस्थीहरूको लागि विधिविधान र आख्यगानहरू संकलित छन् । आख्य अर्थात् जंगलमा रचना गरिएका ग्रन्थ भएकोले आख्यक भनिएको बताइन्छ। प्रत्येक वेदका अलगअलग आख्यक ग्रन्थहरू छन् । सामवेदको आख्यक ग्रन्थ छान्दोग्य आख्यक हो । यसलाई आख्यगान पनि भनिन्छ (पाण्डे, १९८८, पृ.५९७) ।

### २.८.४ सामवेद उपनिषद्

उपनिषद्हरूमा वेदका मन्त्रहरूको दार्शनिक पक्षको व्याख्या गरिएको छ। उपनिषद्को अर्थ ज्ञान प्राप्तिका लागि गुरुको समिपमा पुग्नु वा बस्नु भन्ने हुन्छ। उपनिषद्हरूमा जीवन र जगतका रहस्यहरूको उद्घाटन, निरूपण तथा विवेचना दार्शनिक आधारमा गरिएको हुन्छ। वैदिक साहित्य तथा वेदांगको अन्तिम भाग भएकोले उपनिषद्लाई वेदान्त पनि भनिन्छ। सामवेदको उपनिषद् छान्दोग्य उपनिषद् हो। छान्दोग्य ब्राह्मणकै अन्तिम आठ अध्यायलाई छान्दोग्य उपनिषद् भनिएको हो। यो उपनिषद् ज्यादै नै विस्तृत छ (पाण्डे, १९८८, पृ.११८) ।

## २.९ संस्कारको अर्थ/परिचय

संस्कार शब्दको मूल अर्थ हुन्छ, शुद्धीकरण। मूलतः संस्कारको अभिप्रायः धार्मिक कृत्यसँग हुन्छ। परम्परागत समयमा जुनकुनै व्यक्ति आफ्नो समुदायको पूर्ण सदस्य बन्ने उद्देश्यका साथ आफ्नो शरीर मन र मस्तिष्कलाई पवित्र बनाउनको लागि संस्कार धारण गर्ने गर्दथे। हिन्दु सनातन संस्कारको उद्देश्य व्यक्तिको असल गुणलाई जन्माउने र त्यसको वृद्धि गर्नु हो। प्राचीन भारतमा संस्कारलाई मनुष्य जीवनमा महत्वपूर्ण तत्वको रूपमा मानिन्थ्यो। संस्कारद्वारा मानिसले आफ्नो सहज प्रवृत्तिलाई पूर्ण विकास गर्ने र समाजको समेत विकास तथा कल्याण गर्ने गर्दथे। यो संस्कारले मान्छेको जीवनमा मात्रै नभएर पारलौकिक जीवनमा समेत पवित्र बनाउँछ भन्ने विश्वास थियो ।

यही विषयमा संस्कृतमा एउटा श्लोक छ :

*संस्कारों हि नाम संस्कार्यव्य गुणाधानेन वा ॥ स्वाद्योषाय नयनेन वा ॥१॥*

अर्थात्, व्यक्तिमा गुणको आरोपण गर्नको लागि जुन कर्म गरिन्छ त्यसैलाई संस्कार भनिन्छ। वैदिक सनातन धर्मको सबैभन्दा पुरानो धार्मिक ग्रन्थ ऋग्वेद मानिन्छ। जसमा संस्कारको उल्लेख गरिएको छैन। तर यसको केही सुक्तमा भने विवाह, गर्भाधान र अन्येष्टि संस्कार सम्बन्धी धार्मिक कृत्यको व्याख्या भने पाइन्छ।

यजुर्वेदमा भने श्रौत यज्ञको उल्लेख गरिएको छ। त्यसैले यस ग्रन्थमा संस्कारको विशेष जानकारी पाउन सकिँदैन। अथर्ववेदमा विवाह अन्त्येष्टि र गर्भाधान संस्कारको अधिक विस्तृत वर्णन पाइन्छ। गोपथ ब्राह्मण र शतपथ ब्राह्मणमा उपनयन, गोदान संस्कारको धार्मिक कृत्यको उल्लेख पाइन्छ। तैत्तेरीय उपनिषद्मा शिक्षा समाप्तिको समयमा आचार्यबाट दीक्षान्त शिक्षा मिल्ने उल्लेख छ।

## २.१० संस्कारको इतिहास

प्राचीन कालमा हरेक कृत्य संस्कारबाट सुरु हुन्थ्यो। त्यसबेला संस्कारको संख्याबारे ऋषिहरूको फरकफरक मत देखिन्थो। ऋषिलाई मान्ने समुदायले सोही ऋषिले भनेबमोजिम संस्कार मान्ने गर्थे। समय परिवर्तन र व्यस्तता बढ्दै गएपछि कतिपय संस्कार स्वतः लोप भए। यसरी समय-समयमा परिमार्जन गरि संस्कारको संख्या निश्चित हुँदै गयो। गौतम स्मृतिमा ४८ प्रकारका संस्कारहरू उल्लेख गरिएको छ। महर्षि अंगिराले तिनीहरूलाई पच्चीस संस्कारहरूमा निहित गरे। व्यास स्मृतिमा सोह्रवटा संस्कारको वर्णन गरिएको छ। हाम्रा धर्मशास्त्रहरूमा मुख्यतया सोह्र संस्कारको व्याख्या गरिएको छ। यीमध्ये पहिलो गर्भाधान संस्कार र मृत्युपछि अन्त्येष्टि संस्कार हो। गर्भाधान, पुंसवन, सीमान्तोनयन, जातकर्म, नामकरण, यी सबै संस्कारहरू नवजात शिशुको ईश्वरीय संसारसँगको सम्बन्ध स्थापित गर्न गरिन्छ।

नामकरणपछि चुडाकर्म र यज्ञोपवीत समारोह हुन्छ। यसपछि विवाह समारोह हुन्छ। यो गृह जीवनको सबैभन्दा महत्वपूर्ण अनुष्ठान हो। यो हिन्दू धर्ममा पुरुष र महिला दुवैको लागि सबैभन्दा ठूलो संस्कार हो, जुन जन्म पछि हुन्छ। विभिन्न शास्त्रहरूमा

संस्कारको क्रममा अलिकति भिन्नता छ तर प्रचलित संस्कारको क्रममा गर्भाधान, पुंसवन, सिमन्तोनयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चुडाकर्म, विद्यारम्भ, कर्णवेध, यज्ञोपवीत आदि छन् ।

गर्भाधानदेखि विद्यारम्भसम्मका संस्कारलाई गर्भसंस्कार पनि भनिन्छ । जसमध्ये पहिलो तीन (गर्भाधान, पुंसावन, सीमान्तोनयन) लाई अन्तरगर्भ संस्कार भनिन्छ र अन्तिम छवटालाई बहिरगर्भ संस्कार भनिन्छ। गर्भ संस्कारलाई दोषमार्जन वा शोधक संस्कार पनि भनिन्छ । दोष मार्जन संस्कारको अर्थ बच्चाको अघिल्लो जन्ममा भएका धर्म र कर्मसँग सम्बन्धित दोष र गर्भमा रहेका विकृतिहरू हटाउनको लागि गरिने संस्कार हो । पछिल्लो छवटा संस्कारलाई गुणाधान संस्कार भनिन्छ ।

## २.११ संस्कारको उद्देश्य

हरेक मानिस जन्मजात शूद्र हुन्छ र उसको कर्मले उसको जात निर्धारण हुन्छ भन्ने मान्यता राखिन्छ । आचार्य मनुले ब्राह्मण, क्षेत्रीय र वैष्यको दोस्रो जन्ममा माता सावित्री र पिताको रूपमा आचार्यलाई मान्ने गर्छन् । (मनुस्मृति, अध्याय २, श्लोक १७०) । द्विज भएकाहरू गायत्री मन्त्र लिएपछि मान्छे साधना गर्न सक्षम हुन्छ भन्ने मान्यता छ । मनुस्मृतिले यज्ञोपवीत संस्कारलाई अनिवार्य मानेको छ । बरु विवाह संस्कार मान्छेको जीवनमा अनिवार्य छैन भन्ने स्मृतिको कथन छ ।

## २.१२ वैदिक साहित्यमा संस्कारको संख्या

वैदिक साहित्यमा विभिन्न ऋषिहरूले फरकफरक संस्कारको संख्याबारे उल्लेख गरेका छन् । गौतम ऋषिले ४८ वटा संस्कारको बारेमा उल्लेख गरेका छन् भने ऋषि पारस्करले १३ संस्कारको बारेमा उल्लेख गरेका छन् । आस्वलायनको मतमा ११ वटा संस्काररहेका छन् । वैखानस ऋषिले १८ संस्कारको बारेमा उल्लेख गरेका छन् भने अंगीरा ऋषिले २५ संस्कारको बारेमा उल्लेख गरेका छन् । ऋषि मनु र यज्ञवाल्क्यले १३ संस्कारको बारेमा उल्लेख गरेका छन् । व्यास ऋषिले १६ संस्कारको बारेमा उल्लेख गरेका छन् । अहिले १६ संस्कारलाई प्रमुख मान्यता दिइए पनि जन्म, विवाह, यज्ञोपवीत र मृत्यु संस्कारलाई हर्षोल्लासका साथ मनाउने गरिएको छ भने बाँकी संस्कार लोपोन्मुख अवस्थामा रहेको

पाइन्छ। व्यास ऋषिले उल्लेख गरेबमोजिम १६ संस्कारको सामान्य परिचय तल प्रस्तुत गरिएको छ।

## २.१३ सोह्र संस्कारको सामान्य परिचय

संस्कारको अर्थ योगशास्त्रमा पूर्वजन्मको असल वा खराब कर्मको यस जन्ममा हुन आएको वासना वा प्रभाव हो। प्राणीले पूर्वजन्ममा वा यस जन्ममा अनगिन्ती कर्महरू गरेको हुन्छ, तिनीहरूको प्रभाव नै उसको मनमा संस्कारको रूपमा रहेको हुन्छ। संस्कारहरू यति नै हुन्छन् भनी ठोकुवा गर्न गाह्रो मात्र होइन असम्भव पनि छ। त्यसैले संस्कारका संख्याका बारेमा विद्वान्हरूका विभिन्न अभिमत पाइन्छन्। कसैले गर्भ, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकरण र उपनयन गरी दश संस्कार बताएका छन् भने कसैले सोह्र संस्कार बताएका छन्। सोह्र संस्कार मध्ये पनि एकाथरीले एकाथरी संस्कार बताएका छन् भने अर्काथरीले अर्कै थरी नामका संस्कारहरू उल्लेख गरेका छन्। यी संस्कारमध्ये पनि यस शोधको विषयवस्तुसँग सम्बन्धित केही संस्कारहरुको चर्चा तल गरिएको छ।

### २.१३.१ विद्यारम्भ संस्कार

विद्यारम्भ संस्कारको समयलाई लिएर ऋषिहरूमा मतभेद रहेको पाइन्छ। बच्चाले अन्नप्राशन गरेपछि मात्र बोल्न थाल्छ भन्ने मान्यता राखिन्छ। त्यसैले अन्नप्राशनपछि मात्र विद्यारम्भ समारोह उपयुक्त हुन्छ। विद्यारम्भको उद्देश्य बच्चालाई प्राथमिक शिक्षामा परिचय गराउनु हो। प्राचीन कालमा गुरुकुलको चलन थियो, बच्चालाई वेद पढ्न पठाउनुअघि घरमा वर्णमाला पढाउने गरिन्थ्यो। गुरुकुलमा कुनै अप्ठ्यारो नहोस् भनेर पहिले अभिभावकहरूले बच्चालाई श्लोक, पौराणिक कथा आदि मौखिक रूपमा अभ्यास गराउने गर्थे।

## २.१३.२. उपनयन संस्कार

उपनयन संस्कार दुई शब्दहरू उप र नयन मिलेर बनेको छ। उप शब्दको अर्थ नजिक र नयन भनेको ल्याउनु भन्ने हुन्छ। त्यसैले उपनयन भनेको गायत्री मन्त्र सिक्नको लागि गुरु (शिक्षक) समक्ष लैजाने एउटा परम्परा हो। संस्कृत शब्द नयनले आँखा भन्ने पनि जनाउँछ। उपनयन शब्दले भित्री आँखा खोल्ने काम अर्थात् दर्शनलाई पनि जनाउँछ। त्यसैले यो संस्कार मान्छेको आँखा खोल्ने संस्कारको रूपमा पनि चिनिन्छ। त्यस्तै, नेपालीमा उपनयन संस्कारलाई व्रतबन्धको नामले पनि चिनिन्छ। व्रत भनेको धर्म वा नियम र बन्धन भनेको बाँध्ने काम हो। अर्थात् मान्छेलाई ब्रह्मचर्यमा बाँध्ने काम नै ब्रतबन्ध हो। यही संस्कारमा यज्ञोपवीत वा यज्ञोपवीतधारण गर्ने परम्परा नै यज्ञोपवीत संस्कार हो।

हिन्दु सनातन धर्म तथा दर्शन अनुसार मनुष्यको जन्ममरण चक्रानुक्रममा मनुष्य एवं प्राणी जगतले मोक्ष प्राप्त गरेमा पुनः जन्म नहुने एवं ब्रह्म तत्व वा ज्ञान प्राप्ति भई सदाका लागि मुक्ति मिल्ने भनी व्याख्या गरेको छ। यसैअनुसार हिन्दु समाज एवं हिन्दु दर्शन अनुसार व्यक्ति, परिवार, समाज एवं देशका लागि एक विकसित पुरुषार्थको जन्मका लागि विभिन्न धार्मिक कृत्य, ऋण, आश्रम व्यवस्था, दैनिकी अनुष्ठान आदिको व्यवस्था छ। जसले गर्दा मनुष्यका लागि मुक्ति प्रदान गर्दछ। यिनी व्यवस्थाहरूमध्ये धार्मिक कृत्य पनि प्रमुख मानिन्छ। जुन जन्मनुपूर्वदेखि मृत्युपश्चात्सम्म यसलाई हिन्दु सनातनी धर्मावलम्बीहरूले पालना गर्दछन्। जुन संस्कारको नामले परिचित छ। यसै संस्कारहरूमध्ये उपनयन संस्कार एक हो। जसले मातापिताको गर्भ एवं बीज सम्बन्धबाट आएका दोषहरूलाई मेटाउँदै दोस्रो जन्म दिलाउँदछ। यस संस्कार पश्चात् ऊ वेदाध्यायनका लागि योग्य ठहरिन्छ।

यज्ञोपवित धारण गरी गायत्री श्रवण गर्ने व्रतबन्ध संस्कारलाई उपनयन संस्कार भनिन्छ। उपनयन संस्कार गरे पछि ब्राह्मणादिहरूले वेदाध्ययन गर्ने अधिकार पाउँछन्। त्यस पछिको उनीहरूको जीवन नै सभ्य शिष्ट र व्यवस्थित किसिमको हुने भएकाले उपनयन संस्कार गरिएको मानिसलाई द्विज(दुई पटक जन्मेको) भनिन्छ। किनकि विद्याले मानिस भित्रको पाशविकता हटाई उसमा मनुष्यत्वको मात्र विकास गर्दैन उसलाई परम पदमा पुऱ्याउँछ। भनिएको पनि छ-

*विद्या ददाति विनयं विनयाद्याति पात्रताम् ।*
*पात्रत्वाद्धनमाप्नोति धनाद्धर्मः ततः सुखम् ॥*

अर्थात् विद्याले विनय दिन्छ, विनयले मानिस सत्पात्र बन्दछ । सत्पात्र भएकाले धन आर्जन हुन्छ । धनबाट धर्म गर्न सकिन्छ र धर्म गरे पछि सुख मिल्छ ।

यदि मनुष्य योनिमा जन्म लिएर पनि विद्या आर्जन गर्न सकिएन भने त पुच्छर नभएको पशु भइन्छ-

*विद्या बन्धूजनो विदेशगमने विद्या परा देवता ।*
*विद्या राजसु पूज्यते न तु धनं विद्याविहीनः पशुः ॥*

यसरी उपनयन संस्कार पछि विद्या(वेद) अध्ययनको ढोका खुल्ने भएकाले जीवनमा यस संस्कारको ज्यादै महत्व छ । मुहूर्तमार्तण्डमा ब्राह्मणादिहरूको उपनयनकाल यस प्रकार बताइएको छ -

*विप्रादेर्गर्भतोऽब्देऽष्टशिवरविमिते जन्मतो वा व्रतं स्या-*
*दत्रानिष्टेऽपि जीवेऽनिमिषरविमधौ कार्यमब्दस्य दाढर्यात् ।*
*स्वाब्दादूर्ध्वं क्रमादाद्विगुणितशरदो निन्द्यमब्दक्रमेण*
*पञ्चाष्टाङ्काब्दतो वा प्रपठनरुचितः शस्तमेषां तदाहुः (दैवज्ञ, वि.सं.२०३५, पृ.२३ ) ।*

अर्थः गर्भाधानदेखि वा जन्मदेखि ब्राह्मणको आठ वर्षमा, क्षत्रियको ११ वर्षमा, वैश्यको १२ वर्षमा व्रतबन्ध शुभ हुन्छ । यस समयमा वर्षको प्रधानता हुने हुनाले वृहस्पति अनिष्ट भए पनि सूर्य मीनराशिमा जाँदा साथ व्रतबन्ध गर्नु पर्दछ । आफ्नो वर्ष भन्दा दुई गुणित समयसम्म निन्द्य वर्ष हुन्छ । अध्ययनको रुचीले क्रमशः पाँच, आठ र नौ वर्षमा पनि उपनयन गर्न हुन्छ । वृहस्पति आध्यात्मिक ज्ञानका कारक मानिन्छन् । उपनयन संस्कार पछि मानिसमा आध्यात्मिकताको विकास गर्ने लक्ष्य राखिने भएकाले व्रतबन्धमा गुरु जुराउनु पर्दछ । गुरु जुराउने तरीका यस प्रकार छ-

*राशेः षट्याद्यखस्थो गुरुरिह शुभदः पूजया स्यात्तयापि*
*प्रान्त्योऽम्बुस्थोऽष्टमो नो यदि निजगृहगस्तुङ्गोऽत्रापि शस्तः (दैवज्ञ, विसं.२०३५, पृ.२४) ॥*

अर्थः उपनयनलग्नदेखि ३, ६, ९, १० स्थानमा रहेको गुरु पूजा गरेर शुभ हुन्छ । १२, ४, ८ स्थानमा रहेको वृहस्पति पूजा गरेर पनि शुभ हुदैन तर स्वगृही वा उच्चस्थ भएमा त शुभ हुन्छ । त्यस्तै उपनयनको तिथि, वार आदिको समयशुद्धि यस प्रकार हुनु पर्ने बताइएको छ-

*शुक्ले माघादिपञ्चस्विनशुभदिवसे प्राग्दलेऽन्हो व्रतं स-*
*यक्त्वानध्यायरिक्तातिथिमुनिमदनाश्चन्द्रभागं प्रदोषम् (दैवज्ञ, वि.सं २०३५, पृ.२५)*

अर्थः शुक्लपक्षमा माघ, फागुन, चैत, वैशाख, जेठ महिनाहरूमा रवि तथा शुभवारहरूमा दिनको पूर्वार्धमा उपनयन शुभ हुन्छ । अनध्ययन, रिक्ता, सप्तमी, त्रयोदशी तिथिहरू, चन्द्रमाको नवांश र प्रदोष त्याग्नु पर्दछ । शुभ लग्नमा गरेको कार्य शुभफलदायक हुन्छ । त्यसैले व्रतबन्धमा पनि लग्न नक्षत्र आदिको विचार गरेर मात्र कार्य गर्नु पर्दछ । व्रतबन्धमा नक्षत्र लग्नशुद्धिको विचार यस प्रकार गरिन्छ-

*शस्तो द्वीशाग्निशाक्रान्तकपितृरहितैः सर्वभैर्मौञ्जिबन्धो*
*वेदेशे ज्ञे बलाढचे गुरुसितकुजवित्संज्ञका वेदपाः स्युः ।*
*स्वर्क्षोच्चांशेषु सौम्याः श्रुतिपतिरपि चेत्केन्द्रकोणस्थिताः स्यु-*
*र्वर्णी वेदार्थवेत्ता पशुगृहधनवानत्र मन्देऽन्त्यसेवी (दैवज्ञ, वि.सं. २०३५, पृ. २६) ॥*

अर्थ- आ-आफ्ना वेदाधिप र बुध बलिया हुँदा विशाखा, कृत्तिका, ज्येष्ठा, भरणी र मघा बाहेकका नक्षत्रमा उपनयन शुभ हुन्छ । वृहस्पति, शुक्र, मंगल र बुध क्रमशः ऋग्वेदादिका मालिक हुन् । यी वेदाका स्वामीहरू र शुभग्रहहरु स्वगृही, उच्चराशिगत वा स्वनवांशगत भएर केन्द्र वा त्रिकोणमा बसेको लग्नमा उपनयन भएमा उक्त ब्रह्मचारी वेदार्थवेत्ता, पशु, गृह, धनवान् हुन्छ भने शनि भएमा नीच जातिको सेवक बन्दछ । व्रतबन्धमा निम्नानुसारको लग्नस्थिति त्याज्य हुन्छ-

चन्द्रक्रुरा विलग्ने शशिसिततनुपाः षष्ठगेहे सितोऽन्त्येसर्वे रन्ध्रे वटुघ्नाः क्वच तनुग इनः श्रेष्ठ उच्चेन्दुरेके (दैवज्ञ, वि.सं. २०३५, पृ.२७) ।

अर्थ- चन्द्रमा वा कुनै पाप ग्रह लग्नमा, चन्द्र, शुक्र, या लग्नेश छैठौं स्थानमा, शुक्र बाह्रौं स्थानमा वा कुनै ग्रह आठौं स्थानमा बसेमा उपनीत बालकको मृत्यु हुन्छ । कसैले

लग्नगत चन्द्रमा उत्तम बताएका छन् भने कसैले उच्च भए मात्र शुभ हुने बताउँछन् । उपनयन विधिमा उपर्युक्त विधिले निकालिएको शुभ मुहूर्तको अघिल्लो दिन शुद्ध भई गायत्रीको उपदेशको अधिकार प्राप्तिका लागि बाह्र हजार वा त्यस भन्दा बढी गायत्रीको जप गर्नु पर्दछ । उपनयनको दिन पिताले वा आचार्यले नै मध्यान्ह भन्दा पहिले आभ्युदयिक श्राद्ध गरेर शिखा राखी कपाल खौरेर स्नान गरी यथाशक्ति सिँगारेर सफा गरिएको बाहिरी यज्ञाशालामा आचार्यले अग्निस्थापना गरी कुमारलाई अग्निको पश्चिमतिर आफ्नो दाहिनेतिर हात जोडेर बसाई अनुशासनको प्रतिज्ञा गराउँछन्- ॐ ब्रह्मचर्यमागाम् । ब्रह्मचार्यसानि ॥ त्यस पछि आचार्यले बस्त्र पहिऱ्याई आचमन गराएर मेखला ब“धिदिन्छन् । त्यस पछि यज्ञोपवित, मृगचर्म, दण्ड धारण गराई आचार्यले शिष्यलाई शङ्ख, ढोलक आदि बजाएर शुभ लग्न, शुभनवांश शुभ बेलामा गायत्री दान गर्नुपर्दछ ।

गायत्री मन्त्र दान गर्दा पहिलो पटकमा ॐ भूर्भुवः स्वः, ॐ तत्सवितुर्वरेण्यं, ॐ भर्गोदेवस्यधीमहि । धियोयोनः प्रचोदयात् ॐ ॥ दोस्रो पटकमा ॐ भूर्भुवः स्वः, ॐ तत्सवितुर्वरेण्यं भर्गोदेवस्यधीमहि । धियोयोनः प्रचोदयात् ॐ ॥ तेस्रो पटकमा गुरु र शिष्य दुवैले स“गै पाठ गर्नु पर्दछ । त्यस पछि ब्रह्मचारीले गुरुचरणमा ढोगेर गुरुदक्षिणा दिने आचार छ । त्यस पछि ब्रह्मचारीले मध्यान्हको समयमा मध्यान्हसन्ध्या गर्नुपर्दछ । किनकि यावद्वेदोपदेशो न तावत् सन्ध्यादिकं न च । तो मध्यान्हसन्ध्यादि सर्वं कर्म समाचरेत् ॥ भन्ने जैमिनिको वचन छ । त्यस पछि बालकले विधिपूर्वक अग्निमा समिधा हवन गरेर अग्नि, वरुण र गुरुलाई अभिवादन गरी आशीर्वाद लिएर भिक्षा माग्नु पर्दछ ।

भिक्षा माग्नका लागि कुमारले दण्ड ग्रहण गरी अग्निको प्रदक्षिणा गरेर भिक्षँपात्र लिई ब्राह्मण बालकले ॐ भवति भिक्षां देहि भनी पहिले आमास“ग भिक्षँ माग्नु पर्दछ र उनले भिक्षँ दिए पछि स्वस्ति भनी ग्रहण गरी अरुसँग भिक्षा मागेर प्राप्त भिक्षालाई स्वस्ति भनी ग्रहण गरी गुरु समीप ल्याईभो गुरो इयं भिक्षा मया लब्धा भनी आचार्यलाई दिई फेरि भिक्षान्तरका लागि जानुपर्दछ । क्षत्रीय बालकले ॐ भिक्षां भवति देहि भनी भिक्षा माग्नु पर्दछ भने वैश्य बालकले ॐ भिक्षां देही भवति भनी पूर्वोक्तवत् भिक्षँ माग्नु पर्दछ । व्रतबन्धन गरेका ब्रह्मचारीले निम्न नियमहरू पालना गर्नु पर्दछ- क्षार, लवण, मह, मांसाहार नगर्ने, दण्ड, कृष्णमृगचर्म धारण गर्ने, वृक्षारोहण, विषमभूमिमा यात्रा, नग्नस्त्रीनिरीक्षण, स्त्रीसम्पर्क, श्रृङ्गार, प्रशंसा गर्न नहुने शास्त्रको निर्देशन छ ।

### २.१३.३ वेदारम्भ

यो संस्कार ज्ञान प्राप्तिसँग सम्बन्धित छ। वेदको अर्थ ज्ञान हो र वेदारम्भ संस्कारपछि बच्चाले ज्ञानलाई आफूमा समाहित गर्न थाल्छ भन्ने विश्वास लिइन्छ । यही नै यस संस्कारको अर्थ हो । वेदारम्भभन्दा पहिले आचार्यले आफ्ना शिष्यहरूलाई ब्रह्मचर्य व्रत बस्ने र संयमित जीवन बिताउने प्रतिज्ञा गराउँथे र परीक्षा लिएर मात्रै वेदको अनुसन्धान गराउँथे । अनियन्त्रित जीवन बिताउनेहरूलाई वेद अनुसन्धानको हकदार मानिँदैन थियो ।

# अध्याय तीन

# त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्परा

## ३.१ विषय परिचय

यो अध्यायमा यज्ञोपवीतको परिचय, यसको धारण परम्परा, यसको विधि र यसको महत्वको बारेमा चर्चा गरिएको छ। यस अध्यायमा त्रिपाठी समुदायका अलावा अन्य समुदायमा पनि यज्ञोपवीत धारणको परम्परा कस्तो छ ? शास्त्रीय मान्यतामा यज्ञोपवीत धारण विधिलाई कसरी व्याख्या गरिएको छ ? जस्ता विषय समेटिएको छ ।

## ३.२. यज्ञोपवीतको अर्थ, परिभाषा र महत्व

यस धर्तीमा अनेक प्रकारका जीवनजन्तु, प्राणीहरू छन्। जसमा विशालकाय जीवदेखि अति शूक्ष्म समान जीवहरू छन्। तीमध्ये मानव नै यस्तो प्राणी हो जो सर्वश्रेष्ठ एवं चेतनशील छ। तसर्थ मानव जातिले आफ्नो विकासक्रमसँगै विभिन्न परम्परा रीतिरिवाज मूल्यमान्यता, विश्वास धर्म संस्कृति आदिको समेत विकास एवं सिर्जना गर्दै आएको पाइन्छ। जसमा फरकफरक भाषा धर्म आदि पाइएको छ। यसै फरकफरक धर्ममध्ये सर्वप्राचीन एवं प्रमुखमध्येको धर्ममा हिन्दु धर्म समेत पर्न आउँछ। हिन्दु धर्मको मूल्य मान्यता वैदिक कालका ग्रन्थहरूमा आधारित छ। जसमा मोक्ष प्राप्त गर्नका निम्ति विभिन्न संस्कारहरूको व्याख्या गरेको पाइन्छ। हिन्दु धर्मको सर्वश्रेष्ठ ग्रन्थहरूमध्ये वेद प्रमुख मानिन्छ। त्यस्तै, उपनिषद् लगायत विभिन्न हिन्दु धार्मिक ग्रन्थहरू हिन्दु धर्म एवं दर्शनको प्रमुख मार्गका रूपमा रही आएको छ।

हिन्दु धर्म एवं दर्शन अनुसार मान्छेले मोक्ष प्राप्ति गर्नको लागि दैनिकी कृत्य गर्नुका अलावा जन्मपूर्वदेखि मृत्युपर्यन्तसम्मका विभिन्न संस्कारहरू, विभिन्न आश्रमको व्यवस्था, चार पुरुषार्थ, तीन ऋण आदिको व्याख्या एवं जानकारी लिएको छ। जसलाई हिन्दु धर्मावलम्बीहरूले अनुशरण गर्ने गरेको पाइन्छ। यिनै विभिन्न व्यवस्थामध्ये संस्कार पनि एक हो। यो मुख्य रूपमा धेरै संख्याको संस्कारहरूको व्यवस्था हिन्दु दर्शनमा रहेको मानिएतापनि धेरैजसो साधु सन्त महन्त विद्वानहरूले षोडशी संस्कारलाई बढी मान्यता दिएको पाइन्छ। जसमा प्राग् जन्मसंस्कार एवं बाल्य संस्कारहरू, शैक्षिक एवं आध्यात्मिक

संस्कार, पारिवारिक एवं सामाजिक संस्कार जस्ता विभिन्न भागमा वर्गीकरण गरिएको छ। जसमा शैक्षिक एवं आध्यात्मिक संस्कार अन्गर्तत्का मुख्य संस्कारहरूमा उपनयन संस्कार पनि पर्दछ। सामान्यभाषामा उपनयनय संस्कारलाई व्रतबन्ध संस्कार वा यज्ञोपवीत धारण समेत भन्ने चलन छ। विशेषगरी हिन्दु सनातन धर्म संस्कारहरू वेद, उपनिषद् एवं ब्राह्मण, धर्मसूत्र लगायत गुह्यसूत्रहरूमा यस संस्कारको व्याख्या गरेको पाइन्छ। यस उपनयन संस्कारलाई व्रतबन्ध, यज्ञोपवीत धारण आदि शब्दहरूद्वारा बुझिने चलन आदि हुनुको कारणमा वैदिक सनातन परम्परा अनुसार अनुसन्धान गर्नुपर्ने वेदका शाखामा तोकिएबमोजिमका व्रतहरू पालन गर्दै नियममा रहनका लागि गर्नुपर्ने कामलाई ब्रतबन्ध भनिनु त्यस्तै, वेदाध्यायन गर्नका लागि गुरुको नजिक पुर्‍याउने कामलाई उपनयन भनिनु आदि कारण रहेको छ।

त्यस्तै, यस कार्यलाई व्रतबन्ध, यज्ञोपवीत लगाउनु, मन्त्र सुनाउनु भन्ने चलन छ। ब्रतबन्ध वा उपनयन यस्तो धार्मिक कृत्य हो। जसलाई सम्पन्न गरेर बालकलाई शिक्षा लिन योग्य पात्र बनाइन्छ र गुरुको नजिक पुऱ्याइन्छ। त्यसैले यो संस्कारको नाम ब्रतबन्ध, उपनयन, यज्ञोपवीत आदि शब्दहरूबाट बुझ्ने वा बुझाउने चलन छ।

शास्त्रीय विधान अनुसार सम्पन्न गरिने यस यज्ञोपवीत संस्कार त्रिवणिक(तीन वर्ण) समाजमा हुने धार्मिक कृत्य हो। भारतीय उपमहादवीपमा हुने हिन्दु मान्यता अनुसार समाजमा ब्राह्मण, क्षेत्रीय र वैष्यहरू माताको गर्भबाट पहिलो जन्म पाउँदछ र ब्रतबन्ध वा यज्ञोपवीत संस्कारबाट द्विजन्म वा दोस्रो जन्म प्राप्त गर्दछन्। यो संस्कारविना कोही पनि द्विज नहने र द्विज समाजबाट बहिस्कृत हुने मान्यता छ। जुन यस संस्कारबाट मात्र दिवज संख्यामा गणना गरिन्छ। यस संस्कारलाई गुरु वा ऋषिहरूले द्विजत्व साधनको स्थानमा राखेको पाइन्छ। जसले गर्दा यस संस्कारविना ब्राह्मण ब्राह्मण नहुने, क्षेत्री क्षेत्री नहुने र वैश्य वैश्य नहुने साथै बालक माता एवं पिताबाट जन्म लिएर पनि शास्त्रीय अधिकार प्राप्तिका लागि यो संस्कार गर्नुपर्ने र जसमा यज्ञोपवीत संस्कार नगरेसम्म कुनै कार्य गर्नको लागि अधिकार मिल्दैन। आचार्य एवं गायत्रीको सहयोगबाट मात्रै एक बालकलाई द्विज समाजको अग्रपंक्तिमा गणना गरिन्छ। जुन दोस्रो जन्म हो।

दोस्रो जन्ममा पञ्चभौतिक तत्व दिई जन्मदिने आमाबुबाभन्दा ज्ञान वा वेदरुपि शरीर दिएर मोक्ष मार्गतर्फ अग्रसर गराउने मातापिता मानिन्छ। जुन विशेष छ। तसर्थ

त्रिवर्णलाई प्रथमजन्मभन्दा दोस्रो जन्मको महत्वलाई विशिष्ट मानिन्छ। आर्य समाजमा स्त्रीजाति र शुद्र बाहेकका ब्राह्मण, क्षेत्री र वैश्यलाई दोस्रो जन्म वा द्विज हुने व्यवस्था छ। जसमा प्रथम दुई जातिलाई वेद अथवा ज्ञान अनुसन्धान गर्नु नपर्ने भनिएको छ।

जसले गर्दा उनीहरूलाई ब्रतबन्ध वा यज्ञोपवीत धारण गर्नुपर्दैन। उनीहरूलाई शिक्षा एवं ज्ञानका लागि वेदबाहेकका अन्य धर्मग्रन्थहरू जस्तै पुराण, महाकाव्य आदि ग्रन्थद्वारा अनुसन्धान गर्न वा ज्ञान दिलाउन सकिन्छ। स्त्रीलाई विवाह नै ब्रतबन्ध वा यज्ञोपवीत धारण सरह हुने, शून्द्र र स्त्रीलाई विवाह र अन्त्येष्टि संस्कार गर्दा भने मन्त्रोच्चारण मार्फत् यस्ता धार्मिक कृत्यको सम्पादन गर्ने गरिन्छ। द्विज बालकको जन्म हुनासाथ तीन किसिमका ऋणहरू धारण गर्दछन्। जसले गर्दा यी ऋणहरूबाट मुक्त नभई उनीहरू मोक्ष प्राप्तिका लागि योग्य हुँदैनन्। यसर्थ यस्ता ऋणहरूबाट अऋणी हुनका लागि दुवीज सन्ततीले यज्ञोपवीत धारण गर्नु आवश्यक छ। किनभने ऋणबाट उऋण हुनका लागि ब्रह्मज्ञानी हुनु आवश्यक छ। जसका लागि वेदाध्यायन गर्नुपर्छ। यज्ञोपवीत धारणविना बेदाध्यायन बर्जित छ। त्यस्तै, पितृ ऋणबाट मुक्तिका लागि श्राद्ध, तर्पण, तीर्थ श्राद्ध गर्नु आवश्यक छ। जहाँ असंस्कारी व्यक्तिले गरेको तर्पण पितृहरूले प्राप्त गर्न सक्दैनन्। त्यस्तै, देव ऋणबाट मुक्त हुनका लागि हवन, यज्ञ, यज्ञादि, दान धर्म आदि कर्मको आवश्यक छ। जसका लागि असंस्कृत व्यक्ति यज्ञमा दीक्षित हुँदैनन्। यसका अलावा द्विजत्व प्राप्ति, ब्रह्मचर्यलाभ, सत्मार्ग, सत्यज्ञान, सदाचार, सत्शिक्षा एवं बेदाध्यायनमा प्रवेशका लागि उपनयन संस्कार वा यज्ञोपवीत धारणको आवश्यकता पर्दछ। यस्ता धार्मिक कृत्यद्वारा बालकमा माताको गर्भसम्बन्धबाट आएका र पिताको बीज सम्बन्धद्वारा आएका दोष, पापहरू सम्म हुन्छ भन्ने जानकारी स्कन्द पुराणको काशी खण्डमा समेत उल्लेख छ।

परम् पुरुषार्थका लागि जीव तत्वबाट शिवतत्व धारणका लागि क्षुद्र देहबाट विश्वदेह प्राप्तिका लागि यस्ता धार्मिक कृत्य आवश्यक छ। यस्तो संस्कारहरूले व्यक्तिलाई परिवारको, समाजको एवं देशको विकसित व्यक्ति बनाउँछ। जसले समाज एवं देशका लागि समेत योगदान दिन सक्दछ। हिन्दु मान्यता अनुसार संस्कारहरूले कुनै पनि व्यक्ति एवं समुदायमा कुनै किसिमका दोषहरू भएमा तिनलाई हटाउने, त्यस्ता दोषहरू दमन पश्चात् गुणाधान बनाउने जसमा अभिष्ट गुणको स्थापित गराई हिनांग पूर्ति गर्ने गराउने कार्य गर्दछ।

यसरी हेर्दा हरेक संस्कारको आवश्यकता त्यसको महत्व भिन्नभिन्न रहेको मानिएतापनि संस्कार एवं धार्मिक कृत्यद्वारा व्यक्ति एवं समाजलाई पूर्ण विकसित गराइ समस्त प्राणीलाई मुक्तितर्फ लैजानु हो । यज्ञोपवीत धारणको विशेष सामाजिक उपयोगिता देखिन्छ। जसको उद्देश्यक एक बालकलाई गुरुकुलको बाटो खुला गर्नु वा बेदाध्यायन गराउनु हो । बेदाध्यायनका निमित्त वर्ण अनुसार फरकफरक आयु तोकिएको पाइएता पनि हिन्दु सनातन धार्मिक ग्रन्थहरू तथा गृह्यसूत्रहरूद्वारा ब्राह्मणको आठौं वर्षमा क्षेत्रीयहरूको ११ औं वर्षमा र वैष्यको १२ औं वर्षमा यज्ञोपवीत धारण संस्कार गर्नु उचित मानिन्छ । जसको कारण हेर्दा वर्णभेद अनुसार उमेरको भेद हुनुमा वर्णका उपास्य देवताहरूको संख्या र प्रकृतिलाई आधार मानेको देखिन्छ । उदाहरणका लागि वशुलाई ब्राह्मण स्वरूप मानिन्छ । त्यस्तै, रुद्रलाई क्षेत्रीय स्वरूप मानिन्छ र आदित्यलाई वैश्य स्वरूप मानिन्छ ।

यज्ञ र उपपवित दुई शब्दबाट व्युत्पन्न भएको यज्ञोपवीत शब्दले यज्ञलाई प्राप्त गराउने वाला अर्थ बुझाउँछ । यज्ञबाट पवित्र गरिएको सूत्रले मात्रै परमात्मालाई प्राप्त गर्न सकिने भएकोले उपनयन संस्कारमा यज्ञोपवीत धारण गरिन्छ। जुन संस्कार गरिसकेपछि मात्र बालक गुरुको नजिक गएर विद्या प्राप्त गर्न समर्थ हुन्छ। हिन्दु शास्त्रहरूमा गुरुलाई ब्रह्मा, विष्णु र महेश्वरको स्वरूप मानिन्छ। यस्ता गुरुबाट वेद अनुसन्धान गर्नुपर्ने र उहाँको निकट जानको लागि उपनयन संस्कार गरी यज्ञोपवीत धारण गर्नु अनिवार्य भएकोले यसको महत्व धेरै रहेको छ । यज्ञोपवीतको महत्वलाई धार्मिक र वैज्ञानिक गरी दुई भागमा विभाजन गरिएको छ ।

### ३.२.१ धार्मिक महत्व

द्विज बालकले यज्ञोपवीत लगाएपछि नै यज्ञ तथा स्वाध्याय गर्ने अधिकार पाउँछ । द्विजको अर्थ हुन्छ अर्को जन्म । यज्ञोपवीतलाई उपवीत, यज्ञसूत्र, ब्रह्मसूत्रजस्ता नामले पनि चिनिन्छ । यज्ञोपवीत धारण गर्ने परम्परा वैदिक कालदेखि चलिआएको छ ।

उपनयन संस्कार भएका वा व्रतमा बाँधिएका व्यक्तिले यज्ञोपवीत लगाउँछन् । यसले ब्रह्म (ईश्वर) को नजिक लान सहयोग गर्छ। यज्ञोपवीत तीनवटा पवित्र डोरो, सूत्र वा धागोबाट बन्छ । यसलाई देब्रे काँधमाथि तथा दाहिने हातमुनि पारेर लगाइन्छ ।

तीन सूत्रले ब्रह्मा, विष्णु र महेशलाई बुझाउँछ । यसलाई देवऋण, पितृऋण र ऋषिऋण अनि सत्व, रज र तमको प्रतीक पनि मानिन्छ । यी तीन सूत्रहरू गायत्री मन्त्रका तीन चरण र तीन आश्रमका पनि प्रतीक हुन् ।

यज्ञोपवीतको लम्बाइ ९६ अंगुल हुन्छ किनकि यज्ञोपवीत धारण गर्ने व्यक्तिले ६४ कला र ३२ विद्या सिक्ने प्रयास गर्नुपर्ने हुन्छ । बत्तीस विद्या चार वेद, चार उपवेद, ६ अंग, ६ दर्शन, तीन सूत्रग्रन्थ र नौ अरण्यक मिलेर बन्छन् । चौसट्ठी कलामा नृत्यकला, व्यञ्जनकला, चित्रकारिता, यन्त्र निर्माण आदि पर्छन् ।

## ३.२.२. यज्ञोपवीतको वैज्ञानिक महत्व

यज्ञोपवीत लगाउने व्यक्ति सफाइको नियममा बाँधिएको हुन्छ । सफाइले उसको दाँत, मुख, पेट आदिका रोगबाट बचाउँछ । यज्ञोपवीतलाई दाहिने कानमा बेर्दा कानको नसा थिचिन्छ अनि मस्तिष्कको सुषुप्त तन्तुले काम गर्छ । दाहिने कानको नसा अण्डकोष र गुप्तांगसँग जोडिएको हुन्छ । मूत्र विसर्जन गर्दा दाहिने कानमा यज्ञोपवीत बेर्दा शुक्राणुको रक्षा हुन्छ ।

कानमा यज्ञोपवीत बेर्दा सूर्य नाडी जागृत हुन्छ र एवं पेटसम्बन्धी रोग र रक्तचापको समस्या हट्छ । यज्ञोपवीत धारण गर्दा विद्युत् प्रवाह रेखा नियन्त्रणमा रहन्छ र काम क्रोध नियन्त्रण गर्न सहज हुन्छ । यज्ञोपवीतले पवित्रताको अनुभव गराउँछ । मनलाई खराब काममा लाग्नबाट यसले जोगाउँछ ।

यज्ञोपवीतको थप महत्वलाई तल उल्लेख गरिएको छ :

यज्ञोपवीत लगाएर मात्रै गायत्री मन्त्र सुन्ने अधिकार मिल्ने, गायत्री मन्त्र सुन्नका लागि यज्ञोपवीत धारण गर्नैपर्ने परम्परा छ । वेद अनुसन्धान गर्ने अधिकार पनि यज्ञोपवीत धारण गरेपछि मात्रै प्राप्त हुन्छ । शिक्षा ग्रहण गर्न र समाजमा योग्य पात्र बन्न त्यस्तै, गुरुको समीपमा जानका लागि यज्ञोपवीत धारण गर्नु आवश्यक छ । शास्त्रीय विधिविधानबाट ग्रहण गरिने यज्ञोपवीत त्रैवार्णिक समाजमा हुने धार्मिक संस्कारको प्रमुख अंग रहेको छ ।

गुरुकुल प्रवेशका लागि योग्य र गुरुबाट शिक्षा प्राप्त गर्ने अवसर यसै संस्कारपछि मात्रै सम्भव छ। माताको गर्भबाट पहिलो जन्म, ज्ञानरुपि गुरुको सामिप्यबाट जन्मनुपर्ने र द्विजत्व प्राप्त गर्ने अवसर यज्ञोपवीत धारण गरेपछि पाइन्छ। यसको ग्रहणविना द्विज सम्बन्धी शास्त्रीय अधिकार प्राप्त नहुने, यस संस्कारबाट बञ्चित पुरुषले धर्म अर्थ काम मोक्ष प्राप्त गर्न नसक्ने ।

यसको धारणविना ईश्वर, पितृको सन्ध्या र बन्दना गर्न पनि मिल्दैन। नश्वर भौतिक शरीरको साँटो नविनासी र ज्ञानमय शरीर प्राप्त यज्ञोपवीत धारण गरेपछि प्राप्त हुने मान्यता छ। पञ्चभौतिक स्थुल शरीरको साँटो ज्ञानरुपि अक्षुण्य शरीर दिएर मुक्ति मार्गमा जाने मार्ग प्रशस्त हुने भएकोले यसको महत्व छ। यज्ञोपवीत धारणले मनुष्यलाई संस्कारविहीन हुनबाट जोगाउँछ।

## ३.३ हिन्दु धर्ममा यज्ञोपवीत धारण परम्परा

हिन्दु समाजको वर्ण व्यवस्थालाई सबैभन्दा स्पष्टसँग व्याख्या गरेको ग्रन्थ भनेर मनुस्मृतिलाई मानिएको छ। यस ग्रन्थले नै हिन्दु समाजमा वर्ण व्यवस्थाको बिजारोपण गरेको मानिएको छ। मनुस्मृतिमा ब्राह्मण, क्षत्रीय तथा वैश्यले यज्ञोपवीत धारण गर्नुपर्ने उल्लेख गरेको छ। मनुस्मृतिको द्वितीय अध्यायमा श्लोक ३६ मा भनिएको छ।

*गर्भाष्टमेऽब्दे कुर्वीत ब्राह्मणस्योपनायनम् ।*
*गर्भादेकादशे राज्ञो गर्भात्तु द्वादशे विशः ॥* (पन्थी, वि.सं.२०७४)

अर्थात्, ब्राह्मणको उपनयन-संस्कार गर्भबाट आठौं वर्ष, क्षत्रीयको गर्भबाट एघारौं वर्ष तथा वैश्यको गर्भबाट बाह्रौं वर्षमा उपनयन संस्कार गर्नुपर्छ।

त्यसैगरी, मनुस्मृतिले जुनसुकै जातिको भए पनि साधु अर्थात् ऋषिले भने यज्ञोपवीत धारण गर्न सक्ने उल्लेख गरेको छ। तर गृहस्थ जीवनमा भने द्विज वर्णले मात्रै यज्ञोपवीत धारण गर्न पाउने व्यवस्था उल्लेख छ।

मनुस्मृतिले अन्तिम कति वर्षको उमेरसम्म उपनयन-संस्कार गर्न सकिन्छ भन्ने प्रश्नको पनि जवाफ पनि दिएको छ । द्वितीय अध्यायकै श्लोक ३८ मा भनिएको छ :

*आषोडशाद्ब्राह्मणस्य सावित्री नातिवर्तते ।*
*आद्वाविंशात् क्षत्रबन्धोराचतुर्विंशतेर्विशः ॥* (पन्थी, वि.सं.२०७४)

अर्थात्, सोह्र वर्षसम्म ब्राह्मणलाई, बाइस वर्षसम्म क्षत्रीयलाई र चौबिस वर्षसम्म वैश्यलाई सावित्रीको अतिक्रमण हुँदैन अर्थात् यस समयसम्म उपनयन-संस्कार गर्न सकिने व्यवस्था उल्लेख छ ।

मनुस्मृतिले यज्ञोपवीत के-को हुनुपर्ने, कस्तो हुनुपर्ने आदि विषयमा पनि स्पष्ट व्याख्या गरेको छ । यसैगरी यज्ञोपवीत संस्कारको समय ब्राह्मण, क्षत्रीय तथा वैश्यले पहिले कोसित भिक्षा माग्ने वा नभएमा के गर्ने जस्तो विषयमा पनि स्पष्ट उल्लेख गरेको छ । यसैगरी यज्ञोपवीतमा कुन जातले के-को लट्ठी बोक्नेजस्ता सामान्य विषय पनि मनुस्मृतिमा उल्लेख छ । स्मृतिको द्वितीय अध्यायकै श्लोक ४९ मा भनिएको छ :

*भवत्पूर्वं चरेद् भैक्षमुपनीतो द्विजोत्तमः ।*
*भवन्मध्यं तु राजन्यो वैश्यस्तु भवदुत्तरम् ॥* (पन्थी, वि.सं.२०७४)

अर्थात्, यज्ञोपवीत भएको ब्राह्मणले भवत् शब्दलाई पहिले बोलेर, क्षत्रीयले भवत् शब्दलाई मध्यमा बोलेर र वैश्यले भवत् शब्दलाई अन्तमा बोलेर भिक्षा माग्नु पर्दछ । जस्तै : ब्राह्मणले 'भवति भिक्षां देहि', क्षत्रीयले 'भिक्षां भवति देहि' तथा वैश्यले 'भिक्षां देहि भवति' भन्नुपर्ने उल्लेख स्मृतिमा छ ।

यज्ञोपवीतको सम्बन्धमा कतिपय प्रसंगमा कुनै पनि जातिमा कुनै पनि किसिमको भेद नहुने बताइएको छ । कुन काँधमा यज्ञोपवीत धारण गर्ने तथा यसमा कतिवटा धागो हुनुपर्ने भन्ने विषयमा मनुस्मृतिमा विभेद गरिएको छैन । जबकि व्यवहारमा ठाउँअनुसार र जातिअनुसार यसमा विभेद देखिन्छ ।

## ३.४ यज्ञोपवीत धारण विधि

ब्रतबन्ध संस्कारले बालकलाई द्विजत्व सिद्धिका निम्ति गायत्री मन्त्र सुनाउनु, बेदारम्भ गराउनु र शिक्षण संस्था गुरुकुलमा प्रवेश गराउनु आदि इत्यादिका संस्कारहरूका निम्ति योग्य मानव बनाउनु यसको एकमात्र उद्देश्य हो। यस संस्कारमा केशमुण्डन र शिखा धारणसँगै यज्ञोपवीत पनि धारण गरिन्छ। प्रथमतः कपासको धागोबाट बनेको नौ डोरालाई तेहोऱ्याइएको धागो नै यज्ञोपवीत हो। यसलाई पनि त्रिवृत गरी एउटा ग्रन्थीले बाँधेपछि मात्रै यज्ञोपवीतको निर्माण हुन्छ। यज्ञोपवीत धारण गर्ने व्यक्तिको हातको बुढी औंलाबाहेक अन्य चार औंला तर्जनी, मध्यमा, अनामिका र कनिष्ठ औंलाहरूको मूलमा ९६ फन्को अटूट रूपमा घुमाइएको मन्दिर वा गौशालामा बसी अनध्यायरहित दिनमा सन्ध्याबन्दनादि नित्यकर्म तथा १०८ यथाशक्ति गायत्री मन्त्र जपेर ब्राह्मणद्वारा कातिएको धागोबाट यज्ञोपवीत बनाउने गरिन्छ। यसरी ४ औंलाको मूलमा पहिलोपल्ट ९६ फन्का घुमाउँदा प्रणवसहित भूः यस मन्त्रको, दोस्रोपल्ट ९६ फन्का घुमाउँदा भूवः यस मन्त्रको र तेस्रोपल्ट ९६ फन्का घुमाउँदा स्वः यस मन्त्रको उच्चाहरण गर्नुपर्छ। यसपछि पनि आपोहिष्ठा शन्नोदेवी, तत्सवितु.... इत्यादि मन्त्र उच्चाहरण गर्दै यसलाई त्रिगुणित गरी बाटेर प्राणवसहित ओम प्राणानां ग्रन्थिरसी रुद्रो मा विशान्तक तेनाऽनेनाऽऽप्यायस्व। नमो रुद्राय विष्णवे मृर्त्योमे पाहि यस मन्त्रद्वारा ब्रह्मग्रन्थी निर्माण गरिन्छ। यसरी बनाइएको ९ तन्तुमा ओङ्कारपूर्वक अग्निलाई आह्वान गरी पूजा गरेर आम तागाधारीहरुले श्रावण शुक्ल पूर्णिमाका दिन र रिचोकटारका त्रिपाठीहरुले भिन्न तिथिका दिन विधिपूर्वक स्नानगरी सप्तर्षिपूजन तथा तर्पण गरिसकेपछि ओम यज्ञोपवीतम् परम् पवित्रम् प्रजापतेर्यत् सहजं पुरस्तात्। आयुष्यम् अग्र्यं प्रतिमुच्य शीघ्रं यज्ञोपवीतम् बलमस्तु तेजः। यो मन्त्रोच्चारणपूर्वक धारण गर्नुपर्दछ (शास्त्री र शास्त्री, वि.सं. २०४०, पृ.५०४)। माथि उल्लिखित प्रक्रियाद्वारा निर्माण गरिने यज्ञोपवीतका ९६ फन्का नै हुनुपर्ने कारणहरु विभिन्न धर्मशास्त्रहरुमा विविध प्रकारले व्याख्या गरिएको पाइन्छ। यसमध्ये केही एउटा उदाहरण तल प्रस्तुत गरिएको छ।

ब्रह्म गायत्रीका तीनै पाउमा २४ अक्षर छन्। चारैवेदमा व्यास गायत्री छन्दका सम्पूर्ण मिलाउँदा २४*४=९६ अक्षर हुन्छन्। यसकारण यज्ञोपवीत एक यस्तो संस्कार हो जसद्वारा द्विज बालकलाई गायत्री एवं वेद दुवैमा अधिकार हुन्छ। यसै कुरालाई विचार गरी ९६ फन्का घुमाउने व्यवस्था गरिएको बुझिन्छ (शास्त्री र शास्त्री, वि.सं. २०४०,

पृ.५०६)। यसरी निर्माण गरिएको यज्ञोपवीत धागोलाई यज्ञोपवीत पूर्णिमाका दिन मन्त्रद्वारा ब्राह्मणले धारणयोग्य पार्दछन्।

यसै यज्ञोपवीतलाई सो वर्षभरि ब्रतबन्ध संस्कारमा प्रयोग गरिन्छ। त्यस्तै, उपनयन संस्कार गरिसकेका सबै सदस्यहरूले धारण गरेको यज्ञोपवीत कुनै कारणवश नष्ट भएमा वा क्षति भएमा तत्काल धारण गर्ने गरिन्छ। ब्रतबन्ध संस्कारमा प्रथमपटक यज्ञोपवीत धारण गर्दा ब्राह्मणद्वारा विशेष पूजा, समारोह, यज्ञ, आयोजना गरी पवित्र मन्त्रसूत्रद्वारा दीक्षित गराई द्विज बालकलाई धारण गराइन्छ। त्यसपछिको समय ब्राह्मण नभए पनि यज्ञोपवीत धारण गर्न सकिन्छ। त्यस यज्ञोपवीतको समयावधि एक वर्षको रहन्छ। पुनः यज्ञोपवीतपूर्णिमाका दिन ऋषि तर्पणी पूर्णिमाका दिन हरेक वर्ष नवीकरण गर्नुपर्दछ। भवितव्य परेर कुनैपनि समयमा नष्ट भयो, चुँडियो आदि भने उक्त समयमा सो व्यक्ति नयाँ यज्ञोपवीत धारण नगरेसम्म द्विजत्व नहुने भएकोले तत्काल नयाँ यज्ञोपवीत धारण गर्नुपर्छ।

## ३.५ गायत्री मन्त्रको परिचय र अर्थ

ब्रतबन्ध गरेका द्विजहरूले हरेक दिन जप्ने शक्तिशाली मन्त्र गायत्री हो। द्विजसंस्कार गरिएको ब्राह्मणले दिनदिनै गायत्री मन्त्र अनिवार्य रूपमा जप गर्नुपर्छ भनी शास्त्रले बताएको छ। पहिलेपहिले यो मन्त्रलाई गोप्य राख्नुपर्छ भन्ने मान्यता रहेको भए पनि अचेल भने गायत्री मन्त्र गोप्य राख्ने गरिँदैन।

*गायत्री मंत्र :*
*ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्*

ॐ लाई प्रणव भनिएको छ। प्रणव भनेको साराको सारा मन्त्रको पनि सारतत्व हो। त्यसैले ॐ आफैँमा पनि पूर्ण मन्त्र हो। यसले निराकार तत्व (परमेश्वर परमात्माको) प्रति लक्षित गराउँछ र उनमा शरणागत हुने र उनको उपासना एवं आह्वानलाई जनाउँछ भन्ने मानिएको छ। यो यस्तो ध्वनि विशेष हो, जसले शरीरमा स्फूर्ति प्रदान गर्दछ। यो अ, उ, म र चन्द्रबिन्दुको मिश्रणबाट बन्दछ। ॐले लक्षित गरेको परम आत्मा अर्थात् परब्रह्म परमात्मा सत् हो। त्यसैले यो नित्य छ। ॐ वाचनाको साधनाले साधकलाई नित्यतर्फ अर्थात् सत्तर्फ उन्मुख गराउँछ। त्यसैगरी ॐ चित् हो। चित् भनेको चेतनस्वरूप हो।

उनकै चैतन्य सत्ताका आधारमा चेतन प्रकृति चल्दछ । त्यसैगरी प्रत्येक प्राणीमा चेतना जाग्दछ । त्यही चैतन्य नै चित् हो । चित् ज्ञानस्वरूप हुन्छ ।

भूर्भुवः स्वःले व्यापक ब्रह्माण्ड जगत्मा परमेश्वर परमात्माको अवस्थिति एवं प्रभावको विषय दर्शाउँछ । ब्रह्माण्ड जगत्मा दुईथरि कुरा छन् दृष्टि र द्रष्टा । भोक लागेको थाहा पाउँदा भोक दृष्टि हो भने भोक थाहा पाउने (प्रज्ञान) द्रष्टा हो । दृश्यमा विषयवस्तु, शरीर, इन्द्रीय, मन, बुद्धि, आवाज, योजना, कल्पना, भावना, प्रपञ्च, क्रियाकलाप, उद्देश्य, प्राप्ति, नियत, स्वभाव, समय आदि पर्दछन् । ती सबका सब थाहा पाउने द्रष्टा हो । संसारमा दुईथरी कुरा हुन्छ, दृष्टि र द्रष्टा वा क्षेत्र र क्षेत्रज्ञ । यसका अलावा नित्य र अनित्य, जरा र चेतन, आत्मा र अनात्मा, सत् र असत् जस्ता दुई तत्वहरु रहेका हुन्छन् । भूर्भुवः स्वःले सङ्केत गर्ने ब्रह्माण्ड जगत् पनि यत्ति नै हो ।

तत् सवितुर्वरेण्यंमा तत् ले ॐलाई, भूर्भुवः स्वःको अधिष्ठान चैतन्यलाई, सर्व उपास्य सूर्यको समेत नियमन गर्ने तत्वलाई एवं तेजोमय शक्तिलाई सङ्केत गर्दछ । सविताले तेजोमय प्रकाशपुञ्ज सूर्यलाई जनाउँछ । यहाँ वरेण्यंको अर्थ वरण गर्न योग्य वा अपनाउन योग्य भन्ने लाग्छ । महान् शक्तिशाली प्रकाशपुञ्ज सूर्यनारायणसमेत उनै परमात्मा चैतन्यका आधारमा प्रकाशित हुन्छन् भनेर देखाउन गायत्री मन्त्रमा तत् सवितुर्वरेण्यं राखिएको हो । सर्वउपाास्य सूर्यको महानताको कारण नै साकार सूर्यवरणको माध्यमबाट निराकार परमात्मा तेजसम्मका शृङ्खला मिलेको छ । सूर्य सर्वद्रष्टा हुन् । उनको तेजको पहुँच सर्वत्र छ । उनको त्यो चौतर्फी पहुँच र दृष्टिबाट कुनै पनि अरिष्ट/अनिष्ट छिप्दैनन् । आफूउपर कुनै अरिष्ट/अनिष्ट आउँदैछ भने ती सबै सूर्यको रश्मिबाट खिचिएर नाश हुन् भन्ने भावमय प्रार्थना सूर्यवरणमा छिपेको हुन्छ । यसरी साकारमा सूर्य महान् छन् । उनै जगत्का सञ्चालक हुन् । उनै जगत्का प्रकाशक हुन् । सूर्यमा जुन दिव्य ताप र प्रकाश छ त्यो एकनास छ । सूर्य सधैं जाज्वल्यमान छन् र उनको प्रकाशमा रतिभर घटबढ छैन । त्यस्ता सबैका हितकारक र सबैबाट कुनै न कुनै तरहले वरण हुने तेजयुक्त सूर्यसमेतको नियमनमा अर्को त्योभन्दा महान् तत्वप्रति लक्षित गर्न सर्व सहज प्रस्तुतिका लागि गायत्री मन्त्रमा तत् सवितुर्वरेण्यं समावेश छ । सविता भर्गो देवस्य धीमहि भर्गो भन्नाले तेज भन्ने बुझिन्छ, जुन तेज हाम्रो अन्तःकरणमा भएको विकार एवं अज्ञान नाश गर्न सक्षम छ । जीवलाई जीवतत्व प्रदान गर्न सक्षम छ । तेजसँग प्रकाश सम्बन्धित हुन आउँछ । त्यस्तो

प्रकाश जसले दिव्य प्रकाशित सूर्यलाई समेत नियमन गर्दछ, त्यस्तो तेज जसले बुद्धिलाई स्फूरण हुन सत्ता प्रदान गर्दछ, यसको चेतना स्फूरणको अधिष्ठान चैतन्यलाई लक्षित गरेर त्यसैमा बुद्धिवृत्ति लक्षित गराउने प्रयोजन छ । भर्गो देवस्यलाई जनाउने प्रतीक ॐ हो ।

देवस्यको अर्थ देवको भन्ने हुन्छ वा दैवी तत्वको भन्ने बुझिन्छ । सूर्य तेजमा निरन्तरता हुनुमा त्यसलाई नियमन गर्ने अर्को थप शक्ति हुनैपर्दछ भन्ने दृढताबाट अघि बढ्दै गायत्री मन्त्रमा भर्गो देवस्यबाट निराकारको फाँटमा पुऱ्याइएको छ । त्यसको सङ्केत भर्गोमा गएर टुङ्गिएको छ । त्यस्ता दिव्य प्रकाशमय एवं अलौकिक खालका र सूर्यभन्दा पनि महान सङ्केत भर्गोलाई गर्दछ ।

गायत्री मन्त्रमा चैतन्य तेजको ध्यानको प्रतिबद्धता आएको छ । धीमहिको अर्थ ध्यान गर्छु भन्ने हुन्छ । ध्यान गर्नु भनेको तप गर्नु हो । तपको दायरामा भक्ति, उपासना, सेवा, अर्पण, चिन्तन, दास्यभाव आदि सबै पर्दछन् । यसका सहयोगसिद्ध कुराहरू दम र कर्तव्य कर्म हुन् । दम भनेको मन, इन्द्रीयको अनावश्यक सञ्चालनमा संयमता र नियन्त्रण हो । जीवन निर्वाहको हकमा नगरी नहुने कर्म र परमात्मा विषयक कार्यहरू कर्मको दायरामा पर्दछन् । यस्ता कुरामा निरन्तरता आएपछि सोही संस्कार सूक्ष्म शरीरमा बस्दै जान्छ । यस्तो संस्कारले अन्तःकरणका दूषित मलिनता हट्नमा बल मिल्दछ ।

धीमहियस्ता दूषित मलिनता पूर्व जन्मबाट पनि सरेर आउने हुनाले वर्तमानलाई मात्र अन्दाज गरेर हुँदैन । परिस्कृत संस्कार बसेपछि यसअघिका दूषित गुणहरू पनि क्रमिक रूपमा हट्दै जाने हुन्छन् । यस्तो साधनाको परिपक्व अवस्था नै सूक्ष्म शरीरको नाश र परमात्मा एकाकार हो । त्यही ध्येय तत्व परमात्मा चैतन्य तेज एवं सोको शक्ति उपर केन्द्रित हुनु पर्दछ । आफ्नो यथार्थ स्वरूप तत् अर्थात् त्यो दैवी तेज नै हो । त्यही तेज नै आफ्नो चेतना हो र चेतना नै सर्वस्व हो । यसको अनुपस्थितिमा शरीर मृत हुन्छ । दूषित विकारीपनमा सञ्चित कर्म र क्रियमाण कर्म स्थापित रहेको हुन्छ । सञ्चित कर्म र क्रियमाण कर्मको समुच्च रूप नै प्रारब्ध हो । धीमहिधियो भनेको बुद्धि हो । प्रचोदयात् भनेको अभिप्रेरित होओस् वा उन्मुख होओस् वा उत्प्रेरित होओस् भन्ने हो । अर्थात् हाम्रो बुद्धिवृत्ति सोही परमात्मा तेजतर्फ उन्मुख होओस् भन्ने बुझिन्छ । अतः यहाँ बुद्धिलाई चैतन्यतर्फ उन्मुख गराउने प्रसङ्ग छ ।

## ३.६ मलेखु रिचोकटार क्षेत्रका त्रिपाठीको यज्ञोपवीत धारण परम्परा

मलेखु क्षेत्रमा त्रिपाठी समुदायको उल्लेख्य मात्रामा बसोबास रहिआएको पाइन्छ। उनीहरू दशौं पुस्तादेखि यही क्षेत्रमा बसोबास गर्दै आएका छन्। उनीहरू गौतमगोत्री ब्राह्मण वर्णका त्रिपाठीहरू हुन्। जो सनातन हिन्दु धर्मावलम्बीहरू हुन्। यिनीहरू सामवेदी गौतम गोत्री त्रिपाठी समुदायमा पर्दछन्।

### ३.६.१. मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण गर्ने परम्परा

हरेक हिन्दु सनातनीहरूले आफ्ना परम्परा संस्कार, संस्कृतिलाई पुस्तान्तर गर्दै आइरहेका हुन्छन्। वैदिक कालमा सुरु भएको उपनयन संस्कार र त्यसभित्र पर्ने यज्ञोपवीत धारण परम्परा हरेक तागाधारीहरूमा एक पुस्ताले अर्को पुस्तामा परम्परा हस्तान्तरण गर्दै आएका छन्। जुन मलेखु क्षेत्रका त्रिपाठीहरूमा पनि देखिन्छ। तर यो क्षेत्रका त्रिपाठीहरूको यज्ञोपवीत धारण गर्ने परम्परा अन्य तागाधारीकोभन्दा केही भिन्न पनि छ। पहिलो त यस क्षेत्रका त्रिपाठीहरूले जनैपूर्णिमाको दिन नभएर ऋषि पञ्चमीको दिन यज्ञोपवीत धारण गर्ने गर्छन्। त्यसैले मूल अन्तर्वस्तुमा नै अरुको भन्दा यो समुदायको परम्परा भिन्न छ भन्न सकिन्छ। दोस्रो परम्परागत रूपमा यो समुदायले ९ डोरा भएको यज्ञोपवीत धारण गर्ने गर्दथे। जुन अहिले परिवर्तन भएको छ। तर यो पनि त्रिपाठी समुदायको विशिष्ठ परम्परा हो। त्यस्तै, यस क्षेत्रका त्रिपाठीहरूले त्रिशुली नदीमा गएर शरीर शुद्धि पश्चात् नदी किनारमा यज्ञोपवीत धारण गर्ने गर्छन्। जुन परम्परा पनि अरुको भन्दा भिन्न छ।

### ३.६.२. मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीतधारण गर्ने विधि

मलेखु क्षेत्रका त्रिपाठीहरूको यज्ञोपवीत धारण परम्परा र अन्य समुदायको यज्ञोपवीत धारण गर्ने विधिमा त्यति ठूलो अन्तर रहेको छैन। यद्यपि उनीहरूको मन्त्र, स्थान, समय र प्रक्रियामा भने अन्य समुदायकोभन्दा फरकपना देखिन्छ। यो समुदायमा पनि अन्य समुदायमा जस्तै केशमुण्डन र शिखा धारणसँगै यज्ञोपवीत पनि धारण गरिन्छ। मलेखु क्षेत्रका त्रिपाठीहरूले पहिले पहिले हातले नापेर पाँच बित्ताको जनै बनाउने गरिन्थ्यो। त्यसमा प्रत्येक बित्तामा एक शिखाको दरले पाँच वटा शिखा बनाउने चलन थियो। दुवैपट्टि शिखा बनाउने चलन थियो। यसरी तयार पारिएको यज्ञोपवीतलाई सामवेदी तान्त्रिकबाट

भाद्र शुक्ल पञ्चमीका दिन मन्तर्ने चलन थियो । अहिले अन्य संस्कारमा बदलाव आए पनि सामवेदी तान्त्रिकबाट यज्ञोपवीत मन्तर्ने परम्परा अद्यपि कायमै छ ।

यज्ञोपवीत धारण परम्परामा प्रथमतः कपासको धागोबाट बनेको नौ डोरालाई तेहोऱ्याइएर तयार पार्ने गरिन्छ । यसलाई पनि त्रिवृत गरी एउटा ग्रन्थीले बाँधेपछि मात्रै यज्ञोपवीतको निर्माण हुन्छ । यज्ञोपवीत धारण गर्ने व्यक्तिको हातको बुढी औंलाबाहेक अन्य चार औंला तर्जनी, मध्यमा, अनामिका र कनिष्ठ औंलाहरूको मूलमा ९६ फन्को अटूट रूपमा घुमाइएको मन्दिर वा गौशालामा बसी अनध्यायरहित दिनमा सन्ध्याबन्दनादि नित्यकर्म तथा १०८ यथाशक्ति गायत्री मन्त्र जपेर ब्राह्मणद्वारा कातिएको धागोबाट यज्ञोपवीत बनाउने गरिन्छ । यसरी निर्माण गरिएको यज्ञोपवीत धागोलाई यज्ञोपवीत भाद्र महिनामा हस्ता नक्षत्रले युक्त भएको दिन मन्त्रद्वारा ब्राह्मणले धारणयोग्य पार्दछन् ।

## ३.६.३. मलेखुका त्रिपाठी समुदायको संस्कार व्यवस्था

धादिङ जिल्ला बेनीघाट रोराङ गाउँपालिका वडा नं ३ स्थित मलेखु क्षेत्रका त्रिपाठीहरू पनि हिन्दु सनातन धर्मावलम्बीहरू हुन् । यी समुदायहरूमा अन्य तागाधारी समुदायले भन्दा भिन्न तिथिमा यज्ञोपवीत धारण गर्ने परम्परा रहेतापनि यिनीहरूले मनाउने धार्मिक कृत्य, दैनिकीकृत्यका अलावा अन्य व्यवस्था भने आम हिन्दु परम्परा अनुसार नै रहेको छ । जसमा यिनीहरू षोडशी संस्कार अन्तर्गत गर्भाधान, पुंशवन, सिमन्तोनयन, जातकर्म, नामकरण, कर्णभेद, उपनयन,वेदारम्भ, समावर्तन, विवाह, वानप्रस्थ, सन्यास र अन्त्येष्टि संस्कारलाई नै निरन्तरता दिने गरेको पाइन्छ । यद्यपि आजकल भने वानप्रस्थ र सन्यास संस्कारलाई व्यावहारिक रूपमा निरन्तरता दिएको पाइँदैन ।

## ३.६.४. मलेखु क्षेत्रका त्रिपाठी बन्धुवान्धवहरूको कुल देवता, पूजाविधि

कुल पूजामा कुल देवताको मन्दिर स्थानमा त्रिपाठीहरू (हाल महिला बालबच्चा सबै) भेला भई मन्दिर परिसरको काली र शिवको पूजा गरिन्छ । कुल पूजा हरेक वर्ष फरक पारेर दुई वर्षमा एक पटक फागुन शुक्ल पञ्चमी तिथीमा गर्ने गर्दछन् । यदि फागुन शुक्ल पञ्चमीमा कुल पूजा नहुने भएमा दशमी तिथीमा कुल पूजा गरिन्छ । अझ यस तिथिमा समेत पूजा गर्न नमिल्ने भएमा अर्को वर्षको फागुन शुक्ल पञ्चमी तिथिमा कुल पूजा गर्ने चलन छ । उनीहरू शरीर शुद्धी गरी त्रिशुली नदिबाट सात वटा ढुंगा बोक्ने, जसमध्ये

दुईवटा महादेवको र पाँचवटा कालीको प्रतीकका रूपमा कुलदेवताको मन्दिरमा स्थापना गर्ने गर्दछन् र पूजा समाप्त भएको सात दिनपछि मात्र उक्त काली र शिवका प्रतीक ढुंगालाई पुनः त्रिशुली नदीमा सेलाइन्छ। हरेक घरको छुट्टाछुट्टै दियो बाली काली र शिवको स्थापनासँगै गणेश, कलश, नवग्रह, आदि देवको समेत स्थापना गर्ने गर्दछन्। बली भने कालीलाई मात्रै दिइन्छ। अरु देवदेवीलाई भने चोखो फलफूल चढाइन्छ। कुल पूजा सकिएपछि महासंकल्पपश्चात् शिव र काली पूजाको विसर्जन गरिन्छ। पूजा समाप्त भएपछि ईष्टमित्र, भाञ्जाभाञ्जी, छोरीहरू आदिलाई दक्षिणा दिइसकेपछि सबै खानपिनमा लाग्दछन्।

## ३.७. यज्ञोपवीत नवीकरण

वैदिक परम्परा अनुसार ससाना बालकहरूलाई अनुसन्धानका लागि गुरुकुल वा ऋषिमुनिहरूको आश्रममा पढाउनका लागि वेदाध्यायनका लागि गुरु समक्ष अर्पण गर्दा एक विशेष समारोह गर्ने गरिन्छ। जसलाई व्रतबन्ध, उपनयन वा यज्ञोपवीत धारण संस्कार भनिन्छ। जसमा उक्त समारोहमा वैदिक विधि अनुसार यज्ञ यज्ञादि वा कर्मकाण्ड गरिन्छ। उक्त समारोहमा नै अनुसन्धानका लागि तयार गरिने बालकलाई अनुसन्धानको व्रत सूचक, यज्ञसूत्र प्रदान गरिन्छ। जुन यज्ञोपवीत हाल बोलीचालीमा यज्ञोपवीत, प्रतिज्ञासूत्र आदि नामले परिचित छ। यसरी धारण गरिएको यज्ञोपवीत सामान्यतया वर्षाकालमा उपवाषादिद्वारा देहशुद्ध गरी नित्य स्नानद्वारा मक्कीसकेको यज्ञोपवीतलाई फेरेर वेदाध्यायन गर्नु, धर्मकर्ममा दत्तचित्त हुनका लागि विशेष समयमा वार्षिक रूपमा सामान्यतया सामूहिक रूपमा पवित्र स्थान(नदी एवं नदीकिनार)मा यज्ञोपवीतलाई नवीकरण गर्ने गरिन्छ। जुन तिथि श्रावण पूर्णिमाका दिन चोखो एवं पवित्र रही यज्ञसूत्रलाई नवीकरण गर्ने परम्परा छ। उक्त परम्परा आजको समयमा पनि विशेष पर्वको रूपमा मनाइन्छ। सोही परम्परा मलेखु क्षेत्रका त्रिपाठी समुदायले श्रावण पूर्णिमाका दिन नभएर भाद्र शुक्ल हस्ता नक्षत्रका दिन यस परम्परालाई मनाउने गरेका छन्। जसमा यज्ञोपवीताका अलावा रक्षा बन्धन समेत धारण गर्ने गरिन्छ। जुन स्वर्गका राजा इन्द्र र दानवहरूको लडाइँसँग सम्बन्धित कथन पनि छ।

रक्षाबन्धन धारण गर्नुको मुख्य उद्देश्यमा यसै दिन नयाँ यज्ञोपवीत धारण गरेर देह शुद्ध भएका ब्राह्मणहरूद्वारा वैदिक मन्त्रोच्चारणद्वारा पवित्र भएको रक्षाबन्धन धारण गर्दा मंगल कामना सहित सम्पूर्ण वर्षहरूमा समेत नराम्रो क्रियाकलाप नहुने, दोषहरू दमन हुने मान्यता छ। जुन बलिराजासँग सम्बन्धित पौराणिक घटनासँग प्रभावित भई हिन्दु सनातनीहरूद्वारा रक्षाबन्धन समेत सोही दिन धारण गर्ने गर्छन्। वैदिक कालदेखि नै यसै

दिनमा ऋषिमुनिहरू पवित्र स्थान एवं नदी किनारमा जमघट भई विभिन्न शास्त्रको चर्चा परिचर्चा गर्ने, आआफ्ना अनुभूति एवं शिक्षा, ज्ञानका विषयमा छलफल गर्ने हुनाले यस दिनलाई श्रद्धाका साथ ऋषि तर्पणी भन्ने परम्परा समेत छ । तसर्थ, तागाधारी समुदायद्वारा यस दिन आ-आफ्ना गुरुहरूलाई विशेष सम्भने गर्दछन् ।

## ३.८. अन्य समुदायमा यज्ञोपवीत धारण परम्परा

किरात राई समुदायका भित्रका विभिन्न संस्कारहरूमध्ये छेवर एक महत्वपूर्ण संस्कार हो । निश्चित उमेर पुगेपछि बालकको छेवर र बालिकाको गुन्युचोलो प्रदान गर्ने संस्कार रहेको छ । किरात राई समुदायमा बालकको छेवर संस्कार सम्पन्न गर्नका लागि निजको साख्य मामा, मामा नभए नजिकको मामाको हातबाट कपाल मुण्डन गरी छेवर गरिन्छ । उक्त कार्यका लागि शुभ साइत हेराई बिहानै नुहाईधुवाई गराएर गाई बाँध्ने दाम्लोले गाईकै किलोमा पशुजस्तै बाँधेर नयाँ छुराले कपाल मुण्डन गरिदिन्छन् । त्यसपछि मान्यजनहरूबाट टीका लगाउँदै दीर्घायु, सुस्वास्थ्य एवं मंगल कामनाको आशीर्वाद दिएर सम्पन्न गरिन्छ । यस अवसरमा छरछिमेकी, मावली, छोरीचेली र आफन्तजन भेला भएर रमाइँलो गरिन्छ । त्यसैगरी नेपालका अरु जनजातिहरूको छेवर संस्कार गर्ने गराउने परम्परा रहेको छ । जस्तै, मगर गुरुङ, चेपाङ, तामाङ आदि जातजातिहरूमा समेत बालकलाई द्विजजाति बनाउने आआफ्नै संस्कार परम्परा रहेको छ । उक्त छेवर संस्कार ब्रतबन्ध वा आर्य समाजको यज्ञोपवीत धारण परम्परा सरह नै मान्न सकिन्छ । त्यसैले नेपालका हरेक जातजातिमा आआफ्नै किसिमले ब्रतबन्ध संस्कारलाई अँगालेको भेट्न सकिन्छ । जसको उद्देश्य पनि एउटै रहेको छ ।

निष्कर्षमा भन्नुपर्दा यज्ञोपवीत संस्कार सनातन हिन्दु धर्मावलम्बीहरूको विशेष संस्कार हो । जसले मोक्ष प्राप्तिका लागि बाटो खुला गर्छ भन्ने विश्वास रहिआएको छ । साथै, यस संस्कारद्वारा मान्छेलाई दोस्रो जन्म प्राप्त हुन्छ भन्ने विश्वास रहिआएको छ । यो परम्परा हिन्दु आर्यहरूमा मात्रै नभएर नेपाल लगायत भारत वर्षमा बसोबास गर्ने मंगोलियन जातिले समेत आ-आफ्नै तरिकाले मनाउने गर्दछन् । नामको हिसाबले यज्ञोपवीत नै नभने पनि यी जातिले मनाउने संस्कार यज्ञोपवीत संस्कारको उद्देश्यसँग मिल्दोजुल्दो छ । त्यसैले यो परम्परा आर्य जातिमा मात्रै नभएर अन्य जातिमा समेत प्रचलनमा रहेको छ भन्न सकिन्छ ।

# अध्याय चार

# मलेखु क्षेत्रका त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्पराको परिवर्तित स्वरूप

## ४.१. विषय परिचय

यस अध्यायमा विषय सम्बद्ध व्यक्तिहरूसँग अन्तर्वार्ता लिएर तथा स्थलगत अवलोकनबाट मलेखु क्षेत्रमा बसोबास गर्ने त्रिपाठी समुदायको यज्ञोपवीत धारण गर्ने परम्परामा आएको परिवर्तनहरूको विवेचना गरिएको छ। जानकारहरूबाट प्राप्त सूचना अनुसार यस परम्परारको बाह्य पक्षमा धेरै परिवर्तन भएको भेटिन्छ। वितेका ४०/५० वर्ष अघिभन्दा हाल मलेखु क्षेत्रका त्रिपाठी समुदायले यज्ञोपवीत धारण गर्ने तौरतरिकामा धेरै परिवर्तन आएको देखिन्छ। बाह्य पक्ष भन्नाले जनैको आकारप्रकार, त्यसको निर्माण सामग्रीहरू, बनाउने तरिका, धारण गर्दाको समयमा गरिने कृयाकलापहरू, उमेरको हद आदिमा फेरबदल भएको छ।

## ४.२. त्रिपाठी समुदायमा यज्ञोपवीत धारणमा आएको परिवर्तन

मलेखु क्षेत्रमा रहेका त्रिपाठी समुदायको संस्कारलाई हेर्दा परम्परागत संस्कारमा आमूल परिवर्तन आएको देखिएको छ। स्थलगत अनुसन्धान र सम्बन्धित व्यक्तिसँगको अन्तर्वार्ताको कममा परम्परागत संस्कारमा धेरै हदसम्म परिवर्तन आएको भेटिएको हो। मलेखुका त्रिपाठीहरूको परम्परागत संस्कार र त्यसमा आएको परिवर्तनलाई तल उल्लेख गरिएको छ।

### ४.२.१. शरीरशुद्धी र जनै मन्तर्ने परम्परा

मलेखुका त्रिपाठी समुदाय त्रिशुली नदीको सतहमा बस्ने गर्छन्। जसकारण उनीहरू हरेक धार्मिक कृत्यभन्दा अगाडि शरीर शुद्धीका लागि त्रिशुली नदीमा स्नान गर्ने गर्थे। यसर्थ, यज्ञोपवीत धारण गर्नु अगावै हरेक द्विजले बिहान उठेर खरानी, हात्तीको पाउको माटो वा हलोको माटो, गाईको गोबर, गहुँत दलेर त्रिशुली नदीमा सातपटक शरीर शुद्धी गरेर जनै मन्तर्ने परम्परा रहेको कुरा पण्डित गोबिन्द प्रसाद पन्त बताउनुहुन्छ। हाल त्यसको

अभ्यासमा परिवर्तन मात्रै नभएर यो परम्परा लोप भइसकेको छ। यसको सट्टा सामान्य नुहाईधुवाई मात्रै गर्ने चलन छ।

### ४.२.२. यज्ञोपवीत धारण गरेका त्रिपाठीहरूको खानपिन परम्परा

परम्परागत रूपमा त्रिपाठीहरूले यज्ञोपवीत धारण गरिसकेपछि ६ महिनासम्म माछामासु खानुहुँदन भन्ने चलन थियो। व्यावहारिक रूपमा यज्ञोपवीत धारणको लागि उपनयन संस्कार पश्चात अनुमति मिल्थ्यो। माछामासु बार्ने चलन छाडेर उपनयन संस्कारकै दिनमा भोजभतेर गरी यी अभक्ष्य पदार्थहरू ग्रहण गर्ने प्रचलन समेत देख्न सकिन्छ (दीपक त्रिपाठीसँगको अन्तर्वार्ताबाट)। मलेखु क्षेत्रका त्रिपाठीहरूको यज्ञोपवीत धारण गर्ने दिनका लागि घरपरिवारको अन्य सदस्यहरू विशेष रूपमा विवाहित महिलाहरूले पनि यज्ञोपवीत धारण गर्ने अघिल्लो दिनदेखि संस्कार सम्पन्न नभएसम्म चोखो खाने, चोखो बस्ने र ब्रतबन्ध भएका आफ्ना पारिवारिक सदस्यलाई भूमिका खेल्दथे (पशुपति त्रिपाठीसँगको अन्तर्वार्ताबाट)।

## ४.३. यज्ञोपवीतको सूत्र

वैदिक कालदेखि त्रिपाठी समुदायहरू चूडाकर्म र उपनयन संस्कारमा तीन डोरा लगाउँथे। वेदारम्भपछि छ डोरा लगाउँथे। समावर्तनपछि नौं डोरा लगाउँथे। हाल उक्त परम्परा पूर्ण रूपमा परिवर्तन भई चुडाकरणदेखि मृत्युपर्यन्त छ डोरोको यज्ञोपवीत धारण गर्दछन्। हरिहर भाष्य अनुसार जनै यज्ञोपवीत ९ सूत्र वा डोराको नौ देवताको नामको पछि पनि गुढ रहस्य रहेको छ। यज्ञोपवीतको नौ सूत्रमा भिन्नभिन्न नौ देवताको अधिष्ठान छ। ती देवताहरूका भिन्नभिन्न नौ गुणका साथ यज्ञोपवीत धारणद्वारा द्विज जातिको बालक नवौं गुणले भूषित हुन जान्छन्। हरिहर भाष्यका अनुसार यज्ञोपवीतमा रहेका नौ धागाले निम्न देवता र उनीहरूका निम्न गुणलाई जनाउने गर्दछ।

प्रथम देवता ओमकारको गुणले ब्रह्मज्ञानलाई
द्वितीय देवता अग्निको गुण तेज
तृतीय देवता अनन्तको गुण धैर्य
चतुर्थ देवता चन्द्रको गुण सर्वप्रियता
पञ्चम देवता पितृगणको गुण स्नेहशीलता

षष्ठ देवता प्रजापतिको गुण प्रजापालन

सप्तम देवता वायुको गुण बलशाली

अष्टम देवता सूर्यको गुण प्रकाश

नवम देवता सर्वदेवताको गुण सात्विकता (सुवेदी, वि.सं. २०७३) ।

उनीहरूले व्यावहारिक रूपमा महिनाको एक पटक यज्ञोपवीत फर्ने गर्थे । तर तीन महिनासम्म एउटै यज्ञोपवीत धारण गरेको भए अनिवार्य परिवर्तन गर्नुपर्दथ्यो । जनै फेरेको भोलिपल्ट जुठो परेमा १० दिनमा, सूतक परेमा ११ दिनमा यज्ञोपवीत फेर्ने साथै, त्योभन्दा दुईदिनपछि फेरि एकपटक फेर्थे (सञ्जीव त्रिपाठीसँगको अन्तर्वार्ताबाट) ।

## ४.४. यज्ञोपवीत धारणको स्थान

पहिलेपहिले त्रिपाठी समुदायका व्यक्तिहरू जनै मन्तर्ने दिन कोही नदीमा जाने गर्थे भने नदीमा नजाने र जजमानी गर्नेहरूले घरको पाञ्चायन देवको थानमा अथवा मन्दिरमा जनै मन्तर्थे । हाल त्रिशुलीमा मात्रै मन्तर्ने गरिएको छ । घरमा मन्तर्नेहरूले एक घडामा कुशद्वारा सात ऋषिको स्थापना गर्ने गर्दथे । जनै मन्तर्ने ठाउँमा उपनयन संस्कार नगरेकाहरू जान नपाउने चलन थियो । तर अहिले यो चलन हराइसकेको छ । अहिलेको समयमा मलेखु क्षेत्रका सम्पूर्ण त्रिपाठी समुदायहरूले अरु समुदायले जनै मन्तर्ने ठाउँभन्दा भिन्न ठाउँमा जनै मन्तर्ने गर्छन् । तर दुवै समुदायको जनै मन्तर्ने ठाउँ भने त्रिशुली नदी किनारामा नै हुने गर्दछ ।

## ४.५. वस्त्र एवं कार्य

पहिलेका त्रिपाठी परम्परा अनुसार जनै मन्तर्ने समयमा चोखो कपडाको रूपमा शुक्ल वस्त्राध्याय अथवा सेतो कपडा र पर्दनी धोती लगाएर मात्रै मन्तर्ने चलन थियो । तर यो चलन अहिले हराइसकेकोछ । अहिले जोसुकै, जस्तो सुकै कपडामा पनि उक्त स्थानमा प्रवेश गर्न सक्छ ।

त्यस्तै, परम्परागत त्रिपाठी संस्कृतिमा यज्ञोपवीत धारण गर्ने दिन जनै फेर्नेहरूले खेतमा पानी लगाउने पालोको काम बाहेक अरु कुनै पनि काम गर्ने गर्दैन थिए । तर अहिले जनै फेर्नेहरूले पनि सबैखाले काम गर्ने गर्छन् । त्यस्तै, पहिले उपनयन संस्कार गरेकाले त्यो

जनै मन्तर्ने अघिल्लो दिन केश मुण्डन गर्ने परम्परा थियो, जुन परम्परा अहिले धेरै हदसम्म लोप भइसकेको छ ।

## ४.६. श्रावणी उपकर्म

श्रावणी उपकर्म भन्नाले यस क्षेत्रका त्रिपाठीहरूले यज्ञोपवीत धारण परम्पराको दिन विहान सबेरै नदीमा गई प्रातः स्नान गर्ने कर्मलाई बुझाउँछ । यस उपकर्म हाल त्यस क्षेत्रका वृद्ध एवं पाका त्रिपाठीहरूद्वार केही हदसम्म पालना गर्ने गरेको पाइए तापनि युवा अवस्थाका द्विज त्रिपाठीहरूद्वारा यस उपकर्मलाई अँगालेको पाइँदैन । यस उपकर्म अनुसार विगतका समयमा त्रिशुली नदीमा गएर नित्य स्नान गर्ने शुद्ध भएर ठाउँ अनुसार अपामार्ग, गोबर, माटो, खरानी, दुबो कुश, तिल, जौ, अक्षता, फूल आदि लिएर नदी किनारमा जाने र पूर्व दिशा फर्किएर मन्त्रोच्चारणद्वारा तीर्थको प्रार्थना गर्ने यसरी प्रार्थना गरी हातपाउ धोइ आचमन गर्ने र तीन टुक्रा कुश जौ, तिल र जल लिई संकल्प लिने र तीर्थको जललाई दायाँ पारेर अभिमन्त्रण गरी जललाई दायाँ हातको औंलाले दायाँतर्फ तीनपटक घुमाउँदै अञ्जलीमा पानी लिई नदी तिरमा जल फाल्ने त्यसपश्चात् हातमा माटो लिई अभिमन्त्रण गरी उक्त माटोलाई तीन भागमा विभाजन गर्ने जुन पहिलो भागले पाउमा लगाइ पखाल्ने, दोस्रो भागले कटिदेखि पाउसम्म लगाई पखाल्ने र तेस्रो भागले शिरदेखि नाभीसम्म लगाउने र हात धोई आचमन गरी पूर्व फर्किएर स्नान गर्ने गरिन्छ । यति गरेपश्चात् गोबर लिई मन्त्रद्वारा अभिमन्त्रण गरी सूर्यलाई गोबर देखाइ शिरदेखि पाउ पर्यन्त तीन पटक लगाउने, जुन माटोले जस्तै एक भागले पाउमा लगाइ पखाल्ने, दोस्रो भागले कटिदेखि तलको भागमा लगाइ पखाल्ने र तेस्रो भागले शिरदेखि नाभीसम्म लगाईसके पश्चात् तीन पटक स्नान गर्ने, माटो, गोबर पश्चात् मन्त्रोच्चारणसँगै भष्म एवं खरानी लगाई सोही अनुसार तीन पटक स्नान गर्ने गरिन्छ ।

त्यसपछि कुशको तीन बोट र जल लिई नाभीको दायाँतर्फबाट शिरसम्म सेचन गर्दै नाभीको बायाँतर्फ मन्त्रोच्चारणसँगै ल्याउने र तीनपटक अपामार्गले मार्जन गरी मन्त्रोच्चारणसँगै स्नान गर्न गरिन्छ । सोही अनुसार दुबोले समेत तीनपटक मार्जन गरी स्नान गर्ने गरिन्छ । यति गरिसकेपछि अघमर्षण अर्थात् एक अञ्जुलि पानी हातमा लिई नाकको दायाँ प्वालबाट तानेर बायाँ नाकको प्वालबाट निकाल्ने गरिन्छ । उक्त कार्य गर्दा मन्त्रोच्चारणका अलावा लक्ष्मीसहित विष्णु भगवानको स्मरण, ध्यान गर्ने, गायत्री मन्त्र जप

गर्ने र बुबाआमा हुनेले समेत स्नानांग तर्पण गरी माला लगाए जस्तो गरी जनै लगाएर कान्छी औंला र बुढी औलाको माझ्र तर्फबाट उत्तर दिशा फर्काएर ऋषिहरूलाई दुईदुई पटक मन्त्रोच्चारण सहित तर्पण गरी पिता नहुने माता हुनेले दक्षिण दिशातर्फ चोरी औंला र बुढी औलाको माझबाट तिल र जल सहित तीनतीन पटक पितृहरूलाई तर्पण गर्ने, उक्त कार्य पश्चात् तील जल अञ्जलिमा लिई यक्षलाई तर्पण गर्दै नदी किनारमा छोडिदिने र शिखाको जल झार्ने, शिखालाई दक्षिण दिशातिर पारी निचोर्ने, त्यसपछि दुईहात कुममाथि गरी सूर्यलाई अर्घ दिने र विभिन्न औंलाहरूले शरीरका विभिन्न भागमा मन्त्रोच्चारणसँगै स्पर्श गरी चुड्की बजाउने गरिन्छ। त्यसपछि दाहिने हात शिरमा घुमाई चोरी र माझी औंला बायाँ हत्केलामा तीनपटक बजाउँदै गायत्री मन्त्र जप गर्दै यस उपाकर्मलाई समापन गर्ने गरिन्छ। जुन परम्परा पछिल्लो समय हराउँदै गएको छ।

## ४.७. अन्य परम्परा

माथि उल्लेख गरिएका बाहेक पनि यज्ञोपवीत धारण गर्ने व्यक्ति अछुत भएमा सुनपानी वा स्नान गर्नुपर्ने चलन पहिलेको परम्परामा थियो। तर हालका त्रिपाठीहरूले यो परम्परालाई गम्भीरताका साथ लिने गरेका छैनन्। यस परम्परालाई वैदिक कालदेखि नै सुरु भएको मान्न सकिँदैन। तर काव्यकालभन्दा पछाडिको समयलेखि यो परम्परा त्रिपाठी समुदायमा विद्यमान थियो। यस अछूत परम्परालाई नेपालको कानुनले समेत अवैध मान्ने गर्छ। जसले गर्दा यो परम्परा त्रिपाठी समुदायमा लोप हुँदै गएको छ। विशेषतः मध्यकालमा यो परम्पराको बढी प्रभाव थियो। उक्त समयदेखि लगभग वि.सं. २०४७ सालसम्म यस परम्परा मलेखु क्षेत्रका त्रिपाठी समुदायमा पनि देख्न सकिन्थ्यो। अछुत भन्नाले हिन्दु सनातनीहरूमा द्विजबाहेक वा शूद्र वर्णका व्यक्तिहरूले त्रिपाठी समुदायका व्यक्तिलाई छोएको खण्डमा अछूत भएको मानिन्थ्यो।

त्यस्तै, विभिन्न जनावरहरू सुँगुर, बुँगुर, कुखुरा आदिले त्रिपाठी समुदायका द्विज व्यक्तिलाई छोएको खण्डमा अछूत भएको मानिन्थ्यो। जसकारण उक्त घटना पश्चात् द्विज त्रिपाठीहरूले तत्काल शुद्ध पानीद्वारा स्नान गरी आफूलाई शुद्ध पार्ने परम्परा थियो। यसका अलावा त्रिपाठी समुदायभित्र बालकको जन्म भएमा नामाकरण संस्कार पश्चात् मात्र शुभकार्य गर्ने गराउने परम्परा रहेको छ। उक्त समयलाई स्थानीय भाषामा मलेख क्षेत्रका त्रिपाठीहरू सुत्केरो भन्दछन्।

बालकको जन्म पश्चात् नामाकरणबीचको समयलाई उनीहरू अछुत मानी सुत्केरी आमाले चुलो चौको गर्न नमिल्ने अवस्थासम्मको अछुत सदस्य मान्दथे। यो समुदायमा कोही व्यक्तिको मृत्यु भएमा मृत्यु संस्कार समयसम्मको समयलाई शुभ समय नमान्ने चलन हालसम्म पनि विद्यमान छ। उक्त समयमा उनीहरू चाडपर्व, पूजाआजा लगायत धार्मिक कृत्य गर्नु अशुभ मान्दछन्। जुन हिन्दु सनातन दर्शन अनुसार पनि उक्त समयमा त्यस्तो कार्य गर्नु उचित मानिँदैन। हाल यस क्षेत्रका त्रिपाठीहरूले हरेक दिन सन्ध्याकालमा तीन पटक वेद पाठ गर्ने परम्परालाई समेत निरन्तरता दिएको पाइँदैन।

# अध्याय पाँच
# शोध सारांश, प्राप्ति तथा निष्कर्ष

## ५.१. शोध सारांश

हिन्दु धर्मावलम्बी अन्तर्गत त्रिपाठी समुदाय पनि एक हो । भारत वर्षभरि विभिन्न स्थानमा रहेका यी त्रिपाठी समुदायको नेपालमा पनि उल्लेख्य संख्यामा बसोबास रहेको छ । मुख्यतया गौतम गोत्री, शाण्डिल्य गोत्री गरी तीन गोत्रीय त्रिपाठी समुदाय रहेका छन् । यो समुदाय किन र कसरी त्रिपाठी भए भन्ने सम्बन्धमा विशेष सम्बन्ध प्राचीन ग्रन्थहरूका अनुसार सन्ध्या कालमा तीन पटक वेद पाठ गर्ने तागाधारी ब्राह्मणबाट भएको स्पष्ट हुन्छ । सनातनी धर्म, दर्शन र परम्परामा आधारित जीवनपद्धति सञ्चालन गर्ने त्रिपाठीहरूको आफ्नो किसिमको संस्कार, मूल्य मान्यता रहेको छ । शोध प्रबन्धको समस्या र उद्देश्यहरू अनुसार नेपालको वाग्मती प्रदेश, धादिङ जिल्लाका मलेखु क्षेत्रस्थित त्रिशुली नदी किनार आसपासमा बसोबास गर्ने त्रिपाठी समुदाय र उनीहरूको यज्ञोपवीत धारण संस्कारको बारेमा खोजी गर्नु थियो । त्यो खोजको नतिजा यहाँ प्रस्तुत गरिएको छ ।

मलेखु क्षेत्रमा बसोबास गर्ने त्रिपाठी समुदाय आफूलाई सामवेदी गौतमगोत्री भएको बताउँछन् । सत्य युगका कल्पजीवी ऋषि गौतमलाई यस समुदायका प्रवर्द्धक मान्दछन् । गौतमगोत्री त्रिपाठीहरू चारवेदहरूमध्ये तेस्रो वेद सामवेदका आचार्य र त्यसमा निपूर्ण भएका ब्राह्मण समुदाय हुन् भन्ने भनाइ छ । सामवेद र गौतम ऋषिबाट त्रिपाठी समुदायको गोत्र सामवेदी गौतम गोत्र भएको स्पष्ट हुन्छ । मानव जातिले मात्रै संस्कृति निर्माण गर्दछ । संस्कारहरू सम्पन्न गर्दछ । संस्कारहरू सम्बन्धित धर्म दर्शनमा आधारित हुन्छ । हिन्दु सनातन धर्ममा पनि विभिन्न संस्कारहरू रहेका छन् । संख्याका हिसाबले विभिन्न धार्मिक ग्रन्थहरूमा गौतम ऋषि ४८, पारस्कर ऋषि १३, आश्वनायन ११, वैश्वानर ऋषि १८, अंगीरा ऋषि २५, मनु ऋषि र यज्ञवाल्क्य १३, व्यास ऋषि १६ आदि संस्कारहरूको वर्णन गरिएको छ ।

हिन्दु धर्मावलम्बीहरूले वर्तमानमा १६ संस्कारहरूलाई अवलम्वन गरेको पाउँछौं । मानिसले आफ्नो ज्ञान शक्तिको ज्ञानद्वारा प्रकृतिप्रदत्त वस्तुहरूलाई परिस्कृत गरी आफू अनुकुल प्रयोगमा ल्याउन चाहन्छ । कतिपय कुरामा मान्छे सफल पनि भएको छ । यस्ता

प्राकृत वस्तुहरूलाई काँटछाँट, सुसंस्कृत, परिस्कृत, परिमार्जन गरिकन आफ्ना निमित्त जीवनोपयोगी बनाउनु नै संस्कार हो । जीवरुपि शरीर र मनलाई संस्कारले परिस्कार गरी, छोइपखाली गरी शुद्ध पारी सामाजिक प्राणी बनाउन सकिने कुरा संस्कारले बताउँछ । मानिस पनि एउटा प्राकृतिक वस्तु/जीव जस्तै नै हो भन्ने मान्यतामा मानिस एक असंस्कृत, अपरिस्कृत र अशुद्ध अछूत प्राणी भएर जन्मिन्छ । संस्कारहरूबाट मात्र ऊ सामाजिक प्राणी बन्दछ, द्विज बन्दछ, सुसंस्कृत मानिस बन्ने कुरा बताउँछ । द्विज मनुष्यमा परिवर्तन भई यस समाजको सदस्य बन्न सामर्थ्य हुने कुरा विभिन्न धार्मिक ग्रन्थहरूमा वर्णन गरिएको छ । सुसंस्कृत सामाजिक सदस्यको नाताले गरेको धर्म र धार्मिक कृयाकलापहरूको मात्र धर्म अनुसारको फल प्राप्त हुने, पुण्य प्राप्त हुने विश्वास छ ।

यस लोकमा मात्र नभएर पारलौकिक जीवनमा पनि संस्कर सम्बद्ध विधिविधानद्वारा गरिएका कर्मको असल फल प्राप्त हुने भएकोले हिन्दु सनातन धर्ममा संस्कारको प्रमुख महत्व रहेको छ । शोधमा महत्वपूर्ण संस्कारहरूको सूची निर्माण गरी व्याख्या गरिएको छ । त्यसैगरी यज्ञोपवीत धारण परम्पराको सामवेदी गौतमगोत्री त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्परा र वर्तमान समयमा उक्त परम्पराको अवस्थाबारे विभिन्न माध्यमबाट तथ्य सूचनाहरू संकलन गरी व्याख्या विवेचना गरिएको छ ।

### ५.१.१ धादिङ मलेखुका त्रिपाठी समुदाय

वर्तमान नेपाल अधिराज्यको वाग्मती प्रदेश, धादिङ जिल्ला अन्तर्गत बेनिघाट रोराङ गाउँपालिका वडा नं ३ मा पर्ने मलेखु क्षेत्रमा विभिन्न जातजातिहरू परापूर्वकालदेखि नै बसोबास गर्दै आएका छन् । विभिन्न जातजातिहरूमध्ये त्रिपाठी समुदाय पनि एक हो । हिन्दु सनातन धर्मावलम्बी त्रिपाठी समुदायको सामाजिक, धार्मिक र सांस्कृतिक कियाकलापहरू पनि यसै अनुसार सम्पादन गरिन्छ । भारतवर्षभरि मुख्यतः गौतम, शाण्डिल्य र काश्यप गोत्री गरी तीन गोत्रीय त्रिपाठीहरू रहेका छन् । विभिन्न भूभागमा छरिएर रहेका यी समुदाय त्रिपाठी, तियारी, त्यारी, तेवारी, तिवारी आदि थरहरूबाट पनि चिनिन्छन् । दैनिक कर्म अनुष्ठानका कममा तीन पटक सन्धयाकालमा वेद पाठ गर्ने भएकोले यो समुदायलाई त्रिपाठी भनिएको हो ।

नेपालको पश्चिमबाट पूर्वतिर विस्तार हुँदै आएका त्रिपाठी समुदाय नेपालका विभिन्न भूभागमा बसोबास गर्दछन् । धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका वडा नं ३ मा पर्ने मलेखु क्षेत्रमा बसोबास गर्ने त्रिपाठीहरू सामवेदी गौतम गोत्रीय हुन् । सत्य युगमा जन्मिएका कल्पजीवी गौतम ऋषिलाई आफ्नो समुदायको प्रवर्तक मान्ने र त्रिपाठी समुदाय चतुर्वेदहरूमध्ये सामवेदमा दक्षता प्राप्त गरेकाले गौतम गोत्रीय सामवेदी भएको हो ।

## ५.१.२ ऋषि पञ्चमीमा यज्ञोपवीत धारण

वैदिक कालमा रचना गरिएका ग्रन्थहरूमा आधारित हिन्दु धर्म दर्शन र त्यसका मूल्य मान्यता मार्फत् सामाजिक, धार्मिक तथा सांस्कृतिक कृयाकलापहरू सम्पन्न गर्ने हिन्दु सनातन धर्मावलम्बी समुदायहरू भारत वर्षभरि रहेका छन् । यसमध्ये हिन्दु संस्कारहरू एउटा महत्वपूर्ण संस्कृति हो । शरीर मन र मस्तिष्कको पवित्रता, असल गुणको जन्म र वृद्धि गरी समुदायको पूर्ण सदस्य बनाउन संस्कारहरूको महत्वपूर्ण भूमिका रहेको छ । ती संस्कारहरूमध्ये यज्ञोपवीत संस्कार पनि एक हो । शास्त्रीय विधिविधान अनुसार सम्पन्न गरिने यज्ञोपवीत संस्कार श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने प्रचलन छ । अन्य तागाधारी समुदायले श्रावण शुक्ल पूर्णिमाका दिन सम्पन्न गर्ने यज्ञोपवीत धारण परम्परा धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं ३ स्थित मलेखु क्षेत्रका त्रिपाठी समुदायले भने फरक तिथिमा ऋषि पञ्चमीका दिन फरक तरिकाले धारण गर्ने गर्दछन् । गौतम गोत्रीय सामवेदी त्रिपाठी समुदायले ऋषिपञ्चमीका दिन यज्ञोपवीत धारण गर्ने परम्परा छ ।

## ५.१.३. यज्ञोपवीत धारण परम्परामा परिवर्तन

शास्त्रीय विधिविधान अनुसार धारण गरिने यज्ञोपवीत समयक्रम अनुसार बदलिएको छ । यज्ञोपवीतका आकारप्रकार, त्यसको निर्माण सामग्रीहरू, निर्माण गर्ने तरिका, धारण गर्दाको समय, विधि, उमेर जस्ता कुराहरूमा परिवर्तन भएको विषय सम्बद्ध व्यक्तिहरूसँगको अन्तर्वार्ताबाट पत्ता लाग्दछ । यज्ञोपवीत धारण गर्दा गरिने शारीरिक शुद्धी, जनै मन्तर्ने विधिविधान, जनै ग्रहण गरिसकेपछि खानपानमा लाग्ने अनुशासन, विभिन्न समयमा नयाँ यज्ञोपवीत फेर्ने परम्परा र धारण गर्दा नदी तथा पवित्र स्थानको महत्व अहिले गौण भएर गएको शोधकर्ताको अनुभवबाट पनि थाहा भएको छ । त्रिपाठी समुदायको यज्ञोपवीत धारण परम्परामा पनि परिवर्तन भएको विषय सम्बन्धित जानकारहरूबाट पत्ता लागेको हो ।

## ५.२. शोधको प्राप्ति र निष्कर्ष

सनातन हिन्दु परम्परा वैदिक ग्रन्थहरूमा आधारित रहेको छ । चार वेदहरू तथा त्यसपछि विभिन्न कालखण्डमा रचना गरिएका उपवेद, आरण्यक, ब्राह्मण ग्रन्थ, उपनिषद्, स्मृति, पुराण आदि ग्रन्थहरूको आधारमा सामाजिक, धार्मिक तथा सांस्कृतिक कृयाकलापहरू सम्पन्न गर्दै आइरहेको छ । सत्य युगका कल्पजीवी गौतम ऋषिलाई आफ्ना प्रवर्द्धक मान्ने वाग्मती प्रदेश, धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिका वडा नं ३ का त्रिपाठीहरू सामवेदी गौतमगोत्रीय रहेका छन् । सामवेदी दाहायणमा भाद्र महिनामा हस्ता नक्षत्रले युक्त भएको दिन ऋषि तर्पणी वा वेदाध्यायन सुरु गरोस् भन्ने उल्लेख छ । गृह्यसूत्रको आधारमा सुबोधिनी पद्धति अन्तर्गत उपाकर्म प्रयोगको सुरुमा तन्त्रभाद्रपद मासिक हस्त नक्षत्र भनेर सामवेदीहरूको उपाकर्म वा वेदाध्यायन तथा ऋषि तर्पणीको समय आधिकारिक रूपले निर्धारण गरिएको छ ।

प्राचीन कालमा चार वेदका ऋषिहरू आ-आफ्ना शिष्यहरूलाई लिएर बेग्लाबेग्लै झुण्डमा यात्रा गर्दथे । सोही समयमा वेदहरू पढ्ने र पढाउने विधि, नियमहरूको पालना गर्दथे । जहाँ पुगेपनि वर्षायाममा वेदवेदांगहरूको पठनपाठन स्थगित गरिन्थ्यो । त्यस समयमा शिष्यहरूलाई पनि स्वाध्यायनका लागि स्वतन्त्रता दिइन्थ्यो । पुनः वर्षायाम सकिएपछि वेदवेदांगको अध्ययन सुरु गरिन्थ्यो । निश्चित तिथि नक्षत्रमा साइत जुराई पुनः गुरुले शिष्यहरूलाई वेदहरू अध्यापन गराउने परम्परा थियो । सोही शास्त्रीय नियम अनुसार सामवेदी ऋषिहरूले ऋषि तर्पणीका दिन वेदाध्यायन गराउन सुरु गर्दथे । त्यसका लागि नयाँ यज्ञोपवीत धारण गर्नुपर्ने भएकोले सामवेदी ऋषिहरूका शिष्यहरूले उपनयन संस्कार र यज्ञोपवीत धारण भाद्र महिनाको हस्ता नक्षत्र वा ऋषि तर्पणीका दिन धारण गर्ने परम्परा रहेको हो ।

धादिङ जिल्ला बेनीघाट रोराङ गाउँपालिका वडा नं ३ मा पर्ने मलेखु क्षेत्रका त्रिपाठीहरू सामवेदी गौतमगोत्रीय भएका कारण अन्य तागाधारीले जनैपूर्णिमाका दिन धारण गर्ने यज्ञोपवीत भाद्र महिनाको ऋषि तर्पणीका दिन धारण गर्ने परम्परा रहेको छ ।

# परिशिष्ट एक

## स्नातकोत्तर तह उपाधि प्राप्तिका लागि अन्तर्वार्तामा सोधिएका प्रश्नहरूको नमुना

१. मलेखु क्षेत्रका त्रिपाठी समुदायको इतिहासबारे तपाईंलाई के जानकारी छ ?

२. त्रिपाठी समुदायको प्रमुख संस्कारहरू कुन कुन हुन् ?

३. त्रिपाठी समुदायले यज्ञोपवीत धारण गर्ने परम्पराको बारेमा तपाईंलाई के कति जानकारी छ ?

४. त्रिपाठी समुदायले अन्य तागाधारी समुदायले भन्दा भिन्न तिथिमितिमा यज्ञोपवीत धारण गर्नुको कारण के-के हो ?

५. अन्य तागाधारी समुदाय र त्रिपाठी समुदायको यज्ञोपवीत धारण विधिमा के-कस्तो भिन्नता रहेको छ ?

६. त्रिपाठी समुदायको यज्ञोपवीत धारण गर्ने परम्परामा पहिलेदेखि अहिलेसम्ममा केकस्तो परिवर्तन भएको छ ?

७. यज्ञोपवीत धारण परम्परामा आएको परिवर्तनले त्रिपाठी समुदायको धार्मिक कृत्यमा कस्तो असर परेको छ ?

८. यज्ञोपवीत धारण परम्पराले त्रिपाठी समुदायको लागि कस्तो सांस्कृतिक महत्व राख्दछ ?

९. यज्ञोपवीत धारण परम्परामा महिला सदस्यको कस्तो भूमिका रहन्छ ?

१०. यज्ञोपवीत धारण गरिसकेपछि अनुशरण गर्नुपर्ने नियमहरू के-कस्तो रहन्छ ?

११. वर्तमान पुस्ताका त्रिपाठी युवाहरूले यज्ञोपवीत धारण परम्परालाई कसरी लिएका छन् ?

१२. यज्ञोपवीत कुनै कारणले चुँडिएमा के-कस्तो प्रक्रिया अपनाउनु पर्दछ ?

१३. त्रिपाठी समुदायमा मृत्युपछि यज्ञोपवीतलाई के गरिन्छ ?

१४. त्रिपाठी समुदायमा अन्य कुनकुन अवस्थामा यज्ञोपवीत फेर्ने गरिन्छ ?

# परिशिष्ट दुई

**स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि अन्तर्वार्ता लिइएका व्यक्तिहरूको विवरण**

| क.सं. | नाम र ठेगाना | उमेर(वर्षमा) | अन्तर्वार्ता मिति | पेसा | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १. | किशोर त्रिपाठी/मलेखु | ३४ | २०६९/०५/०७ | समाजसेवा | ९८५१२४८१७३ |
| २. | कृष्णराज त्रिपाठी/मलेखु | ७५ | २०६९/०५/०७ | कृषक | ९८४१४१७१५४ |
| ३. | बलराम त्रिपाठी/मलेखु | ४१ | २०६९/०५/०७ | व्यवसाय | ९८४३१४५४४५ |
| ४ | लीलानाथ त्रिपाठी/मलेखु | ९२ | २०६९/०५/०७ | समाजसेवा | ९८४१७०५५९४ |
| ५ | ऋषिनाथ त्रिपाठी/मलेखु | ५४ | २०६९/०५/०८ | राजनीति | ९८४१७१६१७४ |
| ६ | डिल्लीप्रसाद त्रिपाठी/मलेखु | ७५ | २०६९/०५/०८ | समाजसेवा | ९८४९४५४६३५ |
| ७ | दिपक त्रिपाठी/मलेखु | ३९ | २०६९/०५/०८ | व्यवसाय | ९८४१५६८९६३ |
| ८ | रामशरण त्रिपाठी/मलेखु | ५५ | २०६९/०५/०८ | समाजसेवा | ९८५१०४८१२७ |
| ९ | बलराम त्रिपाठी/मलेखु | ८० | २०६९/०५/०८ | समाजसेवा | ९८१३१४५४२७ |

# परिशिष्ट तीन

## प्रस्तुत शोधपत्र तयारीका क्रममा शोधार्थीले लिएका शोधसँग सम्बन्धित केही तस्वीरहरू



तस्वीर नं १ : त्रिशुली किनारमा यज्ञोपवीत संस्कारको तयारी गर्दै त्रिपाठी समुदाय



तस्वीर नं २ : यज्ञोपवीत संस्कारमा यज्ञसूत्रलाई प्राणप्रतिष्ठा गर्दै त्रिपाठी समुदायका पण्डित ।



तस्वीर नं ३ : यज्ञोपवीत संस्कारमा सहभागी हुँदै त्रिपाठी समुदायका प्रतिनिधिहरु




तस्वीर नं ४ :  यज्ञोपवीत संस्कारमा मन्त्रोच्चारण गर्दै जानकारहरु



तस्वीर नं ५ : त्रिपाठी समुदायको रक्षासूत्र (डोरो)



तस्वीर नं ६ : त्रिपाठी समुदायको यज्ञोपवीत(जनै)

# सन्दर्भ सामग्री


अधिकारी, प्रा.डा.सूर्यमणि (वि.सं.२०६०), *बाइसे राज्यको इतिहास,* काठमाडौंः भुँडीपुराण प्रकाशन ।

अधिकारी, डा. श्रीराम (वि.सं. २०७१), *सामवेद र यसका अध्येता,* नेपालः त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान ।

आचार्य, उवट र आचार्य, महिधर (१९७१), *शुक्लयजुर्वेद संहिता,* दिल्लीः मोतीलाल बनारसीदास ।

आचार्य, रामकृष्ण (१९९५), *संस्कार गणपति,* वाराणसीः चौखम्बा संस्कृत सिरीज ।

खनाल, मोहन प्रसाद (वि.सं. २०६१), *सेन राज्यको राजनैतिक इतिहास,* कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

खनाल, मोहनप्रसाद (वि.सं.२०५६), *सिम्रौनगढको इतिहास,* कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

जबरा, धन शमशेर र भट्टराई कृष्ण प्रसाद (अनु.)(वि.सं. २०२८), *ब्रतबन्ध पद्धति,* काठमाडौंः रथि धनशमशेर जबरा ।

पाण्डे, राजवली (१९७८), *हिन्दु संस्कार, सामाजिक तथा धार्मिक अध्ययन,* वाराणसीः चौखम्बा विद्याभवन ।

पाण्डे, डा. राजवली (१९८८), *हिन्दु धर्मकोश,* लखनउ भारतः उत्तरप्रदेश हिन्दी संस्थान ।

पोद्दार, हनुमानप्रसाद (वि.सं.२०६९), *श्रीमद्भगवत् गीता,* गोरखपुरः गीता प्रेस ।

मैठाणी, चतुर्वेदी र शर्मा दिवाकर (१९६४), *गोत्र प्रवर्द्धिपिका,* गढवालः लेखक स्वयं ।

बस्न्यात, जितेन्द्र (वि.सं. २०४०), *हाम्रो ब्रह्मचर्य एक चिन्तन,* काठमाडौंः लेखक स्वयं ।

बज्राचार्य, मुनिन्द्ररत्न (वि.सं.२०७६), *नेपाली चाडपर्वहरुको संगालो,* क्षेत्रपाटी : लिंक प्रिन्टर्स ।

बज्राचार्य, मनबज्र(वि.सं.२०२५), *नेपाली चाडपर्वहरुको विवेचना,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

पन्थी, डा. लक्ष्मीकान्त (२०१६), *हिन्दु संस्कार परिचय र विमर्श,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

पाण्डे, बद्रीदत्त (१९९७), *कुमाउका इतिहास,* अलमोडाः श्याम प्रकाशन ।

रूपाखेती, श्रीहरि (वि.सं. २०६०), *नेपाली थर गोत्र प्रवर कोश,* भोटाहिटीः रत्न पुस्तक भण्डार ।

सुवेदी, मधुसुदन(वि.सं. २०७३), *ऋषि तर्पणी पूजाविधि,* गोंगबुः परिचित छापाखाना ।

त्रिपाठी, जगन्नाथ शर्मा (वि.सं. २०६१), *श्रीकृष्ण त्रिपाठी वंशावली,* काठमाडौंः सहयोगी प्रेस ।

त्रिपाठी, प्रा.डा. वासुदेव (वि.सं. २०७१), *वंश प्रवाहप्रति शुभकामना,* नेपालः त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान ।

त्रिपाठी, लवप्रसाद (वि.सं. २०७३), *गौतम गोत्र, शाखा सूत्र र प्रवर,* नेपालः ओम वाणी, त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ.सं.१५ ।

त्रिपाठी, ढकनाथ (वि.सं. २०७३), *कालिका निवासी त्रिपाठी, एक चर्चा,* नेपालः ओम वाणी, त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ.सं. १९ ।

त्रिपाठी, जनार्दन शरण (वि.सं. २०७३), *ब्रह्मर्षि गौतम र त्रयम्बकेश्वरको महिमा,* नेपालः ओम वाणी, त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ.१० ।

त्रिपाठी, चन्द्रप्रसाद, (वि.सं. २०७५), *सामवेदी गौतमगोत्री त्रिपाठीको इतिहास,* नेपालः ओम वाणी, त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ.१२ ।

त्रिपाठी, लवप्रसाद (वि.सं. २०७१), *सामवेदीका कुलदेवता र पूजा परम्परा,* नेपालः वंशप्रवाह, त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ. ४२ ।

त्रिपाठी, ठाकुरप्रसाद (वि.सं. २०७१), *गौतमगोत्रीय वंश परम्परा, नेपालः वंशप्रवाह,* त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ. २६ ।

त्रिपाठी, बलराम (वि.सं. २०७१), *मलेखुका त्रिपाठी बन्धुहरूको कुलदेवता पूजाविधि,* नेपालः वंशप्रवाह, त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ. १४ ।

त्रिपाठी, जनार्दन शरण (वि.सं. २०७१), *ब्रह्मर्षि गौतमको पृष्ठभूमि,* नेपालः वंशप्रवाह, त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ. १ ।

त्रिपाठी, श्रीकृष्ण (वि.सं. २०७१), *महर्षि गौतम र गौतम गोत्रीय सामवेदी,* नेपालः वंशप्रवाह, त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ. ६२ ।

तिवारी, झलकापाणी (वि.सं. २०७६), *महर्षि गौतम, न्याय दर्शनमा हामी त्रिपाठीहरू,* नेपालः ओम वाणी,त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ.४६ ।

तिवारी, विदुरराज (वि.सं. २०७६), *त्रिपाठी, तिवारीको संक्षिप्त चिनारी,* नेपालः ओम वाणी, त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ. ५४ ।

तिवारी, ईश्वर प्रसाद (वि.सं. २०७१), *गौतमगोत्रीय तिवारीहरूको प्रादुर्भाव एवं नेपाल आगमन,* नेपालः वंशप्रवाह, त्रिपाठी/तिवारी राष्ट्रिय प्रतिष्ठान, पृ.३६ ।

शास्त्री, माधव र शास्त्री, श्रीकण्ठ (वि.सं. २०४०), *क्यों ? (धर्मदिग्दर्शन, प्रथम र द्वितीय भाग),* दिल्ली : माधव विद्याभवन ।

Atkinson, Et. M. (1974), *Kumau Hills,* NewDelhi: Cosmo Publication.

Dahal, K. (2021), *River Culture in Nepal*, Nepalese Culture (A Peer Reviewed Journal) Vol-XIV.

Dani, A.H and Thapar B.K. (1992), *The Indus Civilization : History of Civilization of Central Asia*,

Indraji, BhagawanLal (1881), *An Inscription of Gaya*, The Indian Antiquary Vol. 10.

Paris:UNESCO Publishing.

Pandey, R.K. (B.S. 2043), *Geography of Nepal*, Lalitpur: Centre for Altitude Geography.